कान्तिपुर पब्लिकेशन्स (प्रा.) लि.

सूचना र मनोरञ्जनको सँगालो

# साप्ताहिक

saptahik.ekantipur.com

● वर्ष २५ ● अंक १० ● FRIDAY, 19 JULY 2019 ● काठमाडौं शुक्रबार, साउन ०३, २०७६ ● पृष्ठ ३२ ● मूल्य रु. १५/-



# फ्यान्ट्यासी हिरोज



मध्यपृष्ठमा

## आयुष्मा बज्राचार्य



## जुम इन




# ब्रान्ड एम्बेसडर प्रकाश

लोकगायक प्रकाश सपूत 'डिएनए क्लोथिङ' ब्रान्डको एम्बेसडर नियुक्त भएका छन् । दुई वर्ष पहिले बजारमा आएको कपडाको ब्रान्ड डिएनएले एक वर्षका लागि एम्बेसडर नियुक्त गरेपछि प्रकाशले भने- 'डिएनएसँग जोडिनु मेरा लागि ठूलो सफलता हो ।'
'उनको जिकिर छ- 'म यो ब्रान्डसँग जोडिनुको मुख्य कारण देश-विदेशमा छरिएर रहेका युवाहरूसँग अझ नजिकिऊँ भन्ने पनि हो ।'

# नन्दमाया 'ठाडोभाका सम्राज्ञी'

गण्डक क्षेत्रमा चर्चित तथा पछिल्लो समय लोपोन्मुख ठाडोभाकाका वरिष्ठ गायिका नन्दमाया दुरालाई ६८ वर्षको उमेरमा 'ठाडोभाका सम्राज्ञी' को उपाधिले सम्मान गरिएको छ । यसअघि ठाडोभाकाका मूर्धन्य व्यक्ति भेडीखर्के साइँला (दीर्घराज अधिकारी) लाई नागरिकस्तरबाट 'ठाडोभाका शिरोमणि'को उपाधि प्रदान गरिएको थियो । पहिले देउबहादुर दुरा र पञ्चैसुब्बा गुरुङले यो भाका प्रचलनमा ल्याए पनि त्यसलाई देशविदेशमा फैलाउने काम भने भेडीखर्के साइँलाले गरेका थिए । अहिले ठाडोभाका गायनबाट यसको संरक्षण एवं संवर्द्धनमा पुऱ्याएको योगदानको कदर गर्दै लमजुङमा गठित ठाडोभाका लोककला प्रतिष्ठान नेपालले नन्दमायालाई सम्मान गरेको हो । प्रतिष्ठानका अध्यक्ष नवराज पहाडीका अनुसार सुन्दरबजार नगरपालिका-११, सिन्दुरेकी नन्दमायाले १२ वर्षको उमेरदेखि ठाडोभाका गाउँदै आएकी छिन् ।






# झापाकी निकिता मिस टिन भारत

नेपाली चेली निकिता थापामगरले 'मिस टिन भारत' को उपाधि जितेकी छिन् । झापा, मेचीनगर नगरपालिका-५, नकलबन्दाकी १७ वर्षीया थापाले भारतका ३० वटा प्रान्तका सहभागीहरूलाई उछिनेर उक्त उपाधि हात परेका हुन् ।

भारतको राजधानी दिल्लीमा सम्पन्न 'मिस टिन भारत' की विजेता थापाले काँकरभिट्टा क्याम्पसबाट कक्षा १२ को परीक्षा दिएकी छिन् । भारतीय सौन्दर्य प्रतियोगितामा नेपालकी चेलीले प्राप्त गरेको यो ठूलो सफलता हो ।

निकिताले 'मिस टिन भारत'को उपाधिसँगै १ लाख ६० हजार नगद प्राप्त गरेकी छिन् भने अमन गान्धी फिल्म प्रोडक्सनले आफूसँग चारवटा म्युजिक भिडियो तथा एउटा सर्ट मूभिमा अभिनयको सम्झौता गरिसकेको निकिताले बताइन् ।

## YouTube ट्रेन्डिङ

| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |
|---|---|---|---|---|---|---|---|---|---|
| वार टिजर | दमदार खेलाडी | पापी बाबु | छवि शिल्पा घरझगडा | रामकहानी | दयालु | शिल्पाले दिइन् छविलाई | भद्रगोल | न्युजिल्यान्ड भर्सेस इंग्ल्यान्ड | सुई काण्ड |
| च्यानल | च्यानल | च्यानल | च्यानल | च्यानल | च्यानल | च्यानल | च्यानल | च्यानल | च्यानल |
| वाई आर एफ | आदित्य फिल्म | क्लासिक नेपाली | सूत्र टिभी | बूढासुब्बा | पेन मुभिज | न्युज फिल्मी | मिडिया हब | आईसीसी | कलेज नेपाल |


कसैको मन जित्नु नै छ भने प्रेमले जित, घमन्डले त पाउने होइन गुमाउने मात्र हो ।
**दीपिका**

पहिले मलाई छविराजले नोट दियो गनी-गनी, अहिले मलाई छविराजले चोट दियो गनी-गनी... ।
**विनोद पोखरेल**

साउन लाग्यो भन्दैमा पूरै हरियै भएर नहिँड है नानी हो, गाईवस्तुले लखेट्लान् ।
**पवित्रा सापकोटा**

बिहान उठेर हेर्छु त सबै साथीभाइ बूढा भैसकेछन् ।
**आशिफ शाह**


संयुक्त राष्ट्रसंघले स्वीकार नगरे पनि हाम्रा आफ्नै खाले केही मौलिक दिवस छन् । अन्तर्राष्ट्रिय लुतो फाल्ने दिवस तीमध्येको एक हो– सबैलाई शुभकामना ।
**अनिल गिरी**






**पुनर्निमाणको अन्तिम चरणमा :** त्रिपुश्वरस्थित दशरथ रंगशाला पुनर्निर्माणको अन्तिम चरणमा पुगेको छ । रंगशालामा दौडका लागि प्रयोग हुने भागमा सिन्थेटिक ट्र्याकसमेत हालिएको छ । यसले गर्दा रंगशाला आकर्षक बन्दै गएको जानकारी डिसीनेपाल डटकमले दिएको छ ।


## रोचक

प्ले स्टोरमा एक साताअघि केही फिचरमात्र थपेर रिलिज गरिएको फेस एप एप्लिकेसन सामाजिक सञ्जालमा भाइरल भएको छ । प्ले स्टोरबाट १० करोड पटक डाउनलोड भैसकेको यो एप सन् २०१७ को भ्यालेन्टाइन डेमै लन्च गरिएको थियो । यो एपमार्फत कुनै पनि तस्बिरको केस, ब्याकग्राउन्ड, जेन्डर तथा उमेर परिवर्तन गर्न सकिन्छ । सामाजिक सञ्जाल प्रयोगकर्ताहरू अहिले यही एप प्रयोग गरेर रमाइरहेका छन् । मंगलबारदेखि फेसबुक तथा ट्वीटरमा धेरै जनाले यो एप प्रयोग गर्दै आफूलाई बूढो देखाउने प्रतिस्पर्धा गरिरहेका छन् ।







## यहाँ यस्तै छ...

आर्थिक वर्ष ०७५/७६ पूरा हुनुभन्दा चार-पाँच दिनभित्र सारा भुक्तानी गर्ने गलत प्रचलनअन्तर्गत यसपटक पनि सरकारले ४६ हजार चेक काटेको छ । आर्थिक वर्षको अन्तिम तीन दिनमा सरकारले ७६ अर्ब २१ करोड रुपैयाँ भुक्तानी गरेको बताइएको छ । रकम भुक्तानीका लागि असार मसान्तका दिन राति १२ बजेसम्म बैंक खुला गरिएका थिए ।



KANTIPUR PUBLICATIONS PVT. LTD.

KMG
KANTIPUR MEDIA GROUP

कान्तिपुर को
# करोडपति
सिजन-३
बन्नो ग्राहक त फेरि करोडपति

कान्तिपुर राष्ट्रिय दैनिक वा द काठमाडौं पोष्टको
वार्षिक ग्राहक बन्नुहोस् र लक्की ड्र बाट जित्नुहोस्

**१० लाख** मासिक पुरस्कार
**१ करोड** बम्पर पुरस्कार
**१ लाख** साप्ताहिक पुरस्कार

* शर्तहरु लागु हुनेछन् ।

पक्का पुरस्कार
• शिखर ईन्स्योरेन्सको रु.५ लाखको दुर्घटना बीमा • स्वास्थ्य बीमामा रु.७५० छुट

Shikhar Insurance
Happysurance

स्क्र्याच कार्ड मार्फत् रु.२०० देखि रु.२५०० सम्मको छुटका साथै जित्न सक्नुहुनेछ



BALTRA एलइडी टिभी. | ASUS ल्यापटप | स्मार्ट फोन | ब्लुटुथ स्पीकर | वायरलेस हेडफोन | स्मार्ट वाच

**ग्राहक अवधि बाँकी रहेकाहरुले पनि समय बढाएर यस योजनामा सहभागी हुन सक्नुहुनेछ । "जति छिटो ग्राहक बन्नुहुनेछ, जित्ने मौका त्यति नै बढ्नेछ ।"**

कान्तिपुर राष्ट्रिय दैनिक वा द काठमाडौं पोष्टको वार्षिक ग्राहक बन्नको लागि SUB<space> आफ्नो नाम टाइप गरी ३८०८० मा पठाउनुहोस (NTC प्रयोगकर्ताकालागि मात्र) । एस.एम.एस र अनलाईन सब्सक्रीप्सनका लागि २४ घण्टा भित्र विस्तृत विवरण सहित हाम्रा प्रतिनिधिहरुले तपाईंलाई सम्पर्क गर्नेछन् ।

We Accept
fonepay payments फटाफट

KANTIPUR DAILY
THE KATHMANDU POST

1 Open your mobile banking / eSewa app
2 Scan this code, confirm the payment details and make quick payment.


eSewa
www.esewa.com.np

कान्तिपुर kathmandupost

टोल फ्रि नम्बर: १६६० ०१ २२२२२ (NTC), ९८०१ ५७ २२२२ (Ncell) काठमाडौं: शिशिर राज पाण्डे ९८४११६६७८४, राम कृष्ण घिमिरे ९८५१०९८९४४ चितवन: शंकर न्यौपाने ९८५६०४४१४० पोखरा: राजेश पौडेल ९८५६०२५८८५, नेपालगंज: अशोक श्रेष्ठ ९८५८०३०६७७, विराटनगर: अनुज लाल कर्ण ९८५२०२८१२३

कान्तिपुर गाथा

# प्रसंगमा ट्राफिक बत्ती



किशोर नेपाल



तस्बिर : नवराज बाग्ले

सडकका चौबाटामा जब पहेंला रंगका ट्राफिक बत्ती धिपिक-धिपिक बल्न र निभ्न थाल्छन्, त्यसको अर्थ हुन्छ– रोकी, हेरी, जानु । यस्ता बत्तीलाई संकेत बत्ती पनि भनिन्छ क्या रे । विदेशतिर यस्ता संकेत बत्ती पैदल यात्रीले बाटो काट्ने हरेक मोड, गल्लीका मुख र सडकको चेपमा राखिएका हुन्छन् । अब हाम्रो देशमा संकेतबत्तीको आवश्यकता संघीय राजधानी सहरभन्दा पर छैन । राजधानीमा गुड्ने मोटरका लागि नै पर्याप्त संकेत बत्ती नभएको अवस्थामा अरू सहरमा संकेत-बत्ती राख्ने त कुरै नगरे भयो । राजधानी सहरमा संकेत बत्तीको माग बढ्दै गएको छ । कान्तिपुरका इन्टरसेक्सनहरू खतरनाक रहेको तथ्य ट्राफिकले नबुझेको छैन । अहिलेसम्म विदेशी सहयोग र स्वदेशी प्रयासबाट जहाँजति स्वचालित संकेत बत्ती राखिएका थिए, ती सबै बिग्रिइसके । ट्राफिक बत्तीको नियन्त्रण ट्राफिकले गर्ने भए पनि त्यसको स्वामित्व सडक विभागमा छ । अब, बजेट सक्नै धौ-धौ पर्ने सडक विभागले कहाँबाट राखोस्, पैदल यात्रीका लागि संकेत बत्ती ?

राजधानी सहर कान्तिपुरमा सबैभन्दा पहिले कुन चौबाटोमा संकेत बत्ती राखिएको थियो, त्यसको यकीन ज्ञान भएन । सिंहदरबार चौबाटोमा राखिएको संकेत बत्ती भने निकै आश्चर्यजनक थियो । त्यो बत्ती स्वचालित थिएन, तर स्वचालित होइन कसैले भन्दैनथ्यो । कहाँबाट रातो, पहेंलो र हरियो रंगका संकेत बत्तीको स्विच अन हुन्थ्यो त्यो पत्ता लगाउन कठिन थियो । वास्तवमा बग्गीखानामा रहेको ट्राफिक अफिसको छतमा बनेको क्याबिनमा बसेर ट्राफिक प्रहरीले बत्ती बाल्दै र निभाउँदै सवारी नियन्त्रण गर्थे । यो कुरा निकै पछि मात्र थाहा भयो । त्यहाँको बत्ती देखेर पैदल यात्रु र चालकहरू दुवै दंग पर्थे । अहिले त्यो समय छैन । कान्तिपुर संसारका सहरहरूमा एक भनेर गनिन्छ । सहर साँघुरो छ । सहरभन्दा पनि बाटा-घाटा साँघुरा छन् । सडकको मर्मत-सम्भार असार महिनामा गर्ने चलन छ । त्यसैले सडकहरू कहिल्यै सफा रहन पाउँदैनन् । ट्राफिक व्यवस्था गज्जबको छ, निकै आधुनिक । ट्राफिक पोस्टमा रातो, पहेंलो र हरियो बत्ती नबले पनि ट्राफिक प्रहरीहरू चलाख छन् । जस्तो, जय नेपाल चित्रघर नजिकको ट्राफिकले हेडक्वाटरबाट सवारी निस्किएको थाहा पाउनेबित्तिकै त्यो रुट खुला गर्छ । बालुवाटारस्थित सरकारी निवासबाट प्रधानमन्त्री खड्गप्रसाद ओली ११ बजे बालकोटस्थित निजी निवास जाने खबर आयो भने बिहान आठै बजेदेखि ट्राफिक सतर्क हुन्छ ।

संकेत बत्ती नबलेर ट्राफिक प्रहरीलाई फाइदा भएको छ भन्ने जनविश्वास चारैतिर व्याप्त छ । यसले गर्दा ट्राफिक प्रहरीको शारीरिक सफाइ बढेको छ । व्यायाम, चस्मा र पलुसन तथा पपुलेसन धान्ने किसिमको व्यक्तित्व बन्दैछ ट्राफिक पुलिसको । मापसे नियन्त्रणबाट भएको अकुत आम्दानीका कारण ट्राफिक मात्र होइन, अरू प्रहरी पनि खुसी छन् । कम्तीमा पनि, देशको राजधानी कान्तिपुर सहरमा प्रहरीले घुस नखाने र मापसेवालालाई छुटाउन कसैको पावर नलाग्ने क्षेत्र बनेको छ मापसे नियन्त्रण । यो अभियानमा नाम र नगद दुवै कमाउने प्रहरी ट्राफिक नियन्त्रणमा भने नराम्रोसँग चुकेको छ ।

ट्राफिक नियन्त्रणका प्रश्नमा सबैभन्दा पहिले पशुपति गौशाला क्षेत्रलाई नै हेरे पुग्छ । त्योभन्दा बेथितिको अर्को क्षेत्र चाबहिल जानै पर्दैन । मुख्य सहरबाट ज्ञानेश्वर हुँदै गौशालाको उकालो उक्लिने सवारीहरू बायाँ चाबहिलतिर, सोझै पशुपतितिर, अझ सोझै एयरपोर्टतिर र दायाँ बत्तीसपुतली र बानेश्वरतिर लाग्छन् । यतिसम्म त ठीकै छ, तर यति ठूलो चौबाटोमा ट्राफिक प्रहरीले 'पैदल पथ पारकर्ता' नेपाली नागरिकको सुरक्षाका लागि कुनै प्रबन्ध गरेको छैन । हाम्रा ट्राफिक प्रहरीलाई कान्तिपुर सहरका सवारी चालकहरू पैदल पथ पारकर्ताको अधिकारमा रहेको भनिने जेब्रा क्रसिङमा पनि ६० को गतिले सवारी चलाउँछन् भन्ने थाहा नभएको होइन, तर त्यसले के हुन्छ ? ट्राफिक प्रहरीको दिमागमा सडक गाडी चालकको अधिकारमा हुन्छ भन्ने सूत्र टाँसिएर बसेको छ । बर्दी फुकाले पछि त ट्राफिक प्रहरी पनि सामान्य मानिस हुने हुन् । त्यतातिर उनीहरूको चिन्ता देखिँदैन । मानौं कि उनीहरूको परिवारका सदस्यहरूले कहिल्यै बाटो काट्नु पर्दैन ।

कान्तिपुरमा अथाह भीडभाड हुने चौबाटाहरूमा थापाथली, सिंहदरबार, कृष्ण पाउरोटी चोक, गौशाला, पुरानो, मध्य र नयाँबानेश्वर, कोटेश्वर, चाबहिल, नारायण गोपाल चोक, नारायणहिटी चोकलगायत सबै साँघुरा र कोचेग्रा सडक हुन । सहरको कुनै भागको सडक पनि एकनासले राम्रा र सुन्दर छैनन् । त्यसैले पनि यातायातको आगमन र निर्गम सुगम छैन । जसले जे भने पनि कान्तिपुर गरिब जाति र जनजाति नेपालीको बस्ती हो । त्यसको प्रमाण यहाँ मोटरको भन्दा मोटर साइकिलको भीड बढी छ । मानिसहरू सधैं दौडमा छन् । कान्तिपुरमा खैनी जर्दाको खपत कति हुन्छ ? भन्ने कुरा जान्न अन्त कतै जानु पर्दैन, बसस्टप गए पुग्छ । राता-राता पोलिप्याकमा आएका जर्दा र खैनीका बोक्राहरूले बसस्टपको धर्ती आच्छादित भएको दृश्य देखिन्छ ।

संसारका सबै बसस्टप उस्तै हुँदैनन् । कान्तिपुरका फरक हुन्छन् । ट्राफिक प्रहरीको कुरा पनि त्यस्तै हो । ट्राफिक बस्ने चौबाटोमा संकेत बत्ती राख्दा चौबाटो पनि सुन्दर देखिने र ट्राफिकले पनि अलिकति सुख पाउने कुरा असत्य होइन । अहिले सहरलाई बढी बैज्ञानिक सहर बनाउने बेला छ । यतिबेला बसस्टप, जेब्रा क्रसिङ तथा सवारीको गतिजस्ता कुरालाई नियमको घेरामा ल्याउँदा नराम्रो होला र ?

## पाठक मञ्च




मोटाहरूले पनि मोडलिङमा (अब मोडलिङमा मोटाहरू) चासो देखाएको कुरा रमाइलो लाग्यो । अब भने मोटाहरूको पनि दिन आउने भयो । हुन त इच्छा शक्ति भए केही कुराले छेक्दैन ।

**रविन केसी**

राम्रो कुरा हो । शरीरका कारणले मात्र सिर्जना र सपनामा (अब मोडलिङमा मोटाहरू) बाधा सिर्जना हुनुहुँदैन । अबदेखि सबैजना आ-आफ्नो ठाउँबाट यसैगरि अघि बढ्नुपर्छ ।

**समिर अछामी**






शैली फेरिएर आनन्द भएको छ । जहिल्यै एकै खालका टेलिश्रृंखला हेर्दा-हेर्दा हैरानै भएको थिएँ म त । अहिलेको हँसाउने तरिका (फेरिँदै हसाउने शैली) पहिलेको तुलनामा राम्रो छ ।


**आत्मराम पण्डित**

वर्षौंदेखि एकै प्रकारका टेलिचलचित्र हेर्दा-हेर्दा वाक्क भएका दर्शकहरूले अहिले हास्य क्षेत्रमा आएका विभिन्न किसिमका (फेरिँदै हसाउने शैली) आयामहरूले गर्दा केही राहत महसुस गरेका छन् । यसरी नै समय अनुसार सबै चिजमा परिवर्तन आउनुपर्छ ।

**विवेक भण्डारी**

सधैंजसो नेपाली लोकेसनको मात्र फोटो आउने साप्ताहिकमा (ब्लो अप) यस पटक भने लण्डनको लोकेसनसहितको तस्बिर आउँदा निकै रोचक र राम्रो लाग्यो । यस्तै रमाइला अनि फरक खालका तस्बिर प्रकाशित गर्दै जानुहोला ।

**सीमा ढकाल**



उता श्रीलंकामा पनि यता नेपालमा पनि । जतातते अवार्ड (स्वस्तिमालाई अवार्ड) नै अवार्ड । दुवै हातमा लड्डु भनेको यहीं होला । अब चाहिँ स्वस्तिमाको दिन सुरु भए जस्तो छ । धेरै-धेरै बधाई स्वस्तिमालाई ।

**मुकेश तामाङ**

twitter follow us on twitter.com/saptahik

SMS मार्फत प्रतिक्रिया
SF(space) दिएर आफ्नो प्रतिक्रिया टाइप गरी नामसहित 8080 मा पठाउनुहोस् ।

Like us on Facebook
facebook.com/kantipursaptahik

मुक्त आकाश



अविरल थापा

# सम्बन्ध-विच्छेद !

सम्बन्ध अर्थात् समान तरिकाले अनुबन्ध भएको वा जोडिएको कुरा। कसको कोसँग कतिखेर सम्बन्ध जुट्छ र कसको कतिखेर के भएर सम्बन्ध टुट्छ दैवलाई पनि थाहा हुँदैन। अक्सर मानिसहरू समान स्वार्थका कारण नजिक हुन्छन्। आपसी फाइदा र विश्वास छउन्जेल मानिसको सम्बन्ध सुमधुर नै रहन्छ। सम्बन्धमा आर्थिक कुराको पनि उत्तिकै महत्व हुन्छ। जे पाउनका लागि सम्बन्ध बनाइएको थियो त्यो नपाएपछि सम्बन्ध टुट्छ।

सम्बन्ध साथी-साथीको, पति-पत्नीको, बा-आमा र छोरा-छोरीको, आफन्तसँगको, साझेदारको, प्रेमी-प्रेमिकाको, दाजुभाइ-दिदीबहिनीको अनेकन हुनसक्छ। सबै सम्बन्ध विश्वासमा चल्छन्। सधैं काम गर्ने कुरा आदानप्रदान गर्ने साथीले घात गर्‍यो भने, नराम्रो कुरामा फसायो भने साथी-साथीबीचको सम्बन्ध बिग्रन्छ। अनावश्यक शंका, हेपाहा व्यवहार, माया नगर्ने, व्यक्तिगत स्वतन्त्रताको अभाव, यौन असन्तुष्टि र बाह्य सम्बन्ध, आर्थिक कुरामा किचकिच आदि कारणले पति-पत्नीको सम्बन्ध बिग्रन्छ। अक्सर आर्थिक लेनदेनका कारण आफन्तसँगको सम्बन्ध बिग्रन्छ। एक-अर्कालाई दोषारोपण, बेइमानीका कारण साझेदारबीच दरार आउँछ। आफ्ना कुरा मात्र लाद्न खोज्ने, हेरचाह नगर्ने, काम र पढाइ तथा जीवनसाथी रोज्ने मामिलामा स्वतन्त्रता नदिनुका कारण अभिभावकहरूसँगको सम्बन्ध बिग्रन्छ। धन-सम्पत्तिको बाँडफाँडका कारण दाजुभाइको सम्बन्ध बिग्रन्छ। आपसी विश्वास एवं चाहना, अनावश्यक महत्वाकांक्षा तथा स्वार्थका कारण प्रेमसम्बन्ध समाप्त हुन्छ।

कुनै दिन तिमीबिना बाँच्न सक्दिन भनेको मान्छे अचानक अब म तिमीसँग बाँच्न सक्दिनँ भन्ने मोडमा कसरी पुग्छ? झट्ट हेर्दा एकैदिनमा एकैछिनमा सम्बन्ध बिग्रियो, सक्कियो भनेजस्तो लाग्छ तर निर्णायक मोडमा आउनुअघि अनेकन् घटना घटिसकेका हुन्छन्। अरूले हेर्दा केही नदेखिए पनि दुई जनाको हृदयमा अनेकचोटि बाढी-पहिरो गैसकेको हुन्छ। थाम्नै नसकेपछि, बाँध्नै नसकेपछि एक दिन अचानक त्यो विस्फोट हुन्छ र आवरणमा सुमधुर देखिएको सम्बन्ध अनायास टुक्रा-टुक्रा हुन्छ। कहिलेकाहीं अरूको लहैलहै र बहकाउमा लाग्दा पनि राम्रो सम्बन्ध बिग्रन्छ। सम्बन्धमा टकराव आएपछि अरूको कुराको पछि लाग्नुभन्दा पहिले दुई जना आपसमा बसेर दिल खोलेर कुरा गर्नु हितकर हुन्छ। तेस्रो व्यक्तिले वातावरण मिलाइदिन सक्छ तर दुई जनाको अन्तरंग कुरा र सम्बन्धका अनेक अवयव र आयाम उसलाई थाहा हुँदैन। दुई जनाबीच खास के भएको थियो भन्ने कुरा दुई जनालाई मात्र थाहा हुन्छ। मानिसले अरूलाई कहिल्यै पूरा कुरा सुनाउन सक्दैन, केही न केही लुकाएरै सुनाउँछ, असली पाण्डुलिपि त उसले हृदयमै लुकाएर राखेको हुन्छ। त्यसैले दुई जना आपसमा मन माझेर कुरा गर्दा कतिपय पटक ठूलो लागेको कुरा बाफ भएर जान्छ। लेखेर कुरा गर्नु, फोनमा कुरा गर्नु र भेटेर आँखा जुधाएर कुरा गर्नुमा फरक हुन्छ। भेटेर कुरा गर्दाको आत्मीयता र सद्भाव बेग्लै हुन्छ। एक-अर्कालाई देखेरै, आँखाको भावले वा बोलीले कतिपय कुरा त्यसै दूर हुन्छ।

आफूले भनेजस्तो मात्र हुनुपर्छ, गर्नुपर्छ भन्ने सोचले धेरै कुरा बिगार्छ। उमेरअनुसार मानिसका इच्छा चाहना हुन्छन्। उमेर अन्तर भएका प्रेमील जोडीले एक-अर्काको उमेरको ख्याल र आवश्यकता विचार गर्ने हो भने समस्या टरेर जान्छ। शंका झगडाको बीउ हो, सकभर उम्रन नदिएकै जाती हुन्छ। शंकाले लंका जलाउन बेर लाउँदैन। अर्काको प्रगति देखेर डाहा गर्दा र त्यस्तै हुनुपर्‍यो भनेर रातारात उचालिँदा र अनावश्यक दबाब दिँदा सम्बन्धमा तनाव निम्तिन्छ। सकेको मेहनत र इमानले आर्जन गर्दै हैसियत बढाउँदै रमाउँदै अघि बढ्नु बुद्धिमानी हुन्छ। म ठूलो हुँ, तँ सानो होस्, म यस्तो खानदानको, म धेरै पढेको, बुझेको, म धनी भनेजस्ता अहंले पनि सही परिणाम ल्याउँदैन। एक-अर्काको अस्तित्व र प्राप्तिलाई सम्मान गरे कहिल्यै कालो मुख लाउनु पर्दैन। आफ्नो जोडीसँग असन्तुष्ट भएर राखिने बाह्य सम्बन्धले सदैव संकट पैदा गर्छ। एक-अर्कासँग नपाएका कुरा, अपेक्षा, असन्तुष्टि आदिमा खुलेर कुरा गर्‍यो भने अरुको सहारा लिएर आफ्नो घरपरिवार बिगार्ने परिस्थित सिर्जना हुँदैन।

कुनै पनि मानिस सर्वगुण सम्पन्न र पूर्ण हुँदैन। सबै कुरा जिन्दगीमा एकैचोटि कसैले पनि पाउँदैन। कर्म गर्दै गएपछि भाग्यले पनि साथ दिँदै जान्छ र मानिसले आफूलाई चाहिने कुरा जोड्दै जान्छ। मायाप्रेम, विवाह आफ्नै उमेरको सँग, कम उमेरको सँग वा बढी उमेरको सँग पनि हुनसक्छ, त्यो ठूलो कुरा होइन, तर सम्बन्धको सम्प्रभुताचाहिँ समान हुनपर्छ। एउटा आगो हुँदा अर्को पानी हुन सके झगडाको आगो निभ्छ। अरूले सदैव राम्रै सोच्छन् भन्ने हुन्न उचालेर पछारेर सम्बन्ध बिगार्दिन खोज्नेहरू पनि हुन्छन् सचेत रहनेपर्छ।

आफन्तसँग आर्थिक कारोबार गर्दा सय पटक सोच्नुपर्छ। रकम सानो-ठूलो हुन सक्छ तर परिणाम भयानक आउन सक्छ। पैसाले कसको कतिखेर बोलचाल खुलाउँछ र बन्द गराउँछ, चन्द्रेको बाउ इन्द्रेलाई पनि थाहा हुँदैन। छोराछोरीका कुरा सुनौं, बाबुआमाका कुरा सुनौं, साथीभाइ तथा साझेदारका कुरा सुनौं, कुरा गरौं, सबै समस्याको हल निस्कन्छ।

आगो जोगाउन र सम्बन्ध जोगाउन प्रेमको हावाले जिन्दगीभर फु-फु गरिरहनेपर्छ। सम्बन्धमा खुसी नभएको मानिस कहिल्यै चैनले कर्म गर्न र निदाउनसक्दैन।

Facebook com/abeeralthapa
Twitter@abeeralthapa





# क्यान विवाद अल्झाउनेहरूलाई अपराधी घोषित गर्छु

रमेश सिलवाल गत सातामात्र राष्ट्रिय खेलकुद परिषद्का सदस्य सचिव नियुक्त भएका हुन् । नेपाली खेलकुदको मुख्य गभर्निङ बडी खेलकुद परिषद्को नेतृत्वले ल्याउने योजना, कार्यक्रमजस्ता कुराले समग्र देशको खेलकुदको भविष्य निर्धारण गर्छ । यसअघि नेपाल क्रिकेट संघ (क्यान) को विभिन्न पदमा रहेर जिम्मेवारी निर्वाह गरिसकेका सिलवालसँग जनक तिमिल्सिना तथा महेश तिमल्सिनाले गरेको कुराकानी :

तस्बिर : नवराज बाग्ले

**राष्ट्रिय खेलकुद परिषद्को सदस्य सचिव नियुक्त हुनुभयो । के गर्ने योजना बनाउनुभएको छ ?**

तत्काललाई मेरो एक सूत्रीय एजेन्डा १३ औं साग गर्ने हो । किनभने, यो हामीले तेस्रो पटक सारिसक्यौं, अब सार्नु हुन्न । अन्तर्राष्ट्रिय जगतमा नेपालको बेइज्जत गर्ने होइन, नेपालको सम्मान बढाउनुपर्छ । त्यसैले यसैलाई आफ्नो मेरो पहिलो प्राथमिकतामा राखेर काम अघि बढाएको छु । सागपछि नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता छ, त्यसको तयारीमा पनि लाग्नुपर्छ ।

**साग तीन पटक सर्नुको मुख्य कारण पूर्वाधारलाई मानिँदै आएको छ । अहिले पनि पूर्वाधार तयार भैसकेको छैन । झन्डै ५ महिनामा साग गर्न सम्भव छ ?**

छ, त्यसलाई मैले क्यालेन्डर बनाएरै अघि बढाउन खोजिरहेको छु । सम्भवः नभए म भन्दिनँ । मैले सबै ठाउँ गएर भ्याएको छु । मेरो वर्किङ स्टाइल अरुको भन्दा फरक छ । मैले क्यालेन्डर बनाएर कुन दिन के गर्ने ? कसो गर्ने ? भन्ने कुरा पास गरेर त्यही अनुसार काम सुरु गरेको छु । मैले सबै काम सक्ने अन्तिम समय कात्तिक १५ दिएको छु । त्यसभन्दा पछाडि पनि हामीसँग एक महिना समय हुन्छ । कात्तिक १५ गतेभित्रै यतिका काम कसरी सम्पन्न गर्ने भन्ने सेड्युल बनाएरै हिँडेको छु । त्यसैले सकिदैन भन्ने मलाई लाग्दैन । यदि कुनै कारणवश कात्तिक १५ भित्र सकिएन भने १५ दिन बढेर मंसिरसम्म सकियो भने हाम्रो गेम त मंसिर १५ देखि हो । हामी त्योबीचको समय पनि उपयोग गर्न सक्छौं । यद्यपि चुनौतीपूर्णचाहिँ छ, वर्षा छ, मैले चाहेर पनि पानीलाई डाइभर्ट गर्न सक्दिनँ । दसैं, तिहारजस्ता चाडबाड छन्, त्यसलाई इग्नोर गर्न सकिँदैन । यी पक्षमा पनि विचार पुर्‍याउनुपर्छ, होइन भने सम्भव छ ।

**सागका मुख्य चुनौती के छन् ?**

एउटा मात्र चुनौती छैन् । एउटा पूर्वाधार विकासको चुनौती छ । अर्को खेलाडीलाई विकास गर्नुपर्ने, खेलाडीलाई स्वदेश तथा विदेशमा प्रशिक्षण दिनुपर्ने, क्लोज क्याम्पमा राख्नुपर्ने आदि चुनौतीहरू छन् । अहिले प्राक्टिस गर्ने ठाउँ पनि छैन । आर्थिक एवं प्रशासनिक व्यवस्थापनको अर्को चुनौती छ । यो त पहिलो चरणका चुनौतीहरू हुन् । दोस्रोमा हामीले सुरक्षा, होटल व्यवस्थापनलगायतका सबै चुनौती फेस गर्नुपर्नेछ । यो प्रतियोगितामा झन्डै-झन्डै १० हजार जनाको इन्भलमेन्ट हुन्छ । खेलाडी, प्रशिक्षक, अफिसियल, पत्रकार, दर्शक आदि सबैको व्यवस्थापन मिलाउनुपर्ने चुनौती छ । यससँगै गासिएको समारोह (उद्घाटन र समापन) को सुरक्षा व्यवस्थापन पनि सँगै गासिएर आएको छ । ७ दिनअघि के साग हुन्छ र भन्ने अवस्था थियो, अहिले साग हुन्छ कि भन्ने अवस्थामा मिडियाहरू पुगेका छन्, यो पनि त उपलब्धि नै हो ।

**भनेपछि अबका पाँच महिना तपाईं मिसन सागमै लाग्नुहुन्छ ?**

हो, तर यतिमात्र गरेर सुख पाइँदैन । मेरो प्रमुख लक्ष्य मिसन साग नै हो । बाह्य कारणले रोकिएन भने म यसलाई सम्पन्न गर्नेमा दृढ छु ।

**यो त खेलकुद प्रतियोगिता सम्बन्धी कुरा भयो । अरु के-के गर्ने योजना छ ?**

हाम्रो पूर्वाधार मेचीदेखि महाकालीसम्मै एकदम कमजोर छ । मेरो ध्यान पूर्वाधार निर्माणमा पनि छ । निर्माणमात्र होइन, कतिपय पूर्वाधारको संरक्षण एवं संवर्द्धन गर्न पनि जरुरी छ । त्यतिन्जेलसम्म खेलकुद ऐन पनि आउँछ । ऐन आइसकेपछि ती पूर्वाधारहरू केन्द्रले समातेर बस्नु हुँदैन, पूर्वाधारहरू प्रदेश तथा स्थानीय तहलाई हस्तान्तरण गर्नुपर्छ । त्यसको संरक्षण-संवर्द्धन गर्ने दिशामा उहाँहरूको ध्यान केन्द्रित गराउनुपर्छ । त्यसबाहेक खेलकुदभित्र प्रशासनिक सुशासन प्रदान गर्ने, पारदर्शिता एवं स्वच्छतामा पनि जोड दिनुपर्ने आवश्यकता छ । यसका साथै खेलकुदमा लागेका मानिसहरूको सम्मान कसरी अभिवृद्धि गर्ने भन्ने कुरामा पनि हामीले ध्यान दिनु जरुरी देखिन्छ । अहिले विस्तारै खेल क्षेत्रलाई हेर्ने दृष्टिकोणमा परिवर्तन आउँदैछ ।

खेलकुदलाई अनुत्पादन क्षेत्र मानिएको छ, खेलकुद अनुत्पादक क्षेत्र होइन, उत्पादक क्षेत्र हो । त्यसका दुई कारण छन्, एउटा यो आमजनताका लागि पनि प्रोडक्टिभ सेक्टर हो, किनभने ऊ फिजिकल्ली फिट हुनुपर्‍यो । शारीरिक रूपमा फिट भए मात्र मानसिक रुपमा फिट हुन सकिन्छ । आमजनतालाई खेलकुदसँग कसरी जोड्ने भन्दा योग, व्यायाम, प्राकृतिक चिकित्सा, खेलकुद र संगीत, खेलकुद र जीवनजस्ता माध्यमबाट यसलाई जोड्नुपर्छ । पदक ल्याउन मात्र खेल्ने होइन, शारिरीक स्वस्थताका लागि पनि अब हामीले खेलकुदको विकास गर्नुपर्छ । अर्को कुरा यो क्षेत्रमा लागेर मेरो जिन्दगी सम्मानपूर्वक रुपमा बिताउन सक्छु भन्ने स्थिति सिर्जना हुनुपर्छ । यसलाई अर्को हिसाबले भन्ने हो भने व्यवसायिकताको विकास गर्नुपर्छ । म यो पक्षमा पनि योजना बनाउँदैछु ।

**विगत चार वर्षदेखि जारी नेपाल क्रिकेट संघ (क्यान)को विवादलाई कसरी सल्टाउनुहुन्छ ?**

मेरो पहिलो चरणको कुरा भएको छ । त्यसको परिणाम के आउँछ, आइसीसीको यो बैठकमा हेर्नेछु । क्रिकेट विवादमा आउनुपर्ने विषय थिएन तर विवादमा आइदियो । क्रिकेट विवादमा आउनुको पहिलो कारण हामीले मुद्दा-मामिला बढी रुचाउनु पनि हो । हामी नियमसंगत, कानुनसंगत ढंगमा जाँदैनौं, मुद्दा-मामिला धेरै गर्छौं । सर्वोच्च अदालत पुग्नेबित्तिकै स्टे अर्डर दिने तर मुद्दा फैसला नगरिदिने समस्या छ । ढिलो न्याय दिनु भनेको न्याय नदिनु बराबर हो । त्यसो हुँदा सर्वोच्चमा जानै भएन, गैसकेपछि छिटो फैसला गर्ने अवस्था सिर्जना गर्नुपर्छ । छिटो फैसला भएको भए अहिलेसम्म यो विवाद रहँदैनथ्यो । अहिले म आइसीसीले गर्ने निर्णय कुरेर बसेको छु । दोस्रो कुरा आइसीसीको निर्णय यदि सकारात्मक आयो भने हामी त्यो दिशामा अघि बढ्छौं । यदि आएन भने त्यहीअनुसार हामी अर्को चीज गर्छौं । अबको ६ महिनाभित्र यो विवाद सल्टिएर क्रिकेटले एउटा ट्र्याक लिन्छ । मैले ६ महिनाभित्र किन भनेको भने ४ महिना मैले सागमा केन्द्रित हुनुपर्छ, यदि सम्भव भयो भने म यही बीचमा पनि कुनै न कुनै सोलुसन निकाल्छु । विवाद गरेर हुँदैन, सोलुसन निस्कन्छ पनि । जो-जो विवादित पक्ष छन्, उहाँहरूलाई राखेर समस्याको समाधान निकाल्न म प्रयासरत छु । उहाँहरूसँग मेरो कुराकानी पनि भैरहेको छ ।

**नेपालमा धेरैतिर अतिराजनीतिकरणले समस्या सिर्जना गरिरहेको पाइन्छ । क्रिकेट संघमा पनि एउटा कारणका रुपमा त्यसैले काम गरेको हो । तपाईंले राजनीतिक पूर्वाग्रहबिना समाधान गर्नुहुन्छ भनेर विश्वास गर्न सकिन्छ ?**

म क्रिकेट संघको उपाध्यक्ष, महासचिव भैसकेको मान्छे, म त्यहाँ जाँदा राजनीति भयो र ? हिजो काम गर्दाचाहिँ त्यो राजनीति नहुने, पदमा पुगेपछि राजनीति हुने भन्ने विश्लेषण नै गलत हो । त्यसो भन्ने मानिसहरू नै राजनीति गरिरहेका छन् । मैले नेगेटिभ कुरा कोट्याउन नचाहेको मात्र हो, तर त्यहाँ भित्र हेर्ने हो भने हिजो जो-जो क्रिकेट संघमा लागे भनेर भनियो नि, फेरिहस्त हेर्नुहोस् त, अहिलेसम्म उनीहरूले क्रिकेटका लागि के-के गरे ? त्यो भन्दा अघिको इतिहास हेर्नुहोस्, हिजो हाम्रो टिम हुँदाखेरि दुई वटा अन्तर्राष्ट्रिय गेम नेपालमा हुन्थ्यो । त्यो वातावरण दुईबाट बढ्दै थियो, त्यसबीचको पिरियडमा एउटै भयो ? सर्वोच्च अदालतले सुशासन भएन, कारवाही गर भनेर निर्देशन दिएको छ । त्यो राजनीतिक पूर्वाग्रह हो ? सर्वोच्चमा कुनै पार्टीको नेता त गएका थिएनन् होला । संसद्को समितिले निर्देशन दिएको छ । त्यसमा साझा निर्देशन छ, यो वा त्यो पार्टीको होइन । भनेपछि, हामीले यी कुरामा पनि ध्यान पुर्‍याउनुपर्छ । यद्यपि अब हामीले यो पाटो छोड्नुपर्छ, एजेन्डासहित आउनुपर्छ । मैले संघलाई के दिए भन्ने मान्छे आउनुपर्छ, संघबाट मैले कति पाएँ, के पाउँछु भन्ने मान्छे होइन । जो अहिले विवादका कुरा गरिरहेका छन् ती धेरै छैनन्, ४-५ जना छन्, तिनलाई क्रिकेटका अपराधी भन्छु म ।

पृष्ठ ७ मा

पृष्ठ ६ बाट

तिनीहरूकै कारण क्रिकेट ध्वस्त भएको हो । अपराध गर्न पाइन्छ ? खेलाडीहरूको भविष्य बन्धकी राख्न पाइन्छ ? मेरो पालामा पनि मैले आइसीसीसँग सिधैं भनेको थिए, म बाधक हो भने बसौं छलफल गरौं योजना र कार्यक्रमसहित कुन मान्छे, कुन टिम उपयुक्त हुन्छ छलफल गरेर राखौं, मेरो यति जना उति जना पनि भन्दिन, मेरो मान्छे नपर्दा पनि मेरो कुनै गुनासो छैन । म त्यहा दरखास्त हालेर गएको होइन, सरकारका तर्फबाट तपाईले राइट ट्र्याकमा लगिदिनुहोस् भनेर अनुरोध आयो, त्यसलाई स्वीकारेर गएको हुँ ।

**भनेपछि क्रिकेटको धुमिल वातावरणलाई राम्रो बनाउन जुनसुकै त्याग गर्न पनि तयार हुनुहुन्छ ?**

यो त्याग नै होइन, यो गर्नुपर्ने काम हो । त्याग, तपस्याका भन्ने गफ छोडिदिए हुन्छ, जसले सिन्को भाच्दैन, त्यो मान्छेले त्यागको गफ गर्छ, मैले त्यागे भन्छ । म त्यसका पछाडि गए भने यो विवाद लम्बिन्छ । म त्यता जान नचाहेको हुँ, उहाँहरूसँग छलफल गरुँला । राष्ट्रिय खेलकुद परिषद् को सदस्य सचिवको नाताले यो विवाद हल गर्ने जिम्मेवारी र दायित्व मेरो हो । म त्यो जिम्मेवारी निर्वाह गर्छु । जो विवाद समाधान गर्न चाहँदैनन्, अर्थात् विवाद उल्फाउनेहरूलाई क्रिकेटका अपराधी हुन भनेर घोषणा गर्छु म । त्यसपछि म अनुरोध गर्छु, यिनीहरूलाई सामाजिक बहिष्कार गरौं भनेर ।

**तेक्वान्दो संघ र कराँते संघमा पनि विवाद छ नि ?**

कराँतेको विवाद समाधान भैसक्यो । अरू सबै विवाद समाधान भैसके । क्यानको विवाद भनेको प्रतिबन्ध कसरी हटाउने भन्ने मात्र हो । अब क्यानमा अरु विवाद छैन । त्यसैगरी तेक्वान्दोको एउटा समस्या बाँकी छ, त्यसमा पनि वार्ता र छलफल भैरहेको छ, छिट्टै त्यसको निकास निस्कन्छ भन्नेमा म विश्वस्त छु ।

**संघहरूको निर्वाचनमा पनि राखेपको हस्तक्षेपको कुरा उठ्छ । स्वतन्त्र रुपमा काम गर्ने वातावरण कसरी तयार गर्नुहुन्छ ?**

राखेपको हस्तक्षेप हुँदैन । संघको निर्वाचन गर्दा नै राखेपको प्रतिनिधिको मातहतमा, रोहवरमा मात्र चुनाव सम्पन्न हुन्छ । राखेपले हस्तक्षेप गर्ने होइन, राखेपले त उहाँहरूले गरेको कुरा ठीक वा कानुनसम्मत छ कि छैन भनेर न्युट्रल भूमिका खेल्ने हो । न्यायाधीशले हस्तक्षेप गऱ्यो भन्न मिल्छ र ? हस्तक्षेप त वकिलले गर्छ, आफ्नो मुद्दाको पक्षमा बहस, पैरवी गर्छ । न्यायाधीसले त न्याय दिने हो । त्यसैले न्यायाधीसले हस्तक्षेप गर्दैन ।



**राखेपले ठूलो बजेट पाउँछ, तर पूर्वाधार छैन । बजेट फ्रीज हुन्छ । यो विरोधाभास कसरी हल गर्नुहुन्छ ?**

बाहिरबाट हेर्दा मात्र ठूलो बजेट देखिन्छ, भित्र बजेट पुग्दैन । कर्मचारीको तलब सुविधा कसैले काट्न मिलेन । सामान्य प्रशासनको बजेट एउटा छ, निर्माणको खास-खास समयबाहेक बजेट ठूलो छैन । खासखास समय भन्नाले अहिले सागका बेलामा निर्माणको काम गर्नुपर्ने भएकाले बजेट आएको छ । हिजो राष्ट्रिय खेलकुद गर्नुपऱ्यो त्यसका लागि बजेट बढेको छ । अरु सामान्य समयमा बजेट बढेको छैन । प्राप्त बजेटलाई आन्तरिक र बाह्य दुवै स्रोत मोबिलाइज गरेर अति उत्तम रिजल्ट निकाल्नुपर्ने स्थिती छ ।

**खेलाडी बिमाको कुरालाई कसरी सम्बोधन गर्नुहुन्छ ?**

यो बहसको विषय नै होइन । बिमाबिना म कुनै पनि प्रतियोगिता सञ्चालन गर्नै दिन्न । खेलाडीमात्र होइन, प्रशिक्षक र अफिसियलको पनि अनिवार्य बिमा हुनुपर्छ । बिमा गरिसकेपछि मात्र खेल सञ्चालन गर्नुपर्छ । मैले त्यो निर्देशन दिइसकेको छु, त्यसको कार्यान्वयन पनि सुरु भैसकेको छ ।

**खेलाडीको जीवन निर्वाहको कुरा पनि एकदम टड्कारो रूपमा उठ्छ । यसलाई कसरी समाधान गर्नुहुन्छ ?**

यसलाई दुई तरिकाले समाधान गर्नुपर्छ । सबैको जीवन निर्वाहको जिम्मेवारी राज्यले लिन सक्दैन । त्यसका लागि उत्कृष्ट खेलाडीहरूलाई प्राइभेट सेक्टर, सरकारी सेक्टर अथवा संस्थान आदिबाट प्रायोजन गर्नुपर्छ । खेलाडी भनेर आम खेलाडीमा गयौं भने फेरि हामी चुक्छौं । हामीले गर्ने भनेको के हो भने अन्तर्राष्ट्रिय खेल खेल्ने राष्ट्रियस्तरका खेलाडीहरू जसले स्वर्णपदक, रजत पदक तथा कास्य पदक जितेका होलान्, उहाँहरूले सम्मानपूर्ण जीवन जिउने कुरामा ध्यान केन्द्रित गर्नुपर्छ । अरुलाई टाइअप गर्न सक्नुपर्छ-स्कुलबाट, कलेजबाट, क्लबहरूबाट, डोजोहरूबाट । यिनीहरूलाई कसरी टाइअप गर्ने, त्यसैगरी संस्थानहरूसँग कसरी टाइअप गर्ने, विभिन्न उद्योग-व्यवसायको सेक्टरमा कसरी टाइअप गर्ने त्यो पक्षमा हामीले ध्यान दिनुपर्छ ।

**नेपालमा खेलकुद कल्चर पनि बसिसकेको देखिँदैन । खेल संस्कार निर्माण गर्ने सन्दर्भमा कसरी काम गर्नुहुन्छ ?**

त्यो एकदिनमा बस्दैन । भत्किएको चीजलाई क्रमशः बनाउँदै जानुपर्छ । विस्तारै खेलकुद कल्चरको विकास भैरहेको छ । पहिलो कुरा त लिडरसीप इमान्दार हुनुपर्छ, त्यसपछि प्रशिक्षक, प्रमुख प्रशिक्षक आदि इमान्दार हुनुपर्छ । खेल क्षेत्रमा लागेका, अन्तर्राष्ट्रिय खेल खेल्नेहरू इमान्दार हुनुपर्छ । सबै इमान्दार भए भने त्यसको सकारात्मक परिणाम निस्कन्छ । हाम्रोमा त जो अगुवा हो, उसले अनुशासन भंग गऱ्यो, कल्चर भंग गर्छ भने उसबाट सिक्नेले के सिक्छ ? यद्यपि हामीकहाँ खेल संस्कृति ध्वस्तै भएको होइन, कमजोर छ । यसलाई ट्र्याकमा ल्याउन सकिन्छ ।

**राखेपको नेतृत्व राजनीतिक हुन्छ । सरकारले आफू निकटलाई यसमा नियुक्त गर्छ । त्यसैले राखेपमा बढी राजनीति हुन्छ ? तपाई राजनीति गर्दिनँ भनेर कसरी विश्वस्त तुल्याउनुहुन्छ ?**

मेरो एउटा पक्ष खुला छ, राजनीतिक पार्टीहरूले खेलकुदमा चासो दिनुपर्छ तर खेलकुदभित्र राजनीति गर्नु हुँदैन । विगतमा राजनीतिक पार्टीहरूले चासो कम दिने, खेलकुदमा बढी राजनीति हुने कारणले बिग्रियो । मलाई चाहिने कर्मचारी, प्रशिक्षक फिट छन् कि छैनन्, रिजल्ट ओरेन्टेड छन् कि छैनन् मैले हेर्ने हो । कुन पार्टीको के कसो छ भनेर मैले हेर्ने पनि होइन, त्यो मेरो जिम्मेवारीभित्र पर्दैन । त्यसैले मैले सबैलाई भनेको छु, मैले सबै पार्टीका मान्छेसँग भेटेको छु, सबै खेल संघहरूलाई भेट्ने क्रममा छु । अहिलेसम्म लगभग ५० वटा जति संघका पदाधिकरीसँग भेटिसके । १ सय ५६ वटा संघ छन्, एक हप्तामै मैले सबैलाई भेटेर साध्य पनि हुँदैन । मेरो अधिकतम समय युटिलाइज गरेको छु । यो एक हप्ताको अवधिमा म ३-४ घण्टाभन्दा बढी सुतेको छैन र साग नहुन्जेल म सुत्दा पनि सुत्दिन । मेरो एक सुत्रीय अर्जुनदृष्टि सागमा छ । त्यो गरेरै छाड्छु भनेर नै म यहाँ आएको हुँ । हिजो पनि २७ वटा खेलकुद संघसँग लामो अन्तक्रिया भयो । यसले सागको तयारीलाई तीव्रता दिनेछ ।

**कर्मचारी व्यवस्थापनको पनि समस्या छ नि ?**

यतिबेला खेलकुद परिषद्मा एक हजारमा दरबन्दी सिर्जना भएको छ, तर २०६१ सालयता कुनै प्रमोसन भएको रहेनछ । यसका लागि मैले केही दिनअघि मात्र मन्त्रालयसँग समन्वय गरेको छु । छिटोभन्दा छिटो यसको दरबन्दी र पाठ्यक्रम तयार गरेर लोकसेवा आयोगबाट सूचना निकाल्ने । त्यसो भयो भने पारदर्शिता र स्वच्छता हुन्छ, त्यसमा कसैले पनि मेरो मान्छे भन्न पाउँदैन, जो सक्षम हुन्छ ऊ आउँछ । यसो गर्दा नयाँ मान्छे पनि आउँछ । यसरी नयाँ र पुराना मान्छे हुने हुँदा यसले एउटा ट्र्याक समाउँछ । अर्को कुरा लामो समयदेखि करार, अस्थायी वा ज्यालादारी रूपमा काम गरिरहेका कर्मचारी पनि छन्, त्यो पाटोलाई पनि यसले एकहदसम्म सम्बोधन गर्छ । शत्प्रतिशत नै सम्बोधन हुन्छ त म भन्दिनँ तर ठूलो हिस्सा त्यसमा समावेश हुन्छ । त्यसबाहेक मैले कर्मचारीतन्त्रमा गर्ने अर्को काम भनेको कोचहरूको सन्दर्भमा स्थायी पदपुर्ती हुँदैन । संसारभर यस्तै चलन छ । हामीले फुटबल-क्रिकेट आदि हेर्ने हो भने पनि जित्दा कोचलाई रिवार्ड गरिन्छ, रिजल्ट राम्रो दिएन भने बरखास्त गरिन्छ, होइन भने कतिपय अवस्थामा आफैंले राजीनामा दिन्छन् । यसो भयो भने प्रतिस्पर्धी वातावरण सिर्जना हुन्छ । अर्को कुरा असल र राम्रा कर्मचारीहरू अघि बढ्छन् । त्यसैले म प्रत्येक कर्मचारीको फाइल मूल्यांकन गर्ने काम पनि अघि बढाउँदैछु ।


सक्षम ब्यूटी थेरापिष्ट बन्ने सुवर्ण अवसर

Dolly's Exquisite Creations हामिसँग मात्र ९० दिनमा बिद्यार्थीहरुलाई पूर्ण सक्षम ब्यूटी थेरापिष्ट बन्ने सुबिधा रहेको छ । यस किसिमको उच्च सुबिधाका कारण बिद्यार्थीहरुले चाडै पढाई सुरु गर्न पाउनेछ्न । कोर्सहरु सेप्टेम्बर बाट सुरु हुदैछ । Dolly's मा बिद्यार्थीहरुको क्षमता विकासका लागि व्यक्तिगत रुपमा ट्रेनिङ्गको समेत सुबिधा उपलब्ध गरेका छौं । यसले भविष्यको लागि बिद्यार्थीहरुको क्षमता विकासमा सहयोग पुग्नेछ । हाम्रो नयाँ प्रविधि Meso थेरापी सबैभन्दा बढी रुचाईने बिषय बन्नेछ । हाम्रा सबै ब्यूटी कोर्स शिक्षकहरु संग स्नाकोत्तर शिक्षासगै यस क्षेत्रमा लामो समयको अनुभव समेत रहेको छ । हाम्रो कार्यक्रम प्रयोगात्मक र सैद्धान्तिक अनुभवको सन्तुलनलाई मध्यनजर गरेर बनाइएको छ । ट्रेनिङ्गको समय सबै बिद्यार्थीलाई कक्षा कोठामा बस्न अनिवार्य गरिएको छ । यसले सबै Treatment बुझाई सजिलो हने र बिद्यार्थीमा आफ्नो क्षमताको आत्माबिश्वास बढनेछ, जसले गर्दा अन्तिम प्रयोगात्मक परिक्षा पश्चात बिद्यार्थीले Dolly's संग रहेर पैसा तिर्ने ग्राहकसंग काम गर्नु पर्नेछ । बिद्यार्थीलाई सैद्धान्तिक ज्ञान उच्च थेरापिष्ट Dolly's Singh र प्रयोगात्मक ज्ञान लण्डनबाट आउनुभएकी ट्रेनर Rishu Singh Joshi र कपाल सम्बन्धी ज्ञान भारतीय सेलिब्रेटी Sylvie Rodger ले प्रदान गर्नुहुने छ । सबैभन्दा उत्कृष्ट बिद्यार्थीलाई १ बर्षको छात्रवृत्ती प्रदान गरिने छ र Rodger को नयाँ दिल्लीमा रहेको सैलुनमा काम गर्ने मौका समेत मिलेछ । पहिले आउनेलाई उच्च प्राथमिबकता दिईने छ ।

Dolly's Exquisite Creations
Kamaladi, Kathmandu

सम्पर्क फोन नं. : 4445080, 4445080



भर्ना खुल्यो ! भर्ना खुल्यो !!

CTEVT बाट सम्बन्धन प्राप्त र सम्बन्धित
Professional Council बाट मान्यता प्राप्त

यस अल नेपाल कलेज अफ टेक्निकल एजुकेशनमा शैक्षिक शत्र २०७६/०७७ का लागि भर्ना खुल्यो !

कार्यक्रमहरु:

डिप्लोमा तथा प्रमाण-पत्र तर्फ

- General Medicine (H.A.)
- Diploma In Pharmacy (DPh)

फारम भर्ने अन्तिम मितिः २०७६ श्रावण १२ गते सम्म
प्रवेश परीक्षा मितिः २०७६ श्रावण २२ गते, बिहान ७:०० बजे

प्राविधिक एस.एल.सी. (TSLC) तर्फ

- बालि विज्ञान (PJTA) - (१८ महिने)
- पशु विज्ञान (VJTA) - (१८ महिने)

फारम भर्ने अन्तिम मितिः २०७६ श्रावण १५ गते सम्म
प्रवेश परीक्षा मितिः २०७६ श्रावण २५ गते
पूर्णशुल्कीय तर्फः दिउँसो २:०० बजे
छात्रवृति तर्फः बिहान ७:०० बजे

नोटः सबै कार्यक्रमका आवेदन दिने विद्यार्थीहरुलाई छात्रवृत्तिको लागि २०७६ असार ३१ गते सम्म ईभेन्ट परियोजनाको PMT फारम भर्ने व्यवस्था मिलाईएको छ ।

कलेज शनिबार पनि खुल्ला रहने छ ।

विस्तृत जानकारीका लागिः

अल नेपाल कलेज अफ टेक्निकल एजुकेशन
गौशाला, काठमाण्डौ-९ (द्वारीका होटल पछाडीको गेट सगै)
०१-४४७०२०५, ४४७०५०६ ९८५११५१३१४, ९८५१०६२६९१

# प्राविधिक शिक्षाको ढोका ग्रेडले छेक्दैन


तस्बिर : नवराज वाग्ले

युवराज गौतम

विश्वमा दिन-प्रतिदिन नयाँ-नयाँ प्रविधिको विकास भैरहेको छ। ती प्रविधिको प्रभाव नेपाली समाजदेखि नेपाली भान्सासम्म पुगिरहेको छ। सूचना प्रविधिको तीव्र विकासका कारण विद्यालय स्तरदेखि नै प्राविधिक शिक्षाको ज्ञान आवश्यक हुन थालेको छ। ग्रेडिङका आधारमा अंक प्राप्त गरेर एसईई उत्तीर्ण गरेका अधिकांश विद्यार्थीले रोजगारीको उच्च सम्भावनाका कारण प्राविधिक विषयहरू छनौट गर्न थालेका छन्। नेपालमा पछिल्ला वर्षहरूमा व्यवसायिक तथा रोजगारमूलक शिक्षामा युवाहरूको आकर्षण लगातार बढ्दै गएको छ। नेपालका विश्वविद्यालयहरूमा पढाइ हुने विषयले गरिखान सक्ने नबनाएको भन्दै धेरै युवाले प्राविधिक शिक्षातर्फ आफ्नो ध्यान केन्द्रित गरेको पाइन्छ।

यो वर्षको एसईई परीक्षामा सामेल भएर विभिन्न ग्रेड प्राप्त गरेका विद्यार्थीहरू ११ र १२ कक्षामा कुन विषय पढ्ने भन्ने अन्योलमा पर्छन्, तर प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद (सिटिइभिटी)ले सबै ग्रेड प्राप्त गर्ने विद्यार्थीहरूका निम्ति ढोका खुला गरिदिएको छ। अन्य शिक्षालयहरूमा पनि प्राविधिक शिक्षाका लागि बाटो खुला रहे पनि त्यसमा केही सर्त रहेको पाइन्छ। यद्यपि सिटिइभिटीमा भने जुनसुकै ग्रेड ल्याए पनि सोही अनुसारको कोर्स तयार पारिएको छ। छोटो अवधिको तालिम मात्र होइन डिप्लोमा लेभलका कोर्सहरू ग्रेड वा जिपिएस अनुसार निर्धारण गरिएको छ। सिटिइभिटीका प्रवक्ता देवेशचन्द्र देवकोटा भन्छन्- प्राविधिक शिक्षाबाट कोही पनि बन्चित नहोस् भनेर नै यस्तो अवधारणा अपनाएका हौं, विद्यार्थीको क्षमता, रुचि एवं योग्यताअनुसार सिटिइभिटीले प्रदान गर्ने जुनसुकै कोर्स पढ्न कुनै समस्या छैन, त्यसमा ग्रेडिङले कुनै प्रभाव पार्दैन।

राष्ट्रिय परीक्षा बोर्ड तथा स्थानीय सरकारको अनुमतिमा संचालित अन्य प्राविधिक कोर्सहरू पढ्न पनि कुनै बन्देज छैन। राष्ट्रिय परीक्षा बोर्डका सूचना अधिकारी नारायण पोखरेलका अनुसार प्राविधिक कोर्स पढ्न एसईईको नतिजा बाधक बन्दैन तर ग्रेडिङमा चित्त नबुझे रिग्रेडका लागि पुनः परीक्षा दिने अवसर पाइन्छ।

सिटिइभिटीअन्तर्गतका प्राविधिक कोर्स पढ्न रुचाउने विद्यार्थीहरूको संख्या उल्लेख्य छ। सिटिइभिटीअन्तर्गतका केही प्राविधिक शिक्षालयले एसएलसीपछि तीनवर्षे डिप्लोमा स्तरमा मेकानिकल, नर्सिङ, हेल्थ असिस्टेन्ट आदि विषय अध्यापन गराउँदै आएका छन्, जसलाई प्रविणता प्रमाणपत्र तहको समकक्षता प्रदान गरिएको छ। सिटिइभिटीले आफ्नै शिक्षालयमार्फत, अन्य शैक्षिक संस्थालाई सम्बन्धन दिएर तथा अन्य एनएक्स कार्यक्रममार्फत प्राविधिक शिक्षा प्रदान गरिरहेको छ।

कक्षा ११ र १२ का लागि प्राविधिक धारका पाँच विषयमा यसअघि नै पाठ्यक्रम तयार गरिसकेको छ। कक्षा ९ र १० मा यस्ता प्राविधिक धारका विषयहरू पढाइ हुन सुरु पनि भैसकेको छ। यी विषय लिएर एसईईमा राम्रो ग्रेड ल्याउ सके ११ मा प्राविधिक विषयहरू अध्ययन गर्न पाइन्छ। ती पाठ्यक्रमहरू कुल १२ सय पूर्णाकका छन्। जसको अध्ययनबाट प्राविधिक जनशक्ति ११ र १२ कक्षा अध्ययनबाटै उत्पादन हुनेछन्, तर प्राविधिक विषयहरू पढाइ हुने सामुदायिक विद्यालय करिब १ सयवटा मात्र छन्। सिटिइभिटीबाहेक परीक्षा बोर्ड तथा स्थानीय सरकारले हाल प्राविधिक धारका विषयहरूका रुपमा इलेक्ट्रिक, सिभिल इन्जिनियर, कम्प्युटर इन्जिनियर, बनस्पति विज्ञान, जीव विज्ञानजस्ता विषय समावेश गराएका छन्। यसमा अन्य नयाँ-नयाँ कोर्स भित्र्याउने तयारी भैरहेको छ। विश्वविद्यालयहरूले पनि प्राविधिक विषयलाई प्राथमिकतामा राखेका छन्। त्रिभुवन विश्वविद्यालयले कृषि, इन्जिनियरिङ, स्वास्थ्य, वन आदि विषयलाई प्राविधिक कोर्सका रुपमा अघि सारेको छ।

प्राविधिक शिक्षाका लागि सबैभन्दा भरपर्दो गन्तव्य भनेको सिटिइभिटीले संचालन गरेका शैक्षिक कार्यक्रमहरू नै हुन्। सीमित कोटामा भर्ना लिइने सिटिइभिटीको कोर्स पूरा गरिसकेपछि रोजगारीको प्रशस्त सम्भावना हुने सिटिइभिटीका प्रवक्ता देवकोटाको दावी छ। देवकोटा भन्छन्-सिटीइभिटीबाट उत्पादित जनशक्तिमध्ये ८० प्रतिशतले सजिलैसँग रोजगारी पाएका छन्। हामीले अध्यापन गराउँदै आएका केही विषय तुलनात्मक रूपमा महँगा छन् तर ती विषय अध्ययन गर्नेले विश्वभर रोजगारीको अवसर पाएका छन्।

## अध्यापन भैरहेका केही विषय

**इन्जिनियरिङ** : यसअन्तर्गत डिप्लोमा वा प्रमाणपत्र तहका सिभिल, इलेक्ट्रोनिक्स, मेकानिकल, अटो मेकानिकल, आर्किटेक्चर, कम्प्युटर, सर्वे, इन्फरमेसन टेक्नोलोजी जस्ता विषय पर्छन्। यी सबै कोर्स पूरा गर्न तीन वर्ष लाग्छ। इन्जिनियरिङका डिप्लोमा तहका यी विषयको अध्ययनपछि हाइड्रोपावर, सडक, खानेपानी आयोजना, पर्यटन लगायतका क्षेत्रमा रोजगारी प्राप्त गर्न सकिन्छ।

**कृषि** : यसअन्तर्गत एनिमल साइन्स तथा प्लान्ट साइन्सको अध्यापन हुन्छ। त्यसबाहेक यसमा टेक्सटाइल एन्ड सेरिकल्चर, आईएससी एग्रिकल्चर पनि समावेश छ। डिप्लोमा इन फूड एन्ड डेरी टेक्नोलोजीलाई पनि यही समूहमा राखिएको छ। यी कोर्स पूरा गर्न तीनवर्ष लाग्छ। नेपाल कृषिप्रधान देश भएकाले यी विषयमा रोजगारीको सम्भावना धेरै छ। कृषि अनुसन्धान परिषद, कृषि विभाग, कृषि मन्त्रालय, कृषि विकास कार्यालय, कृषि सम्बन्धी एनजीओ तथा आइएनजीओहरू रोजगारीका सम्भावित क्षेत्र हुन्।

**स्वास्थ्य** : यसअन्तर्गत सिएमए, अनमी, एएचडब्ल्यू, डेन्टल हाईजेनिस्ट, मेडिकल ल्याव, अक्युपन्चर, जनरल मेडिसिन, फार्मेसी, मेडिकल ल्याब टेक्निसियन, होमियोप्याथी, अक्यूप्रेसर, फिजियोथेरापी, होमीयोप्याथी आदि विषय छन्। यी विषयको कोर्स पूरा गर्न तीन वर्ष लाग्छ। परीक्षामा सामेल भएर उत्तीर्ण भएपछि माथिल्लो तहमा अध्ययन गर्ने अवसर समेत प्राप्त हुन्छ। एसईईमा प्राप्त ग्रेडका आधारमा यी विषयमा आवदेन दिएर प्रवेश परीक्षामार्फत छनौट हुने अवसर पाइन्छ। कक्षा ९ र १० मा अनिवार्य विषय लगायत स्वास्थ्य तथा जनसंख्या विषयबाट प्रवेश परीक्षामा प्रश्न सोधिन्छ। यी सबै कोर्स स्वदेश तथा विदेशमा पनि उपयोगी हुने सिटिइभिटीको दाबी छ, तर यो वर्ष भने चिकित्सा स्वास्थ्य शिक्षा विधेयकमा देखिएको विवादका कारण नियमित भर्ना र पढाईमा केही ढिलाइ हुने बताइएको छ।

**फरेस्ट्री** : डिप्लोमा तहको यो तीनवर्षे कोर्स पूरा गरेपछि वन विकाससँग सम्बन्धी संघसंस्था वा सरकारी निकायहरूमा रोजगारीको अवसर पाइन्छ। सरकारी सेवाअन्तर्गत वन विभाग, भू-संरक्षण विभाग, राष्ट्रिय निकुञ्ज, वन्यजन्तु विभाग, वन मन्त्रालय लगायतका स्थानमा रोजगारीको सम्भावना हुन्छ। नेपालमा यो विषय पढाइ हुने कलेज सीमित संख्यामा छन्।

**होटल म्यानेजमेन्ट** : डिप्लोमा तहको यो तीनवर्षे कोर्स पूरा भएपछि पर्यटन क्षेत्रमा रोजगारी पाइन्छ। पर्यटकीय स्थलमा खुलेका रिसोर्ट, कटेज, तारे होटल तथा रेस्टुराँ आदि क्षेत्रमा रोजगारीको अवसर पाइन्छ। त्यसबाहेक पर्यटन क्षेत्रमा फड्को मारेका देशहरूमा पनि रोजगारीको अवसर पाइने सम्भावना हुन्छ।


**सामाजिक परिचालक** : सिटिइभिटीले नै संचालन गर्दै आएको सामाजिक परिचालकको कोर्स पूरा गर्न तीन वर्ष लाग्छ। यो कोर्स पूरा गरेपछि विशेष गरी एनजीओ तथा आइएनजीओहरूमा रोजगारीको अवसर पाइन्छ। त्यसबाहेक सरकारी स्तरमा पनि रोजगारीको प्रशस्त सम्भावना हुन्छ।

## जीपीए कति ल्याउने ?

यी सबैखाले विषयमा भर्ना हुन सिटिइभिटीले विषयगत दक्षतालाई प्राथमिकता दिएको छ। स्वास्थ्य विषय अध्ययन गर्न चाहनेहरूका लागि एसईईमा जीपीए अर्थात ग्रेडप्वाइन्ट सी ग्रेड र जीपीए २.० हुनुपर्छ। इन्जियरिङ, फरेस्ट्री, कृषि, पर्यटन आदि विषयमा भर्ना हुन पनि अंग्रेजी, गणित र विज्ञानमा सी ग्रेड ल्याउनुपर्छ। एसईईपछिका अन्य तीनवर्षे कोर्स गर्न सी ग्रेड तथा जीपीए २.० हुनेपर्ने प्रावधान छ।

अर्कातर्फ न्यूनतम ई ग्रेड र ०.८ जीपीए ल्याउने विद्यार्थीले पनि टीएसएलसी कोर्स अध्ययन गर्न सक्ने सिटिइभिटीले जनाएको छ। सिटिइभिटीले सिकाइ क्षमता कम भएका विद्यार्थीहरूको सीप विकास गर्ने लक्ष्यका साथ विभिन्न विषयमा एकवर्षे कोर्ससमेत सञ्चालन गर्दै आएको छ।

## प्राविधिकलाई गाउँ-गाउँमा अवसर छ


देवेशचन्द्र देवकोटा
प्रवक्ता, सिटिईभिटी

**प्राविधिक शिक्षामा अबको योजना के छ ?**

प्राविधिक शिक्षालाई गाउँ-गाउँमा पुऱ्याउने सरकारी नीति नै छ। निजी क्षेत्रलाई भन्दा पनि स्थानीय सरकारहरूमार्फत शिक्षालय स्थापना गरी साझेदारीका आधारमा प्राविधिक कोर्सहरू संचालन गर्ने योजना छ। सिटिइभिटी सामुदायिक तथा आंगिक शिक्षालयहरूसँग साझेदारी गरेर अघि बढ्न चाहन्छ।

**कुन प्राविधिक कोर्समा विद्यार्थीहरूको आकर्षण बढी देखिन्छ ?**

आकर्षणको कुरा गर्नुपर्दा बुझाइ कस्तो हो भन्ने कुरा आउँछ। नेपालको परिवेशमा कृषि क्षेत्रमा आकर्षण देखिनुपर्ने हो, तर स्वास्थ्य, इन्जिनियरिङ तथा हस्पिटालिटीमा आकर्षण छ। यतिबेला गाउँ-गाउँमा रोजगारीको अवसर छ। सिभिल ओभरसियर, होटल म्यानेजर, सुपरभाइजर जस्ता अवसर गाउँमै उपलब्ध छन्।

**छोटो अवधिको तालिम प्राप्तिपछि रोजगारीको सम्भावना कत्तिको छ ?**

छोटो अवधिका तालिमका लागि उमेर खाएका विद्यार्थीहरूको आकर्षण देखिन्छ, तर पनि एसईईमा न्यून अंक ल्याएका विद्यार्थीहरू पनि छोटो अवधिको तालिममा भर्ना हुने गरेका छन्। छोटो अवधिको तालिम लिएपछि पनि एसईईमा रिग्रेड परिक्षा दिएर राम्रो अंक ल्याई सम्बन्धित कोर्स अध्ययन गर्ने विद्यार्थीहरूको संख्या प्रशस्तै छ।

**प्राविधिक कोर्स नै किन पढ्नुपर्छ ?**

परम्परागत आधारमा काम गर्दा राम्रो प्रतिफल प्राप्त हुँदैन। हाम्रो पुस्ता परम्परागत रुपमा काम गरेकाले पछि परेको हो। अहिले नेपाल जस्ता अल्पविकसित मुलुकहरूमा नयाँ-नयाँ प्रविधि भित्रिरहेका छन्। त्यस्ता प्रविधिसँग जोडेर उत्पादन बढाउन एवं घरपरिवार वा समाजलाई समृद्ध बनाउन प्राविधिक कोर्स अनिवार्य जस्तै भैसकेको छ।

# विपद्सम्बन्धी जानकारीका लागि प्रविधिको प्रयोग



वर्षात्को मौसमसँगै बाढी, पहिरोलगायतका प्राकृतिक विपद्ले नेपाली जनतालाई समेत सताएको छ। यो मौसममा सकेसम्म बाहिर कतै ननिस्कने, निस्कनैपरे उक्त स्थानको मौसमसम्बन्धी पूर्वजानकारी लिनु उपयुक्त हुन्छ। यही कार्यका लागि हाल सरकारी र गैरसरकारी क्षेत्रबाट विभिन्न प्रविधि प्रयोग भैरहेको छ।

### टोल फ्री नम्बर- ११५५

वर्षातमा कतै बाहिर हिडडुल गर्नु छ र त्यहाँको मौसमका बारेमा जानकारी लिनु छ भने टोल फ्री नम्बर-११५५ मा सम्पर्क गर्न सकिन्छ। यसबाट वर्षा बढी हुने स्थान, बाढी, पहिरो एवं डुबान जोखिम क्षेत्रको जानकारी सहजै प्राप्त गर्न सकिन्छ।

### नेपाल फ्लड अलर्ट फेसबुक पेज र ट्विटर

नेपाल फ्लड अलर्ट नामक फेसबुक पेज तथा ट्विटरमा पनि वर्षा र यसले निम्त्याउने जोखिमको अवस्थासम्बन्धी जानकारी पाइन्छ।

### हाइड्रोलोजीको वेबसाइट

हाइड्रोलोजी डट जीओभी डटएनपी वेबसाइटमा पनि मौसमसम्बन्धी विस्तृत जानकारी हुन्छ। यसमा विभिन्न स्थानको मौसम अध्ययन गर्न सकिन्छ। वेबसाइटमा कुन खोलाको सतहको अवस्था कस्तो छ भनेर थाहा पाउन रातो, हरियो, पहेंलो, नीलो आदि रङ प्रयोग गरिएको छ। खोलामा उच्च बहाव भएपछि वेबसाइटमै साइरन बज्छ। त्यसैगरी जोखिम बढेको क्षेत्रमा तत्काल मोबाइलबाटै म्यासेज पठाउने व्यवस्था छ। यसका लागि जल तथा मौसम विज्ञान विभागले नेपाल टेलिकम तथा एनसेलसँग सहकार्य गरिरहेको छ।

### म्यासेजमार्फत बाढीको पूर्वसूचना

बाढीसम्बन्धी जानकारी अर्थात् बाढी पूर्वानुमानका लागि छुट्टै महाशाखा गठन गरिएको छ। महाशाखाले बाढीका कारण नदीको बहाव, वर्षाको खतरा, पहिरो एवं डुबान हुन सक्ने उच्च जोखिम रहेका २ सय २४ क्षेत्रको पहिचान गरेको छ। जोखिम क्षेत्रलाई प्राथमिकतामा राख्दै ती क्षेत्रमा सम्भावित प्राकृतिक प्रकोपबाट जनधनको क्षति रोक्न पूर्वसूचना प्रदान गरिरहेको बताइएको छ। बाढीको पूर्वसूचना दिन देशका १ सय ३० स्थानमा स्वचालित बाढी-मापन केन्द्र स्थापना गरिएको छ। केन्द्रमा रहेको राडारले हरेक मिनेटमा नदीको सतह बढे-घटेको जानकारी दिन्छ।

चौबीसै घण्टा अवलोकन गर्ने प्रणालीका कारण ठूलो पानी परेको र बाढी आएको समयमा खतराको घण्टी बजाउँछ। खतरा र सतर्कताको तह पहिचान गरेर तटीय क्षेत्रमा मोबाइलमार्फत म्यासेज पठाइन्छ। जोखिमयुक्त क्षेत्रमा रहेका व्यक्तिहरूका मोबाइल नम्बर अघिल्लो रात नै सिस्टममा राखिने हुँदा म्यासेज पनि त्यही नम्बरमा पठाइन्छ।

त्यसैगरी राष्ट्रिय भूकम्प मापन तथा अनुसन्धान केन्द्रको वेबसाइट सिस्मोनेपाल डटजिओभी डटएनपी, जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान शाखाको वेबसाइट एमएफडी डटजिओभी डटएनपी तथा त्यसको ट्विटर एकाउन्ट डीएचएम वेदर र राष्ट्रिय आपतकालीन कार्य सञ्चालन केन्द्रको वेबसाइट एनईओसी डटजिओभी डटएनपी एवं यसको फेसबुक तथा ट्विटर एकाउन्ट एनईओसी अफिसियल, राष्ट्रिय विपत् व्यवस्थापन केन्द्रको वेबसाइट डीआरआरपोर्टल डटजिओभी डटएनपीमार्फत पनि विपद् सम्बन्धी सूचना-जानकारीहरू लिन सकिन्छ। त्यसैगरी नेपाल टेलिकमले हाले सञ्चालनमा ल्याएको मोबाइलबाट सूचनाको सञ्चार नामक सेवाका लागि ३२१०० मा कल गरेर प्राप्त निर्देशन अनुसार मौसम तथा विपद् व्यवस्थापनलगायतका विषयमा जानकारी लिन सकिन्छ।

# वर्षातमा स्मार्टफोन र अन्य ग्याजेटको सुरक्षा




वर्षातमा स्मार्टफोनका साथै अन्य ग्याजेटहरू भिज्ने खतरा प्रबल हुन्छ। त्यसैले यो समयमा चिसो हातले स्मार्टफोनको प्रयोग गर्नु हुँदैन। हातलाई सुकाएर मात्र स्मार्टफोन प्रयोग गर्नुपर्छ। घरबाहिर निस्कनुपरे आफ्नो स्मार्टफोन सुरक्षित राख्न बजारमा उपलब्ध वाटरप्रुफ पाउच प्रयोग गर्न सकिन्छ। त्यसैगरी यसलाई ब्यागमा पनि राख्न सकिन्छ। पानीले टाउको भिजेको छ भने मोबाइल फोन प्रयोग गर्नु हुँदैन। यस्तो अवस्थामा कान हुँदै पानी मोबाइल फोनसम्म पुग्न सक्छ र मोबाइल खराब हुने सम्भावना हुन्छ। पानी परिरहेको समयमा इयरफोन वा ब्लुटुथ प्रयोग गरेर सहज तरिकाले कुराकानी गर्न सकिन्छ। यदि मोबाइल फोन पानीले भिजिहाल्यो भने कल गर्ने वा कल रिसिभ गर्ने प्रयास गर्नु हुँदैन। त्यसो गरे सिग्नल क्याच गर्ने प्रयासमा मोबाइलभित्र समस्या सिर्जना हुनसक्छ। मोबाइल भित्र पानी पस्यो भने त्यसलाई स्वीच अफ गरेर ब्याट्री, सिम तथा डाटा कार्ड निकाल्नुपर्छ। त्यसपछि यसलाई चामलमा राखेर सुकेपछि सफा सुती कपडाले पुछ्नुपर्छ। भिजेको मोबाइल फोन पूर्ण रूपमा नसुकेसम्म अन गर्नु हुँदैन। धेरैले हेयर ड्रायर प्रयोग गरी मोबाइल फोन सुकाउने प्रयास गर्छन्। त्यसबाट मदर बोर्ड बिग्रने डर हुन्छ। भ्याकुम क्लिनरले पनि मोबाइल फोन सुकाउने प्रयास गर्नु हुँदैन।

# अस्पतालमा रोबोटिक टेडी बियर



बिरामी अवस्थामा अस्पताल भर्ना हुनुपर्‍यो भने बालबालिकालाई थप तनाव हुन्छ। यस्तै अवस्थामा रोबोटिक टेडी बियर प्रयोग गरियो भने उनीहरूको तनाव कम हुन्छ। यससम्बन्धी अध्ययन पेडियाट्रिक जर्नलमा प्रकाशित छ। उक्त अध्ययनका लागि अमेरिकाको बोस्टन चिल्ड्रेन हस्पिटलको बाल चिकित्सा एकाइमा भर्ना भएका ५० जना बालबालिकालाई तीन भागमा बाँडेर पारम्परिक टेडी बियर, रोबोटिक टेडी बियर तथा भर्चुअल टेडी बियर दिइएको थियो। म्यासाचुसेट्स इन्स्टिच्युट अफ टेक्नोलोजी तथा नर्थ इस्टर्न युनिभर्सिटीका शोधकर्ताहरूले गरेको उक्त अध्ययनमा अरूको तुलनामा रोबोटिक टेडी बियर पाएका बालबालिकामा कम तनाव भएको पाइयो। उक्त अध्ययनमा ३ देखि १० वर्षका बालबालिका सामेल थिए। उनीहरूलाई दिइएका रोबोटमा पनि फरक-फरक विशेषता थिए। रोबोटिक टेडी बियरले सानो बच्चा भए नर्सरीको गीत सुनाउँथ्यो भने ठूला बच्चालाई कुनै पनि प्रश्नको जवाफ दिन तथा सँगै घुमफिर गर्न रोक्ने रोबोट दिइएको थियो।

# व्यवसायीहरूका लागि नेपाल इन्फो एप

अब नेपाल पनि इन्फो (nepalinfo.net) मोबाइल एप्लिकेसनको सहयोगले स-साना व्यवसायलाई समेत ब्रान्डिङ गर्न सकिनेछ। हालका लागि नेपाल इन्फोमा सिटी इन्फो नामक फिचर उपलब्ध छ जसमा आम सेवाग्राहीले सजिलैसँग आफूले खोजेको सहरमा भएका व्यवसाय तथा आवश्यक नम्बरदेखि सम्पूर्ण सहरको विवरण प्राप्त गर्न सक्छन्, यो फिचरमा व्यवसायको ठेगाना म्यापको प्रयोगबाट समेत देखाइएको छ। नेपाल इन्फोभित्र स्थानीय सरकार तथा जनप्रतिनिधिको विवरणसमेत समेटिएको छ। नेपालको अहिलेको राजनैतिक ढाँचाअनुसार स्थानीय सरकार कस्तो छ ? वडा कसरी बनेको छ ? सम्पूर्ण विवरण प्राप्त गर्न सकिन्छ।

त्यसबाहेक उक्त एपले नेपालका पर्यटकीय स्थल, सांस्कृतिक मूल्य-मान्यतालाई तिनको ऐतिहासिकता, सामाजिक मान्यता एवं आम जनमानसमा रहेको त्यसको छविसहित समेटेको छ। एपमा हरेक स्थानीय तह, प्रदेश तथा संघका साथै विभिन्न निकायका बडापत्रसमेत उपलब्ध गराइएको छ।

उक्त एपको सबैभन्दा महत्वपूर्ण पाटो त्यसमा उपलब्ध डिजिटल सटर हो। हरेक व्यवसाय तथा उद्यमको आफ्नै परिचय र ब्रान्ड हुनुपर्छ। अहिलेको डिजिटल व्यापार अर्थात् अनलाइन व्यापारको युगमा स-साना उद्यमी वा उत्पादनसमेतले आफूलाई राम्रोसँग ब्रान्डिङ गर्न सक्ने हो भने त्यो व्यवसाय सफलतातर्फ उन्मुख हुन्छ। यही कुरालाई मनन् गरेर यो एपले आफ्ना प्रयोगकर्ताहरूलाई डिजिटल सटर उपलब्ध गराएको हो।

नेपालका ग्रामीण क्षेत्रका साना तथा लघु उद्यमीलाई डिजिटिलाइजेसन गर्ने लक्ष्यका साथ नेपाल इन्फोले अहिले इटहरीमा प्रधान कार्यालय स्थापना गरी इटहरी, विराटनगर, पथरी, नेपालगन्ज, बुटवल, कोहलपुर, सुर्खेत आदि स्थानका स्थानीय युवाहरूलाई समेटेर आफ्नो कामलाई अघि बढाएको छ। नेपाल इन्फो एपमा कुनै पनि व्यवसायीले आफ्नो व्यावसायिक विवरणहरू निःशुल्क डाउनलोड तथा अपडेट गर्न सक्छन्। नेपाल इन्फोको लक्ष्य भनेकै मुलुकका ७७ वटै जिल्लाका साना तथा मझौला व्यवसाय तथा व्यवसायीहरूको पूर्ण विवरण उपलब्ध गराउनु हो।


## छात्रवृत्ति सहित भर्ना खुल्यो
## तालिम पछि रोजगारीको अवसर

नेपाल सरकार/CTEVT बाट सम्बन्धन प्राप्त गरी सर्वोत्कृष्ट नतिजा हासिल गर्दै आएको यस कलेजमा शैक्षिक शत्र ०७६/०७७ मा छात्रवृत्ति सहित १८ महिने प्राविधिक कोर्षमा भर्ना खुल्यो । S.L.C./S.E.E. मा जुनसुकै श्रेणी र ग्रेडमा उत्तिर्ण हुनेहरुले समेत अध्ययन गर्न सकिने । छात्रवृत्ति र खुल्ला तर्फको फारम भर्न तुरुन्त सम्पर्क गर्नुहोस् ।

१. भेटेरीनरी जे.टि.ए./पशु विज्ञान (Veterinary J.T.A.)
२.कृषि जे.टि.ए./वाली विज्ञान (Agriculture/Plant J.T.A.)
३. मेडिकल ल्याब असिस्टेन्ट (Medical Lab Assistant)

* फारम भर्ने अन्तिम मितिः- २०७६/०४/१५ गते * प्रवेश परीक्षा मितिः- २०७६/०४/२५ गते

नोट : १. निःशुल्क प्रवेश परीक्षा तयारी कक्षा सञ्चालन हुँदैछ ।
२. शिक्षा मन्त्रालयको EVENT Project ले दिने रु ५०,०००/- को छात्रवृत्तिको PMT फारम समेत निःशुल्क भराईन्छ ।

सम्पर्क :- कान्तिपुर कम्युनिटी हेल्थ सर्भिस प्रा.लि. (कान्तिपुर टेक्निकल कलेज)
बालाजु १६ (गंगा हल अगाडी), काठमाडौं । फोन नं.: ०१-४३६०६०५, ०१-४३८०८६४
कलेज खुल्ने समय बिहान ६:०० देखि बेलुका ६:०० सम्म । (शनिवार पनि कलेज खुल्ला हुनेछ।)







# बेलायतमा बेलविवाह

शब्द/तस्बिर : कुशल श्रेष्ठ

बेलायतमा गत महिना संयुक्त इही पूजा (बेलविवाह) तथा कयता पूजा (व्रतबन्ध) सम्पन्न भएको छ। बेलायतमा केन्द्रित रहे पनि युरोपमा भएका नेवार समुदायको समेत आकर्षण एवं सहभागिता रहँदै आएको यो कार्यक्रममा इहीमा ५ वर्षदेखि ९ वर्षसम्मका १५ जना बालिका तथा १५ वर्षदेखि २५ वर्षबीचका ५ जना बालकको व्रतबन्ध बेलायतको साउथहलस्थित राममन्दिरमा सम्पन्न गरिएको थियो।

ईही अथवा बेल विवाह नेवार समुदायको एउटा परम्परा हो जहाँ साना बालिकाहरूको विवाह बेलसँग गरिदिने चलन छ। बेललाई भगवान विष्णुसरह मानिन्छ। भविष्यमा यदि केटीको श्रीमान्को निधन भए पनि भगवान विष्णुसँग विवाह गरेकाले ती युवतीलाई विधवा मानिदैन। ईही गर्दा केटीको विवाह बेललाई साक्षी राखी सुवर्ण कुमार अथवा भगवान विष्णुसँग गरिन्छ। सधैं ताजा रहने र कहिल्यै नकुहिने भएकाले बेललाई दिव्यपुरुष अथवा भगवानको अवतारका रूपमा पनि लिइन्छ। यो विवाहमा हिन्दू धर्मको विवाहको सबै विधि हुने भएकाले पछि केटासँग विवाह गर्दा कुनै पनि विधि गरिरहनु पर्दैन भनिन्छ। यस्तो विवाह गरिसकेपछि दुलाहा पक्षले जन्ती पनि गैरहनु नपर्ने मान्यता छ। परिवारका सदस्य तथा साथीहरूले दुलहीलाई घरमा ल्याएर थोरै विधिमात्र सम्पन्न गरे पुग्छ। यद्यपि हिजोआज बेहुला दुलही लिन जन्तीका साथ दुलहीको घर वा पार्टी प्यालेस जाने भएकाले यसमा केही परिमार्जन आएको छ। व्रतवन्ध युवा अवस्थामा विवाह अघि गरिने एउटा धार्मिक अनुष्ठान हो जुन प्रायः सबै समुदायले गर्छन्।

यी धार्मिक खनुष्ठानमा कैयौं समान जुटाउनुपर्ने र यस्तो कार्यका लागि विज्ञ पुरोहित पाउन विदेशमा निकै गाह्रो हुनाले यस्ता किसिमको कार्य सामूहिक रूपमा संस्थाले आयोजन गरिदिनाले आफूहरूलाई सहज भएको अभिभावकहरू बताउँछन्।

बेल विवाह र व्रतवन्धका लागि चाहिने सामग्री आख्य (चामल) सिनम्हु, जलन्ह्याकं, सलिंचा,ज्यना, लप्टे, थायभुस (नेपाली कागज), अल (खुट्टामा लगाउने रातो रंग) सुकुन्डा, जजंका, दाफो स्वाँ, सुधाफो मदनफल, ईहीपर्सी (बेल विवाह गर्ने सारी) आदि ८० बढी सामग्री नेपालबाटै ल्याइँदै आएको छ। सामूहिक बेल विवाह तथा व्रतवन्ध सम्पन्न गर्नकै लागि यसपटक विज्ञ पुरोहित भूपति राज राजोपाध्यायलाई अमेरिकाको क्यालिफोर्नियाबाट झिकाइएको थियो।

पासापुचः गुठी युकेमा आबद्ध सदस्यहरूको सक्रियतामा नेवारी परम्परा एवं संस्कृतिअनुसार विविध धार्मिक संस्कारहरू नेपालबाहिर पनि जीवन्त राख्न सके नेवार समुदायको मात्र नभएर समग्र नेपाल र नेपालीहरूको समेत गौरव बढ्ने सोच अनुरूप सन २०10 देखि प्रत्येक वर्ष पासापुचः गुठी युके अल्डर्सटको आयोजनामा बेलायतमा संयुक्त इही पूजा (बेलविवाह) तथा कयता पूजा (व्रतबन्ध) हुँदै आएको छ।



केवल एक प्रश्न

# एउटा फोटोले ल्याएको फिल्मी तरंग

## सरोज खनाल प्रकरणमा चलचित्र विकास बोर्डको वक्तव्यपछि तपाईंको धारणा के छ ?

कलाकार राष्ट्रका गहना हुन् भन्ने कुरा किताबमा मात्र सीमित नहोस्, व्यवहारमा पनि लागू होस् ।

**अर्जुन तिवारी, छायाँकार**

दुवै पक्षले अबका दिनमा एक-अर्कालाई सम्मान गर्न सक्नुपर्छ ।

**सविन श्रेष्ठ, अभिनेता**

स्रष्टाको सम्मान भन्नु नै कलाको सम्मान हो र कलाको सम्मान गर्नुनै राष्ट्रको सम्मान गर्नु हो । हामीले यो कुरा कहिले बुझ्ने हो ? सरोजजीको अभिव्यक्ति सही छ ।

**सचिन रौनियार, गायक**

धेरै कुरा थाहा पाएर पनि बोल्न मिलेन वारि पनि आफ्ना पारी पनि आफ्ना ।

**केदार घिमिरे, अभिनेता**

म जस्तै एवार्डमा नजाने, दिए घरमा ल्याएर राख्दिने, नदिए मतलबै नगर्ने ।

**दीपकराज गिरी, अभिनेता**

सरोज खनालजस्ता टप सेलिब्रिटीले राष्ट्रपतिको सम्मान गर्नुपर्छ । राष्ट्रप्रमुखको बेइज्जत गर्ने काम गर्नु सरोज खनाल जस्तो व्यक्तित्वका लागि सुहाउने काम होइन । आफू ट्वाइलेटको कमोडमा बसेर अरूलाई फोटो खिच्न लगाउनु पक्कै पनि शोभनीय छैन ।

**सुप्रिया कटवाल, मोडल**



सर्वप्रथम त यो राष्ट्रले दिने सम्मान हो । यस्तो सम्मान सबै चलचित्रकर्मीको उपस्थितिमा राष्ट्रपति निवासभन्दा बाहिर दिएको राम्रो हुन्थ्यो, त्यो हुन सकेन । अर्को कुरा हामीमा पनि कमजोरी छ । एउटा राष्ट्रिय स्तरको कलाकार भएपछि जसरी राष्ट्रपतिको एउटा सेड्युल हुन्छ त्यसरी नै मैले पनि कति बेला के गर्ने, कहाँ बस्ने, कस्तो प्रस्तुति दिने पहिले नै फिक्स गरेर जानुपर्थ्यो । त्यो पनि भएन । नेपालमा जे पनि चल्छ भन्ने चलनले बिगारेको हो सबैलाई ।

**वसन्त सापकोटा, संगीतकार**

बोर्डले आफ्नो कमीकमजोरी मानेर समस्त कलाकारसँग माफी माग्नुपर्छ । गल्ती गर्ने अनि अझ ठूलो कुरा गरेर उल्टो नियोजित भन्नु बोर्डको नालायकीपन हो ।

**आमिर गौतम, कलाकार**

राष्ट्रियस्तरको यस्तो कार्यक्रममा व्यवस्थापन राम्रो हुनै पर्थ्यो तर त्यो कार्यक्रममा भएको कमीकमजोरी आमजनतामाझ ल्याउँदा त्यसबाट पर्ने नकारात्मक असरका सम्बन्धमा पनि सोच्नुपर्थ्यो कि ?

**वसन्त अधिकारी, निर्देशक**

कला र कलाकारितामा जीवन समर्पण गरेको सम्मानित कलाकारले कुनै पीडा नभई सामाजिक सञ्जालमा यसरी आफ्नो कुरा व्यक्त गर्दैन । सरोज खनाल प्रकरणमा चलचित्र विकास बोर्डले आफ्नो काम र जिम्मेवारीमा भएको गल्ती स्विकार नगरी उल्टै आरोप लगाउनु तमाम कलाकारको अपमान गर्नु हो । यसबाट गरिमामय संस्थामा कार्यरत व्यक्तिको कार्य क्षमतामा शंका गर्नुपर्ने हुन्छ ।

**किशोर भण्डारी, निर्देशक/कलाकार**

अग्रज कलाकार सरोज खनाल प्रकरणमा विकास बोर्डले वक्तव्य त निकाल्यो, तर पनि देशको यति ठूलो कलाकारले आफू अपमानित भएको समाचार बाहिर ल्याउँदा त्यसको सत्यताको छानबिन गर्नु आवश्यक छ । यदि त्यस्तो भएको हो भने सार्वजनिक रूपमै गल्ती स्वीकार गर्नुपर्छ र भविष्यमा त्यस्तो गल्ती नदोहोर्‍याउने प्रतिबद्धता व्यक्त गर्नु जरुरी छ ।

**आदित्य बुढाथोकी, निर्देशक/कलाकार**

विज्ञप्ति निकाल्ने भन्दा पनि व्यक्तिगत रूपमा बोलाएर छलफल गर्ने विषय थियो त्यो । सरोज खनालले पनि कार्यक्रम स्थलको प्राविधिक कठिनाइ बुझेर त्यस्तो फोटो पोस्ट नगरेकै भए हुन्थ्यो ।

**दीपेन्द्र लामा, निर्देशक**

त्यो एवार्ड नभई गेटटुगेदर हो । अगाडि बस्ने ठाउँमा सबैजना मजाले बसेर हेर्छन् । पछाडि प्रस्तुति दिने मान्छेलाई कति दुःख हुन्छ, मैले पनि भोगेकी छु । सरोज खनालले आवाज उठाउनुभयो, राम्रो गर्नुभयो । यसरी स्टेज पर्फमेन्स गर्नेहरूलाई राम्रो पारिश्रमिक पनि छैन, उनीहरूलाई राम्रो सुविधा पनि छैन ।

**अनु शाह, अभिनेत्री**

यो आफू भाइरल हुन गरेको कामजस्तो लाग्यो । ट्वाइलेटमै बस्नु र फोटो रिलिज गर्नु आवश्यक थिएन । आराम गर्न ट्वाइलेट बाहेक पनि अरू ठाउँ पनि थिए होलान् । उहाँ जस्तो सिनियर मानिसले व्यवस्थापनबाट गल्ती भए पनि पूरै राष्ट्रको बेइज्जत हुने गरी तस्बिर पोस्ट गर्न नहुने हो । उजुरी गर्ने अरू धेरै बाटा थिए ।

**हसन रजा खान, अभिनेता**



विज्ञप्तिको पाँचवटा बुँदा पढ्दा अचम्म लाग्यो । राष्ट्रपति ओहोदा राष्ट्रको इज्जत हो । देशले मानेको सरोज खनाल जस्तो वरिष्ठ कलाकारले सानोतिनो कुरालाई लिएर राष्ट्रको बेइज्जत हुने गरी क्रियाकलाप गर्नु भनेको उहाँका लागि नै घातक परिस्थितिको सिर्जना गर्नु हो । त्यति ठूलो राष्ट्रपति भवनमा उहाँका लागि बस्ने सिट नै नभएको कुरा सुन्दा मुन्द्रेको कमेडी क्लब हेरे जस्तो लाग्यो ।

**तेन्जिङ शेर्पा, इभेन्ट म्यानेजर**

सरोज खनाल नेपालका वरिष्ठ कलाकार हुनुहुन्छ । उहाँ सरल र एकदम असल मान्छे हुनुहुन्छ । देशको यति ठूला कलाकारलाई कहीं केही नराम्रो भयो होला र नै, उहाँले आफ्नो पीडा पोख्नुभयो । उहाँले जे गर्नुभयो, ठीक गर्नुभयो किनभने कलाकारलाई इज्जत दिन जान्नुपर्छ ।

**नीलडेबिड कटवाल, हेयर स्टाइलिस्ट**

पहिलो कुरा राष्ट्रपति निवासमा औपचारिक नृत्य यस्तो नृत्य, त दरबारमा नि हुँदैनथ्यो । उक्त हलमा नाँच्ने-गाउने किसिमको स्टेज, मेकअप रुम, लाइट, पर्दा आदि छैनन् र त्यो राष्ट्रपतिको आग्रहमा नभै चाकडी प्रदर्शनका कारण भएकाले त्यस्तो समस्या सिर्जना हुनु अस्वभाविक भएन । अर्कै उद्देश्यले बनेको सानो कोठामा पुरुष-महिला सबै सेलिब्रेटीलाई भेंडा जस्तो कोच्चिनुमा राष्ट्रपतिको के दोष ? तर सरोज खनाललाई कमोडमा पर्खन कसैले लगाउने कुरा नभई यो एक किसिमबाट आयोजकहरूबाट बिना अग्रिम योजना र बन्दोबस्त हुन गएको अपमानजनक दुर्दशाका विरुद्धमा गरेको विद्रोहको नाटकीयकरण हो । यस्तै, रंगमञ्च नभएको स्थानमा मनोरञ्जक कार्यक्रम राखेर गाईजात्रा गरिसकेपछि गल्तीप्रति माफी माग्ने भद्रताको साटो उपलब्ध सानो टालोले अर्कातिर छोप्न खोज्दा एकतिर झन् उदाङ्गिन त पुगेन ? राष्ट्रपति कार्यालयले पनि कार्यक्रमका लागि रंगमन्च र अन्य सुविधा नभएको स्थानमा राष्ट्र कै उच्चतम कलाकारहरूबाट स्टेज सो गर्न दिने कार्य गलत भयो ।

**राजेन्द्र थापा, गीतकार**

कुनै पनि कलाकारले त्यस्तो ठाउँमा गएर आफ्नो बेइज्जत आफैं गर्दैन । सम्भवतः राष्ट्रपतिको बेइज्जत भयो भनेर विकास बोर्डमा फोन आयो । त्यस्तो प्रतिष्ठित ठाउँमा त कलाकारको मूल्य छैन भने अरु ठाउँमा के होला ? सरोज खनालले उठाएको आवाज एकदम सही छ । भोलि अरू कलाकारले पनि त्यस्तो स्थितिको सामना गर्नु नपरोस् ।

**कविता रेग्मी, कलाकार**

कलाकार सरोज खनालको नियत यथार्थ कुरा बाहिर ल्याउनु नै थियो होला जस्तो लाग्छ । यो प्रकरणले आगामी दिनलाई पाठ दिएको छ । ट्वाइलेटलाई कपडा फेर्ने ठाउँ बनाउनु व्यवस्थापनको कमजोरी नै हो । यो कुरामा चलचित्र विकास बोर्डले पहिले नै राम्रो व्यवस्था गर्न सक्नुपर्थ्यो । पछिल्लो पटक आएको वक्तव्य अलि निष्पक्ष भएन जस्तो लाग्यो ।

**सुविन्द्र केसी, गायक**


भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!

बिगत १९ बर्ष देखि इन्जिनियरिङ्ग बिषयमा गुणस्तरिय शिक्षा प्रदान गर्दै आएको CTEVT बाट सम्बन्धन प्राप्त यस

ACME COLLEGE OF ENGINEERING

Banasthali, Kathmandu मा निम्न संकायमा भर्ना खुल्यो ।

Programs

- Diploma in Civil Engineering - 3 yrs
- Diploma in Computer Engineering - 3 yrs
- Diploma in Electronics Engineering - 3 yrs

- न्यूनतम शैक्षिक योग्यता – SEE उतिर्ण (गणीत, बिज्ञान बिषयमा C Grade र अंग्रेजी बिषयमा D+ Grade न्यूनतम प्राप्त)
- फारम भर्ने मिति : २०७६ असार २२ गते देखि साउन १२ गते सम्म
- परिक्षा मिति : २०७६ साउन २२ गते बुधबार (बिहान ७:०० बजे देखी)

नोट : ग्रेड सुधारको लागि परिक्षा दिएका विद्यार्थीहरुले पनि फारम भर्न पाईनेछ ।

थप जानकारीका लागी

ACME COLLEGE OF ENGINEERING

Banasthali, Kathmandu

Phone No. : 01-4381335,4360503, 9851210077

नोट : शनिबार पनि कलेज खुला रहने छ ।

www.acmecollege.edu.np | www.facebook.com/acmeclz

# सुस्ताउँदै तीज गीत

महेश तिमल्सिना







तीज आउन करिब डेढ महिना बाँकी छ, तर तीजका गीत बजारमा घन्किन थालिसकेको छ । रेडियो, टेलिभिजनका साथै युट्युब सामाजिक सन्जालहरू तीज गीतका भाका गुन्जिन थालेका छन् । त्यससँगै लोकदोहोरी क्षेत्रका गायक, गायिकादेखि नर्तक, नृत्यांगनासम्मलाई तीज गीतको चटारोले छोपेको छ । कतिपयले यो वर्षको तीज गीत सार्वजनिक गरिसके भने कोही तयारीमा जुटेका छन् । यद्यपि विगतको वर्षको तुलनामा यसपालि तीजगीतको रेकर्डिङ सुस्ताएको संगीतकर्मीहरु बताउँछन् ।

हरेक वर्षको तीजमा जस्तै राष्ट्रिय सभा सदस्य तथा गायिका कोमल वलीले यो वर्ष 'छड्के तिलहरी' गीत बजारमा ल्याइसकेकी छिन् । उक्त गीतमा कोमल तथा उनकी बहिनी प्रज्ञा वली 'शरद'को स्वर सुन्न सकिन्छ । दिदीबहिनीको सम्बन्धमा आधारित यो गीत यतिबेला चर्चामा छ । विगतका वर्षमा आधा दर्जनजस्तो तीज गीतमा स्वर दिने वलीको स्वास्थ्यमा समस्या आएका कारण यो वर्षको तीजमा यही एउटा मात्र तीज गीत बजारमा आउने भएको हो । वली भन्छिन्, 'अरु तीज गीत पनि गाउने कुराकानी भैरहेको थियो, तर बिसन्चोका कारण गाउन सकिनँ ।' वलीले केही वर्षयता गायक पशुपति शर्मासँगको सहकार्यमा तीज गीत गाउँदै आएकी थिइन्, यसपालि पनि पशुपतिले उनका लागि गीत तयार पारेका थिए, तर स्वास्थ्यमा समस्या आएपछि उक्त गीत गाउन नसकिएको वली बताउँछिन् ।

तीज गीत र गायक पशुपति शर्मा एक अर्काका पर्याय हुन् । त्यसो त उनी अहिले तीज गीतको तयारीमा जुटेका छन् । उनको शब्द, संगीत तथा स्वरको 'सुहायो चौपट्टै' तीज गीत सार्वजनिक भैसकेको छ । उक्त गीतमा देवी घर्तीमगर, राजु ढकाल र सुमित्रा घर्तीको स्वर तथा अभिनय छ । आफ्नै शब्द-संगीतमा तीज गीत गाउँदै आएका शर्मा यो वर्ष तीनवटाभन्दा बढी तीज गीत नगाउने सोचमा छन् । शर्मा भन्छन्, 'परार सालको तीजमा १२ वटा गीत गाएँ, जसमध्ये २ वटामात्र हिट भए, पोहोर ५ वटा गाएँ, एउटा मात्र हिट भयो त्यसैले यसपालि ३ वटामात्र गाउने सोचमा छु ।' यो वर्ष पशुपतिले सिर्जना गरेको 'सुहायो चौपट्टै' गीत देवी घर्तीले आफ्नो लगानीमा निर्माण गरेकी हुन्, भने अरु दुईवटा गीतमा पनि अरु नै गायिकाको लगानी रहनेछ ।

तीजका समयमा थुप्रै गीत सार्वजनिक हुन्छन्, जसमध्ये केही गायक-गायिकको गीतले मात्र लोकप्रियता पाउँछ । 'त्यसैले तीज गीतमा घाटा छ ।' शर्मा भन्छन्, 'तीज गीत हिट भएर गायक-गायिकालाई स्टेज कार्यक्रमको अवसर आयो भने फाइदा हुन्छ, तर तीज गीतको म्युजिक भिडियो मात्र बनाएर कुनै फाइदा हुँदैन ।' गायक शर्माको सबैभन्दा बढी आम्दानी हुने भनेको यही तीजमा हो । तीजका बेला उनी देश-विदेशका स्टेज कार्यक्रममा निकै व्यस्त हुन्छन् । यतिबेला स्टेज कार्यक्रमबाट १० लाखको हाराहारीमा कमाई गर्ने गायक शर्मा बताउँछन् ।

तीजका बेला गायक खुमन अधिकारीका गीतले पनि सर्वाधिक चर्चा पाउँछन् । यो वर्ष अधिकारीकै शब्द संगीत तथा स्वरको 'सरर बतास' तीज गीत सार्वजनिक भैसकेको छ । यो गीतले चर्चा कमाइरहेको छ । त्यसबाहेक उनकै शब्द तथा संगीतको ६ वटा तथा अरूको सिर्जनाका करिब ४ वटा गीत सार्वजनिक हुने क्रममा छन् । खुमनको शब्द संगीत तथा स्वरको पैसा मागौं कि, लेउ लाग्यो तथा शीर्षक राख्न बाँकी तीनवटा गीत सार्वजनिक हुने तयारीमा रहेको अधिकारी बताउँछन् । गत वर्ष २६ वटा तीज गीतमा स्वर दिएका अधिकारी यो वर्ष भने १० वटा गीतमा सीमित हुँदैछन् । अधिकारी भन्छन्, 'यो वर्ष क्वान्टिटीभन्दा पनि क्वालिटीमा बढी जोड दिदैछु । गत वर्ष २६ वटा तीज गीत गाए पनि २ वटा मात्र हिट भए, त्यसैले यसपालि थोरै गीत गाउँछु, सबै हिट गराउने प्रयत्न गर्नेछु ।'

तीजमा गायक रामजी खाँडका गीत पनि त्यत्तिकै घन्किन्छन् । यो वर्ष खाँडका तीज गीत सार्वजनिक भएका छैनन् । यद्यपि उनले मोडलिङ गरेका केही गीत भने सार्वजनिक भएका छन् । रामजीले अहिलेसम्म १२ वटाभन्दा बढी तीज गीतको भिडियोमा अभिनय गरिसकेका छन् भने आफ्नो स्वरको २ वटा तीज गीत 'तीजैको खजना' र 'तीजै आयो बरिलै' सार्वजनिक हुने क्रममा छन् । गायनमा भन्दा मोडलिङमा बढी व्यस्त हुँदै गएका खाँड आफूले एउटा म्युजिक भिडियोमा अभिनय गरेबापत २५ हजार र गीत गाएबापत १५ हजार पारिश्रमिक लिने बताउँछन् । विगतका वर्षहरूमा खाँड देश तथा विदेशका तीज विशेष कार्यक्रमहरूमा व्यस्त हुन्थें । यद्यपि यो वर्ष उनी आइएमई लोक स्टारको निर्णायकको भूमिकामा व्यस्त रहने भएकाले तीजमा नेपालमै रहने बताउँछन् । खाँड भन्छन्, 'तीजका बेला नै लोक स्टारको सुटिङ पर्ने भएकाले यसपालि नेपालमै हुन्छु ।' नेपालमै रहे पनि देशका स्टेज कार्यक्रम, गायन एवं मोडलिङबाट यसपालिको तीजमा करिब १० देखि १२ लाखको हाराहारीमा कमाइ गर्ने उनको लक्ष्य छ ।

गायिका राधिका हमाल तीजको रंगमा नरंगिने कुरै भएन । यद्यपि विगतको तुलनामा यसपालि उनको पनि गीतको संख्या घटेको छ । हमालले यसपालि आफ्नै शब्द तथा संगीतको २ वटा गीत तथा अन्य सर्जकको ७ वटा गरी ९ वटा गीत गाएकी छिन् । उनको स्वरको दुपट्टा सारी र टिकटक गीत सार्वजनिक भैसकेको छ, भने उनकै शब्द संगीतको म त भाग्यमानी र जीवनसाथी सार्वजनिक हुने क्रममा छन् । त्यसबाहेक चरी, हे दिदीबहिनी हो, हाम्रो नेपालमा, गाना बजाना, जापानको सारी आदि गीत सार्वजनिक हुने तयारीमा छन् । हमाल एउटा गीतमा स्वर दिएबापत २० हजार पारिश्रमिक लिन्छिन् । तीजताका देश तथा विदेशका स्टेज कार्यक्रममा व्यस्त हुने हमाल यसपालि अस्ट्रेलिया, दुबई, जापान आदि देशमा प्रस्तुति दिँदैछिन् । तीजको समयमा करिव चार देखि पाँच लाखको हाराहारीमा कमाई हुने उनको अनुमान छ ।

विगतका वर्षहरूमा जस्तै गायक बद्री पंगेनीले यो वर्ष दुईवटा मात्र गीत सार्वजनिक गर्ने तयारी गरेका छन् । उनको तीजको दर र अर्को एउटा गीत सार्वजनिक हुने तयारीमा छन् । त्यसबाहेक पंगेनी तीज विशेष कार्यक्रमका लागि अस्ट्रेलिया, जापान, भारत आदि देश पुग्दैछन् ।

गायिका देवी घर्तीले यसपालि गायक पशुपति शर्माको सहकार्यमा 'सुहायो चौपट्टै' गीत सार्वजनिक गरिसकेकी छिन् । यो गीत उनले आफ्नै लगानीमा निर्माण गरेकी हुन् । उक्त गीत निर्माणमा करिब १ लाख ५० हजार खर्च भएको घर्ती बताउँछिन् । आफ्नै लगानीबाहेक घर्तीले यसपालि १५ वटा गीतमा स्वर दिएकी छिन् जसमध्ये मसान, चरी बस्यो, चर्तिकला मायालु, क्या राम्री देखियौ सार्वजनिक भएका छन् भने बाँकी गीत सार्वजनिक हुने तयारीमा छन् ।

गत वर्ष ८३ वटा तीज गीतमा स्वर दिएकी गायिका पूर्णकला बिसीले यसपालि १० वटामात्र तीजगीत गाएकी छिन् । उनको स्वरमा सजिएको हत्तेरी, टिकटक, झन्डुबाम, बाबाको बारी आदि गीत सार्वजनिक भैसकेका छन् भने बाँकी गीत सार्वजनिक हुने तयारीमा छन् । बिसी एउटा गीतमा स्वर दिएबापत १० हजार पारिश्रमिक लिन्छिन् ।

गायक प्रकाश सपूत यसपालि तीज गीत नल्याउने मनस्थितिमा छन् । केही समयअघि मात्र गलबन्दी आएपछि देश-विदेशका कार्यक्रममा व्यस्त हुनु परेकाले तीज गीतका लागि समय दिन नपाएको सपुत बताउँछन् । प्रकाश भन्छन्, 'गलबन्दीपछि बाहिरका कार्यक्रममा व्यस्त भएँ साथै गलबन्दीको विषयलाई लिएर सीर्जित खटपटले पनि रचनात्मक कार्यमा लाग्न पाइनँ, त्यसैले यो वर्ष मेरो तीज गीत आउँदैन ।' गायनका साथै मोडलिङमा समेत व्यस्त सपूतले यसपालि विगतको जस्तो तीजका म्युजिक भिडियोमा समेत अभिनय गरेनन् । प्रकाशका अनुसार गत वर्ष उनले ३० वटाभन्दा बढी तीज गीतमा अभिनय गरेका थिए, तर यसपालि ५/६ वटामात्र गीतको भिडियोमा मात्र अभिनय गरेका छन् । प्रकाश एउटा म्युजिक भिडियोमा अभिनय गरेबापत ४० देखि ५० हजार पारिश्रमिक लिन्छन् । गायक सपूत यो वर्षको तीज विशेष कार्यक्रमका लागि अष्ट्रेलिया, साइप्रस, कतार, हङकङ, कोरिया आदि देश पुग्दैछन् ।

## करोडौं लगानी, आशा स्टेजको

नेपाली सांगीतिक क्षेत्रमा कति गीत रेकर्ड भए, कति सार्वजनिक भए, कुन गीतले राम्रो गरे अथवा कुन गीत असफल भए भन्ने लेखाजोखा राख्ने कुनै निकाय छैन । तैपनि तीजमा भने अरू बेलाको तुलनामा बढी गीत रेकर्ड हुने रेकर्डिङ स्टुडियो सञ्चालकहरू बताउँछन् । यो वर्ष ५ सयजति तीज गीत युट्युबमार्फत सार्वजनिक हुन सक्ने संगीतकार बिनोद बाजुरालीको अनुमान छ । एउटा गीत रेकर्ड भएर भिडियो निर्माण हुँदासम्म करिब १ लाख ५० हजारदेखि २ लाख रुपैयाँ खर्च हुने गायक पशुपति शर्मा बताउँछन् । यसरी एउटा तीज गीतको निर्माण खर्च १ लाख ५० हजार नै राख्दा पनि ५ सय गीतका लागि ७ करोड ५० लाख खर्च हुन्छ । यद्यपि त्यसको प्रतिफल भने नगण्य हुने संगीतकार बाजुराली बताउँछन् । गायक-गायिकाले गीतमा लगानी गर्छन्, तर त्यसबाट प्रतिफलको आशा नभएर स्टेज कार्यक्रमको आशाले गीतमा लगानी गरिने संगीतकर्मीहरू बताउँछन् ।

## रेकर्डिङ घट्यो

विगतको तुलनामा यो वर्ष तीज गीतको रेकर्डिङ घटेको गायक-गायिका तथा रेकर्डिङ स्टुडियो सञ्चालकहरू बताउँछन् । पहिले तीजका गीत रहरले निकाल्थे, तर यो खर्च मात्र हो भन्ने कुरा बुझेपछि अहिले धेरैजसोले तीज गीत निर्माण गर्न छाडेको राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपालका अध्यक्ष तथा गायक बद्री पंगेनी बताउँछन् । अध्यक्ष पंगेनी भन्छन्,'पैसा भएका तर कला नभएकाहरूले पनि गीत तयार गर्थे, तर यो क्रम बिस्तारै घट्दै गएको छ, यो लोकदोहोरी क्षेत्रका लागि राम्रो कुरा हो ।'

# तीन महिनामा कति चले नेपाली चलचित्र


अघिल्लो वर्ष २०७५ मा नेपाली चलचित्रको व्यापारिक अवस्था निराशाजनक थियो भने नयाँ वर्ष २०७६ को आगमनसँगै निराशाजनक अवस्थामा सुधार आउला भन्ने चलचित्रकर्मीमा ठूलो आशा थियो । यद्यपि २०७५ को चैत मसान्तमा रिलिज चलचित्र ए मेरो हजुर ३ र यात्रा : ए म्युजिकल ब्लगदेखि असार मसान्तमा रिलिज चलचित्र सानो मनसम्मको व्यापार हेर्दा आशा गर्ने ठाउँ देखिएको छैन । यो अवधिमा दुई चलचित्रले सुपरहिट व्यापार गर्दा दुई चलचित्रले मात्र औसत व्यापार गरे । बाँकी चलचित्र असफलको सूचीमा दरिए । चैत मसान्तदेखि असार मसान्तसम्मको चलचित्रको व्यापारका विषयमा साप्ताहिकले चलचित्रका निर्देशक, निर्माता तथा वितरकहरुबाट लिएको रिपोर्ट :

## ए मेरो हजुर-३




**प्रदर्शन मिति** : चैत ३०, २०७५
**निर्देशक** : झरना थापा
**कलाकार** : अनमोल केसी, सुहाना थापा, सलोन बस्नेत, रेअर राई, रवीन्द्र झा, रूपा घिसिङ, रक्षा गौतम, विशाल पहाडी तथा सरोज खनाल ।
**लगानी** : २ करोड १५ लाख
**व्यापार (दाबी)** : ९ करोड ७३ लाख
**नतिजा** : सुपरहिट

## यात्रा : ए म्यूजिकल ब्लग



**प्रदर्शन मिति** : चैत ३०, २०७५
**निर्देशक** : सम्राट शाक्य
**कलाकार** : सलिनमान बनियाँ, सलोन बस्नेत, मलिका महत, रेअर राई, जान्हवी बस्नेत, प्रेक्षा बज्राचार्य, धीरेन शाक्य, राजाराम पौडेल, विशाल कटवाल, विशाल पहाडी, प्रज्ज्वल भट्टराई, देशभक्त खनाल, कमल मैनाली तथा सौगात शर्मा ।
**लगानी** : ३ करोड
**व्यापार (दाबी)** : ३ करोड
**नतिजा** : असफल

## कालो वर्ष



**प्रदर्शन मिति** : वैशाख १३, २०७६
**निर्देशक** : लक्षु गौतम
**कलाकार** : ओकेस पनेरू, अनुपा खड्का, पवन भट्टराई, सुरेन्द्र बुढाथोकी, रश्मि शाह, रविन भुजेल, अशोक पहरी, करन साउद, डिजे सन्दीप खत्री, दिनेश सापकोटा आदि ।
**लगानी** : ५० लाख
**व्यापार (दाबी)** : १२ लाख
**नतिजा** : असफल

## दाल भात तरकारी




**प्रदर्शन मिति** : वैशाख १३, २०७६
**निर्देशक** : सुदन केसी
**कलाकार** : मदनकृष्ण श्रेष्ठ, हरिवंश आचार्य, निरुता सिंह, आँचल शर्मा, प्रियंका कार्की, पुष्प खड्का, वर्षा राउत, किरण केसी, राजाराम पौडेल, वसुन्धरा भुसाल, मोहितवंश आचार्य, रविन तामाङ, विल्सनविक्रम राई तथा जयनन्द लामा ।
**लगानी** : २ करोड १५ लाख
**व्यापार (दाबी)** : ९ करोड
**नतिजा** : हिट

## पसिना




**प्रदर्शन मिति** : वैशाख २७, २०७६
**निर्देशक** : आरबी खत्री शरद
**कलाकार** : अनु शाह, गौरव पहारी, ध्रुव कोइराला, सरोज खनाल, रवि गिरी, जयनन्द लामा, सरोज अर्याल, शान्ति गिरी ।
**लगानी** : ६० लाख
**व्यापार (दाबी)** : हिसाबकिताब आउन बाँकी
**नतिजा** : असफल

## वीर विक्रम-२



**प्रदर्शन मिति** : जेठ ३, २०७६
**निर्देशक** : मिलन चाम्स
**कलाकार** : पल शाह, नाजिर हुसेन, वर्षा शिवाकोटी, बुद्धि तामाङ, देशभक्त खनाल, मनीष लिम्बू, विनीशा भण्डारी, विनोद सुवेदी खत्री, सुयांस खड्का, सौरभ साह, क्रिजन गौतम, सन्तोष खनाल, मनोज केसी ।
**लगानी** : १ करोड २५ लाख
**व्यापार (दाबी)** : १ करोड ९५ लाख
**नतिजा** : औसत

## जात्रैजात्रा



**प्रदर्शन मिति** : जेठ ३, २०७६
**निर्देशक** : प्रदीप भट्टराई
**कलाकार** : वर्षा राउत, विपिन कार्की, रवीन्द्र झा, रवीन्द्रसिंह बानियाँ, प्रकाश घिमिरे, अंशु महर्जन, दयाहाङ राई, राजाराम पौडेल, सोहित मानन्धर, कालु राना, कृष्णभक्त महर्जन, कवीन्द्र पाण्डे, प्रेम पाण्डे, साजन थापा मगर, प्रियंका झा, शर्मा जी, लक्ष्य श्रेष्ठ तथा अर्विन खड्का ।
**लगानी** : १ करोड ९७ लाख
**व्यापार (दाबी)** : ९ करोड ७८ लाख
**नतिजा** : सुपरहिट

## कप्स




**प्रदर्शन मिति** : जेठ १७, २०७६
**निर्देशक** : सम्राट सापकोटा
**कलाकार** : अनुपविक्रम शाही, सन्दीपा लिम्बू, अमित गिरी, रामराजा क्षेत्री, अनुपमा भण्डारी, निरुता स्याङ्तान, सुन्दर श्रेष्ठ, रोशन सुवेदी तथा पुरन जोशी ।
**लगानी** : १ करोड ८० लाख
**व्यापार (दाबी)** : ८०-९० लाख
**नतिजा** : असफल

## कुम्भकरण




**प्रदर्शन मिति** : जेठ १७, २०७६
**निर्देशक** : दीपक ओली
**कलाकार** : निशा अधिकारी, गौरव पहारी, भोलाराज सापकोटा, अभय बराल, प्रमोद अग्रहरि, आकाश पल, कुलदीप अधिकारी, कमल गाउँले तथा प्रतिभा क्षेत्री ।
**लगानी** : ८० लाख
**व्यापार (दाबी)** : ३२ लाख
**नतिजा** : असफल

## काउसो



**प्रदर्शन मिति** : जेठ १७, २०७६
**निर्देशक** : मदन घिमिरे
**कलाकार** : सविन श्रेष्ठ, अर्जुन गुरुङ, अनु पराजुली, रामचन्द्र अधिकारी, सुरेन्द्र चापागाईं तथा नवीन आचार्य ।
**लगानी** : ४५ लाख
**व्यापार (दाबी)** : ४० लाख
**नतिजा** : असफल

## रेस




**प्रदर्शन मिति** : जेठ २४, २०७६
**निर्देशक** : किशोर सुब्बा,
**कलाकार** : नीता ढुंगाना, पुष्पा लिम्बू, सुलेमान शंकर इकु, किरण केसी, रवीन्द्र खड्का, सुभास गजुरेल, हस्त लिवाङ, रविन लिवाङ, जियान, एजेस सैंजु
**लगानी** : ७२ लाख
**व्यापार (दाबी)** : हिसाबकिताब आउन बाँकी
**नतिजा** : असफल

## प्रेमदिवस




**प्रदर्शन मिति** : जेठ ३१, २०७६
**निर्देशक** : योगेश घिमिरे
**कलाकार** : प्रियंका कार्की, आयुष्मान देशराज जोशी, हेमन्त बुढाथोकी, शिवशंकर रिजाल, उत्तम केसी, सञ्जय न्यौपाने, श्रीकृष्ण लुईंटेल तथा विशाल खरेल ।
**लगानी** : १ करोड ३५ लाख
**व्यापार (दाबी)** : ६० लाख
**नतिजा** : असफल

## आप्पा




**प्रदर्शन मिति** : असार १३, २०७६
**निर्देशक** : अनमोल गुरुङ
**कलाकार** : दयाहाङ राई, तुलसी घिमिरे, सिद्धान्तराज तामाङ, अल्लोना काबो लेप्चा तथा अरुणा कार्की ।
**लगानी** : १ करोड
**व्यापार (दाबी)** : ४ करोड ७५ लाख (नेपालमा १ करोड ३० लाख र भारतमा १ करोड ८८ लाख भारु)
**नतिजा** : औसत


## कीर्तिपुर




**प्रदर्शन मिति** : असार १३, २०७६
**निर्देशक** : प्रदीप खड्गी
**कलाकार** : एशराज गराच, हिसिला महर्जन, मदनदास श्रेष्ठ, सुशील राजोपाध्याय, लक्ष्मी गिरी, सुरवीर पण्डित तथा विनेश श्रेष्ठ ।
**लगानी** : ७० लाख
**व्यापार (दाबी)** : ९० लाख
**नतिजा** : औसत

## विकेन्ड सेलिब्रेसन

# मदनकृष्णलाई सलाम



वरिष्ठ अभिनेता मदनकृष्ण श्रेष्ठले गाएका थुप्रै गीत लोकप्रिय छन्। श्रेष्ठले हास्य कलाकारिताका साथै सांगीतिक क्षेत्रमा पुऱ्याएको योगदानको कदर गर्दै रेडियो कान्तिपुरले उनलाई यो महिनाको 'सलाम ज्यूँदो इतिहासलाई' मा प्रस्तुत गर्दैछ। रेडियो कान्तिपुरको स्टुडियोमा भोलि शनिबार बिहान ८ बजेपछि प्रारम्भ हुने उक्त कार्यक्रममा कलाकार श्रेष्ठका लोकप्रिय गीतहरू विभिन्न गायक-गायिकाले प्रस्तुत गर्नेछन्। यो कार्यक्रम मध्यान्ह १२ बजेसम्म रेडियो कान्तिपुरको तरंग तथा रेडियोको फेसबुक पेजबाट प्रत्यक्ष प्रसारण हुने बताइएको छ।

## विकेन्ड कन्सर्ट



# नाइट वीथ विश्व नेपाली

का:शी क्याफे, लाउन्ज एण्ड बार कीर्तिपुरले अ नाइट विथ विश्व नेपालीको आयोजना गर्दैछ। भोलि शनिबार बागभैरव बुटिक कीर्तिपुरमा प्रस्तुत हुने उक्त कार्यक्रममा विश्वसँगै जा ब्यान्डले पनि प्रस्तुति दिनेछ। २ सय ५० रुपैयाँ शुल्क तोकिएको उक्त इभेन्ट साँझ ५ बजेदेखि ९ बजेसम्म चल्ने बताइएको छ।

## विकेन्ड ड्रिंक्स

# बाह्रसिंगे बियर

चार वर्षअघि ओल्ड दरबार ह्विस्की बजारमा ल्याउने यति डिस्टिलरीले याक ब्रुअरीमार्फत बाह्रसिंगे बियर बजारमा उतारेको छ। बियर उत्पादनका लागि कम्पनीले चितवनको कुरिनटारमा उद्योग स्थापना गरेको छ। बाह्रसिंगे बियरमा अहिले स्ट्रङ भर्जन मात्र उपलब्ध छ। यो बियरको बजार विस्तारपछि प्रिमियम बियरको उत्पादन थाल्ने ब्रुअरीले जनाएको छ। बाह्रसिंगे बियरमा ६ प्रतिशत अल्कोहल छ भने यो जर्मन प्लान्टमा उत्पादन भैरहेको छ।




## विकेन्ड हाइक

# जगडोल–तारेभिर–सुन्दरीजल हाइक




हाइक फर नेपालले आयोजना गर्ने जगडोल–तारेभिर–सुन्दरीजल हाइकिङ भोलि शनिबार बिहानै सुरु भएर साँझ ५ बजे सम्पन्न हुनेछ। हाइकिङमा जान चाहनेले बिहान ६:४५ बजे भृकुटीमण्डपको प्रदर्शनी हल अगाडि आउनुपर्नेछ। पहिलो पटक हाइक फर नेपालमार्फत हाइकिङ जान चाहनेहरूले १ हजार १ सय ७५ र यसअघि नै हाइक फर नेपालमार्फत हाइकिङ गैसकेकाले ६ सय २५ रुपैयाँ शुल्क तिर्नुपर्ने बताइएको छ। उक्त शुल्क शिवपुरी नेशनल पार्कको प्रवेश शुल्क, टिसर्ट, ट्रान्सपोर्टेसन, गाइड चार्ज तथा इमर्जेन्सीका लागि आवश्यक पर्ने फस्ट एड किटका लागि हो।

## विकेन्ड लाइभ

# एड्रिन प्रधान अनप्लग्ड

गैरीधारास्थित लस स्कोबारले एड्रिन प्रधान अनप्लग्डको आयोजना गर्दै छ। आज शुक्रबार साँझ ६ बजेदेखि भोलि शनिबार बिहान २:३० बजेसम्म चल्ने उक्त कार्यक्रममा एड्रिनको लाइभ संगीत सुन्न १ हजार शुल्क तिर्नुपर्नेछ जसमा एक क्यान बियर नि:शुल्क उपलब्ध हुने बताइएको छ।



## विकेन्ड खाना

# साउने खाना



### खीर

खीर साउन महिनामा खाइने मुख्य परिकार हो। दूध तथा चामलको समिश्रणबाट तयार गरिने खीर बनाउने विधि विभिन्नमा स्थान र जातिअनुसार फरक-फरक छ। खीर बनाउने विधि फरक भए पनि यसको स्वाद भने लगभग एउटै हुन्छ। साउन महिनामा खीर खाइनुको वैज्ञानिक तथा प्राकृतिक कारण छ। विज्ञान सम्मत मान्यताअनुसार खीरले शरीरमा ऊर्जा वृद्धि गर्छ। साउन महिनामा पानीले भिजेको शरीरलाई तताउन खिरबाट प्राप्त हुने ऊर्जाले महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्छ। प्राकृतिक मान्यताअनुसार साउन महिनामा खीर खाइनुको कारण दूधको बढी उत्पादन हो। गाईवस्तुले हरियो घाँस बढी खाँदा उनीहरूले दिने दूध अघिपछिको भन्दा पातलो हुन्छ। यस्तो दूध दही जमाएर नौनी निकाल्ने प्रयोजनमा प्रयोग गरिदैन। त्यसैले दूधको प्रचुरताका कारण खीर खाएर दूधको खपत गरिन्छ।

**आवश्यक सामग्री:** दूध, चामल, चिनी, मरिच, सुकमेल, नरिवल, काजु-किसमिस, ध्यू आदि।

**विधि:** सबैभन्दा पहिले दूध उमाल्ने। उम्लिने क्रममा दूधको मात्रा घटेर दुई तिहाई रहेपछि त्यसमा चामल हाल्ने। चामललाई पाक्न दिने। चामल पाकेर दूध बाक्लो हुन थालेपछि मरिच तथा सुकमेलको धुलो हाल्ने। त्यसपछि मसिनो गरी काटिएको नरिवल, काजु, किसमिस आदि मसला हाल्ने भने अन्तमा चिनी हालेर चलाउने। आगोबाट निकाल्नु अघि पाकेको खिरमा माथिबाट ध्यू छर्कने। यसरी तयार भएको खीर तात्तातै वा चिस्याएर खान सकिन्छ। खीरसँग पुरी वा सुख्खा रोटी पनि खाने चलन छ।

### हरियो मकैको रोटी

**सामग्री :** हरियो मकै, नुन तथा घ्यू।

**विधि :** सबैभन्दा पहिले अलि-अलि छिप्पिएको, अलि- अलि दूधे मकै छानेर गेडा छोडाउने। त्यसपछि उक्त गेडालाई सिलौटामा मसिनो हुने गरि पिस्ने। यसरी पिसिएको लेदोमा सुकेको मकैको तयारी पिठो मिसाएर रोटी पकाउन योग्य लेदो बनाई आवश्यकताअनुसार नुन हाल्ने। उक्त लेदोलाई तावामा चटामरी वा चाम्रे रोटी जस्तै गरी पकाउने। यस्तो रोटी पकाउँदा स्वादका लागि नुनको ठाउँमा चिनी पनि हाल्न सकिन्छ। यो रोटी कुनै पनि अचारका साथ नास्ता वा खानाका रुपमा खान मिल्छ।

### साँधेको हरियो भटमास

**सामग्री :** हरियो भटमास, मसिनो गरी काटिएको अदुवा, लसुन तथा हरियो खुर्सानी, मसिनो गरी काटिएको बियाँ तथा गुदी निकालिएको अधकल्चो गोलभेंडा, नुन, कागतीको रस, तोरीको तेल एवं मेथीको गेडा।

**विधि :** हरियो भटमासलाई पाक्ने गरी उसिनेर छोडाउने। त्यसपछि त्यसमा काटिएको अदुवा, लसुन, खुर्सानी तथा गोलभेंडा मिसाउने। यी सबै सामग्रीमा नुन र कागती स्वादअनुसार हालेर मोल्ने। त्यसपछि तातो तोरीको तेलमा मेथी डढाएर झान्ने। साँधेको हरियो भटमास खाजा वा स्न्याक्सका रूपमा खान सकिन्छ।


### मकैंको फाँडो

**सामग्री :** कलिलो दूधे मकै (आवश्यकता अनुसार), घ्यू, हरियो खुर्सानी, लसुन, प्याज, टिम्बुर, नुन।

**विधि :** सबैभन्दा पहिले हरियो मकैको गेडा छोडाएर त्यसलाई सिलौटामा पिसेर दूध निकाल्ने। यसरी निस्किएको मकैको दूध छानेर एउटा भाँडामा राख्ने। फाँडो बनाउनु अघि लसुन, टिम्मुर तथा हरियो खुर्सानी मसिनो गरी पिसेर तयारी अवस्थामा राख्ने। प्याजलाई मसिनो गरी काट्ने। यी सबै तयारी भैसकेपछि फलामको कडाही वा ताप्केमा घ्यू तताउने। त्यसपछि खैरो हुँदासम्म प्याज भुट्ने अनि मकैको दूध खन्याउने। मकैको दूध उम्लिन थालेपछि बाक्लो हुँदै जान्छ। त्यसलाई आवश्यकताअनुसार पातलो बनाउन पानी वा मोही हाल्ने। त्यसपछि पिसेको हरियो खुर्सानी, लसुन तथा टिम्मुर मिसाउने। यी सबै सामग्री उम्लिएर फोका उठ्न थालेपछि स्वादअनुसार नुन हाल्ने। फाडो सुपका रूपमा अथवा दालका रूपमा खान सकिन्छ।

चलचित्र

# हरर चलचित्र 'घर'




यो साता हरर चलचित्र 'घर' प्रदर्शनमा आउँदैछ । हरर चलचित्र 'सुनकेशरी'का निर्देशक अभिनेता तथा निर्देशक अर्पण थापाले नै यो चलचित्रको निर्देशन गरेका हुन् । अर्पण थापा, बेनिशा हमाल तथा सुरक्षा पन्तले प्रमुख भूमिका निर्वाह गरेको चलचित्र घरमा दर्शकले आत्मा र मानिसबीचको द्वन्द्व हेर्न पाउनेछन् । निर्देशक थापाका अनुसार चलचित्रको छायांकन काठमाडौंको भंगालस्थित एक घरमा गरिएको छ । 'त्यो घरमा तर्साउँछ भनेर स्थानीय बासिन्दाबीच पहिलादेखि नै चर्चा चलेको हुन्छ । त्यही घरभित्र बस्ने पात्रहरू चिनिएपछि उनीहरूबीच हुने द्वन्द्वलाई चलचित्रमा देखाएका छौं', अर्पणले भने, 'यो चलचित्र एक दम्पतीले घर किनेर बसाइँ सरेपछि उत्पन्न हुने आत्मा र मानिसबीचको अस्वाभाविक द्वन्द्वमा केन्द्रित छ । चलचित्र हेरुन्जेल दर्शकमा डरसँगै उत्सुकता पनि पैदा हुन्छ ।' यो चलचित्र झन्डै २० दिन लगाएर छायांकन गरिएको हो ।

चलचित्रमा अभिनेत्री सुरक्षालाई विवाहित महिलासँगै तर्साउने चरित्रमा प्रस्तुत गरिएको छ । डिएस डिजिटलको ब्यानरमा निर्माण भएको चलचित्र घरमा अस्मिता खनाल, सरोज अर्याल, सृष्टि महर्जन तथा विकास खनालले समेत अभिनय गरेका छन् । शर्मिला पाण्डे निर्माता एवं सन्तोष अधिकारी सहनिर्माता रहेको यो चलचित्रमा अर्पणकै कथा, सूर्य थोकरको द्वन्द्व, मिलन श्रेष्ठको सम्पादन एवं निरज कँडेलको छायांकन हेर्न पाइन्छ ।

# 'सानो मन' लाई मिश्रित प्रतिक्रिया



अघिल्लो साता प्रदर्शनमा आएको चलचित्र 'सानो मन'ले दर्शकबाट राम्रो प्रतिक्रिया पाइरहेको छ । सांगीतिक प्रेमकथामा आधारित आयुष्मान देशराज जोशी तथा अभिनेत्री शिल्पा मास्के अभिनित यो चलचित्रको कथा दर्शकले रुचाएको पाइन्छ । युवाहरूको मनोविज्ञान प्रस्तुत गरिएको यो चलचित्रले मुख्य रूपमा आयुष्मान र शिल्पाको प्रेमकथामै केन्द्रित छ । दर्शकले सुयोग गुरुङको निर्देशनको यो चलचित्रको प्रस्तुति तथा कलाकारहरूको अभिनय पनि प्रशंसा गरेका छन् । निर्देशक गुरुङका अनुसार केही दिनयता निरन्तर पानी परिरहे पनि दर्शकहरू चलचित्र हेर्न आइरहेका छन् । 'वर्ड अफ माउथ'का कारण थप दर्शकले यो चलचित्र हेर्ने कुरामा निर्देशक गुरुङ विश्वस्त छन् ।

चलचित्रका प्रमुख अभिनेता आयुष्मानको भूमिका बलशाली र अभिनय पनि सशक्त छ । दर्शकले आयुष्मानले 'सानो मन'मा हालसम्म अभिनय गरेका चलचित्रमध्ये भन्दा राम्रो अभिनय गरेको बताएका छन् । त्यस्तै अभिनेत्री शिल्पाको अभिनय पनि उस्तै राम्रो छ ।

चलचित्र पत्रकार राज श्रेष्ठले चलचित्र राम्रो बनेको बताएका छन् । 'चलचित्र सानो मन हेरियो । एउटा राम्रो चलचित्र बनेको छ । सानो मनमार्फत नेपाली चलचित्र क्षेत्रमा आएका निर्देशक सुयोग गुरुङको काम तारिफयोग्य छ । आयुष्मानले आफ्नो करियरकै उत्कृष्ट काम गरेका छन् । आयुष्मानले एक्लै बसेर आफ्नो करियरका बारेमा सोच्ने हो भने उनको भविष्य उज्जवल छ । शिल्पाको काम पनि प्रशंसनीय नै छ । प्रेम कथामा बनेको चलचित्र हेर्न रुचाउनेले सानो मन हेर्दा हुन्छ ।' श्रेष्ठको टिप्पणी छ ।

त्यस्तै अर्का पत्रकार जीवन पराजुलीले पनि चलचित्रको प्रशंसा गरेका छन् । 'एउटा सफा र सुन्दर नेपाली फिल्म हेरियो । सानो मनमार्फत नेपाली चलचित्रमा आएका निर्देशक सुयोग गुरुङको कामको तारिफ नगरी यो चलचित्रको चर्चा पूरा हुँदैन । आयुष्मानले आफ्नो करिअरकै उत्कृष्ट काम गरेका छन् । प्रेमकथाका चलचित्र हेर्न रुचाउनेले सानो मन हेर्न सिफारिस' पराजुलीले फेसबुकमा स्टाटस लेखेका छन् ।

रंगमञ्च

# मालाको 'माया'



तस्बिर : नवराज थापा

झापा घर भै हाल राजधानीको कपनस्थित बालुवाखानी बस्ने साहित्यकार हरिमाया भेटवालको जीवनसँग जोडिएको नाटक 'माया'को मञ्चन राजधानीमा सम्पन्न भएको छ । दरबारमार्गस्थित माला आर्टस् एकेडेमीको पहिलो र दोस्रो ब्याचका ३१ विद्यार्थीको तीन महिनाको प्रशिक्षण पछि भएको ग्राजुएसन सेरेमोनीका अवसरमा बत्तीसपुतलीस्थित शिल्पी थिएटरमा उक्त नाटक मञ्चन गरेका हुन् । नाटकले द्वन्द्वकालमा घटेको एउटा वास्तविक घटना प्रस्तुत गरेको छ । नाटकअनुसार नाटककी प्रमुख पात्र काठमाडौंमा संघर्षरत जीवन बिताइरहेकी हुन्छिन् । एकदिन माइती जानेक्रममा उनी माओवादीको अपहरणमा पर्छिन् । बाटोमा हिँडिरहँदा माओवादीले उनलाई घिसारेर गाडीमा राख्छन् । माओवादीको अपहरणमा परेपछि उनले मानसिक यातना पाउँछिन् । नाटकको अन्त्यमा उनी माओवादीबाट रिहा हुन्छिन् । नाट्यकर्मी वीरेन्द्र हमालले निर्देशन गरेको नाटक मायामा आमोद भट्ट, अनिष पण्डित, तिलक गोतामे, विवेक कर्माचार्य, दीपेश गुरुङ, कमल शर्मा, जमिन राजथला, सबिना आचार्य, अनन्तराज सिग्देल तथा सृष्टि आचार्यले अभिनय गरेका थिए ।

# एकसरो कपडामा लुके नाटकका कलाकार

राजाराम पौडेल







विभिन्न कार्यक्रमको बहानामा विदेश हुइँकने अनि विदेश पुगिसकेपछि उतै लुक्ने क्रम नौलो होइन । कतिपय स्थितिमा आयोजक तथा संयोजक नै त्यस्तो कार्यमा संलग्न रहेको समेत पाइन्छ भने कतिपय अवस्थामा कलाकारको गलत नियतकै कारण आयोजक तथा संयोजकहरूलाई तनाव हुने गरेको छ । त्यतिमात्र होइन, कार्यक्रमको नाममा विदेश जाने र उतै लुक्ने प्रवृत्तिका कारण राम्रो नियत भएका कलाकारलाई समेत समस्या हुने गरेको छ ।

यही क्रममा हालै जर्मनीमा युथ क्रिएसन थिएटरको प्रस्तुतिमा निर्माण भएको नाटक घेरो प्रदर्शन गर्न गएका तीन जना कलाकार जर्मनीमै लुकेका छन् भने कलाकारले गरेको गल्तीका कारण युथ क्रिएसन थिएटर समस्यामा परेको छ । विभिन्न टीकाटिप्पणी तथा आलोचनाका कारण यो विषयमा उनीहरूले पत्रकार सम्मेलन नै गरेर आफ्नो पक्ष आयोजना गरेरै प्रस्ट पार्ने प्रयास गरेका छन् । थिएटरले आयोजना गरेको पत्रकार सम्मेलनले कलाकारहरू भागेको कुरा पुष्टि भएको छ भने त्यसमा आफूहरूको कुनै सम्लग्नता नरहेको युथ क्रियशन थिएटरको दाबी छ ।

युथ क्रिएसन थिएटरका अध्यक्ष कपिल शर्मा, सचिव सौगात पोखरेल, नाटकका लेखक केदार पौडेल, कलाकारहरू सम्झना अधिकारी शर्मा, अञ्जना पौडेल संरचना, मधुसुदन पौडेल, विमल पौडेल, शर्मिला बस्नेत, लक्ष्मण डुम्रे, रामहरि अधिकारी, सरोज अर्याल, सन्दिप डंगोल गरी १२ जना असार १८ गते जर्मनीतर्फ लागेका थिए ।

उनीहरूमध्ये कलाकारहरू मधुसूदन पौडेल, अञ्जना पौडेल संरचना तथा शर्मिला बस्नेत उतै लुकेको बताइन्छ । मधुसूदनले त आफू पोर्चुगल पुगेको जानकारी फेसबुकमार्फत नै गराएका छन् । 'अहिले पोर्चुगलमा छु, मलाई कुनै संस्थाले पैसा खाएर यहाँ ल्याएको होइन, राजीखुसीले आएको हुँ- पौडेलले लेखेका छन् । जर्मनीमै लुकेका भनिएका अञ्जना र शर्मिला भने यो समाचार तयार पार्दासम्म कसैको सम्पर्कमा देखिएका छैनन् ।

जर्मनी जाँदा सबै कलाकारलाई फर्कने प्रतिबद्धता गराएर लगिएको थिएटरका अध्यक्ष कपिल शर्मा बताउँछन् । सम्पर्कविहीन भएका कलाकारले पहिले सन्चो नभएको भनेर कार्यक्रम स्थलमा जान मानेनन् । पछि उनीहरू होटलमा थिएनन् । उनीहरूका कारण संस्थाको साख गिरेको शर्माको दुखेसो छ । उनीहरू लुकेको विषयलाई मानव तस्करी भन्न नहुने शर्माले बताए ।

उनीहरू भागेको विषयमा आयोजक तथा नेपाली दुतावासलाई जानकारी दिइएको सचिव सौगात पोखरेलले बताए । आयोजकले हामीहरूलाई ३० जना सम्म आउन सक्छौ भनेर निमन्त्रणा गरेका थिए, तर हामीले १२ जनाको मात्र भिसा निवेदन दियौं । हामीले यहींबाट सबैसँग व्यक्तिगत रूपमा सम्झौता गरेका थियौं, जसरी पनि सबै जना फर्कने भनेर । हामीले त्यहाँ पुगेको पहिलो दिन बेलुका सामूहिक मिटिङ गरेर पुनः प्रतिबद्धता जनायौं अनि सेप्टेम्बरमा क्यानाडा जाने भएकाले कसैले पनि बेइमानी नगर्नेसम्म भन्यौं ।

जर्मनीको कार्यक्रम हामीले सोचेको भन्दा सयौं गुणा भव्य थियो, जहाँ ४३ देशका नाटक तथा सांस्कृतिक टोली सहभागी थिए । पहिलो दिन हामी निकै राम्रो र भव्य तबरले नाटक देखाएर राती होटल फर्कियौं । भोलिपल्ट बिहान सात बजे पुन कार्यक्रममा जानुपर्ने थियो । पूर्वनिर्धारित समयअनुसार हामी बिहान खाजा खाएर राष्ट्रिय पोसाकमा सबै जना एकसाथ जान खोज्दा मधुसुदन पौडेल, अञ्जना पौडेल र शर्मीला बस्नेतले नुन खान नपाएकाले पेटमा समस्या आयो, आज झाँकी प्रदर्शन मात्र हो । हामी होटलमै रेष्ट गर्छौं भने । हामीले हुन्छ भन्यौं । त्यसपछि हामी कार्यक्रम स्थलतर्फ लाग्यौं । कार्यक्रमको बीच-बीचमा हामी उनीहरूसँग म्यासेन्जरमा कुरा गरिरहेकै थियौं । उनीहरूले स्वास्थ्यमा समस्या आएको भनेकाले उपचारका लागि आयोजकलाई भनेर होटलमै डाक्टर पठायौं । डाक्टर होटलमा पुग्दा त उनीहरू छैनन् भन्ने खबर आयो । हामी झल्याँस्स भयौं । त्यसपछि हामीले तत्काल उनीहरूसँग सम्पर्क गर्न खोज्यौं तर सम्पर्क भएन । उनीहरू आफ्ना सबै लगेज होटलकै काउन्टरमा छोडेर एकसरो कपडामा भागेका रहेछन् । हामीले उनीहरू भागे भनेर आयोजक तथा जर्मन दुतावासलाई खोजिदिन अनुरोध गर्‍यौं- शर्मा र पोखरेलले भनेका छन् ।





# आयुष्मा बज्राचार्य

**नैकाप, काठमाडौंकी** १९ वर्षीया आयुष्मा बज्राचार्य ग्ल्यामर क्षेत्रमा करियर बनाउने योजनाका साथ अघि बढेकी छिन् । त्यसको थालनी उनले एउटा पेपर एडको मोडलिङमार्फत गरेकी छिन्, जुन सार्वजनिक हुन बाँकी छ । ५ फिट ७ इन्च अग्ली आयुष्मा शंकरदेव कलेजमा बीबीएम अध्ययनरत छिन् । फुर्सदमा पुस्तक अध्ययन गर्न तथा नृत्य गर्न रूचाउने आयुष्मा भविष्यमा चलचित्र क्षेत्रमा जाने सम्भावनालाई पनि नकार्दिनन् । 'राम्रो चलचित्रबाट प्रस्ताव आयो भने काम गर्न सक्छु,' उनको भनाइ छ । क्याजुअल वेयरकी पारखी आयुष्मा प्रायः पाइन्ट-टिसर्ट लगाउँछिन् । आफ्नो सुन्दरताका बारेमा आयुष्माको भनाइ छ- 'बाहिरबाट झट्ट हेर्दा ठीकै छु, तर म भित्रबाट सुन्दर छु ।'

– कृष्ण भट्टराई


सूचना र मनोरञ्जनको सँगालो
साप्ताहिक
तस्बिर : महेश प्रधान
लोकेसन : बेन्टो लाउञ्ज एन्ड बार, विशाल बजार, न्युरोड
मेकअप : अम्बू रुचाल
Log on to :
facebook
www.facebook.com\kantipursaptahik



# बेड सिनका बारेमा

यसै साता राष्ट्रिय चलचित्र पुरस्कारमा उत्कृष्ट अभिनेत्रीका रूपमा पुरस्कृत बेनिशा हमालले प्रदर्शनको तयारीमा रहेको एउटा चलचित्रमा खुलेर बेड सिन दिएकी छिन् । हरर विधाको चलचित्र 'घर' का निर्देशक तथा अभिनेता अर्पण थापासंग अभिनेत्री हमालले दिएको बेड सिन अहिले चर्चामा छ । चलचित्रको उक्त दृश्य चर्चामा आएपछि अभिनेत्री हमालले पहिलो पटक त्यसका सम्बन्धमा मुख खोलेकी छिन् । त्यसो त बेनिशाले कुनै पनि चलचित्रका लागि बेड सिन दिएको यो पहिलो अवसर हो । हालै एउटा अन्तर्वार्ताका क्रममा अभिनेत्री हमालले रतिरागको उक्त दृश्य चलचित्रको कथाको माग भएको दावी गरेकी छिन् । कलाकार भएपछि सीमित क्षेत्रमा मात्र बाँधिनु नहुने उनको तर्क छ । 'फरक-फरक भूमिका गर्नु आफ्नै लागि पनि नौलो प्रयोग हुने रहेछ, अभिनेत्री हमालको भनाइ छ– 'म फरक-फरक भूमिका गर्न रुचाउँछु, त्यस क्रममा उक्त दृष्य पनि मेरा लागि नयाँ अनुभव हो ।' अभिनेत्री हमालका अनुसार चलचित्र हेरिसकेपछि उनको चरित्र अनुसार उक्त दृष्य सामान्य लाग्नेछ । 'मैले दिएको बेड सिनेमा दर्शकले आँखा छोप्नु पर्दैन, हमालको दावी छ । यता ट्रेलर हेरेर आश्चर्यमा परेका दर्शकहरूले ठूलो पर्दामा उक्त दृश्य देखेर कस्तो प्रतिक्रिया दिने हुन्, हेर्न बाँकी नै छ ।



# दाह्री फूलेपछिका भुवन

अभिनेता भुवन केसीले आजका मितिसम्म जुँगा फालेका छैनन् । न त उनले झुपाप्प दाह्री पालेर सार्वजनिक समारोहमा उपस्थिति नै जनाएका छन् । यद्यपि, यसै साता काठमाडौंमा आयोजित 'मिस्टर नेपाली' चलचित्रको इन्डक्ल्याप समारोहमा उपस्थित भएका अभिनेता केसीको गेटअप देखेर सबै छक्क परे । प्रायः काला सिरुपाते जुँगामा मुसुक्क मुस्कुराउने अभिनेता केसी यसपटक फुलेका जुँगामात्र होइन, सेतै भएका दाह्रीसहित प्रस्तुत भए । झट्ट हेर्नेहरूले भुवनको सेतै फुलेका दाह्री-जुँगासहितको गेटअपलाई नौलो माने । सञ्चारकर्मीको बाक्लो उपस्थिति रहेकाले उनीहरूले भुवनसँग सेतै फुलेका दाह्रीको बारेमा जिज्ञासा राखिहाले । भुवन पनि के कम, घुमाउरो पाराले दाह्री पाल्नुको रहस्य खोलिदिए । भुवनका अनुसार उनी आफ्नै ब्यानरको आफैले निर्देशन गर्ने नयाँ चलचित्रमा खलनायकको भूमिकामा प्रस्तुत हुँदैछन्, जसमा अनमोल केसी अभिनेता छन् । उक्त चलचित्रमा खलनायकको चरित्रले केही डरलाग्दो देखिनुपर्नेछ । त्यसैका लागि उनले अहिले दाह्री पालेका हुन् । 'मेरो दाह्री अझ लामो हुनेछ, भुवन भन्छन्– चलचित्रको उक्त चरित्रले नै सेतै फुलेको दाह्री मागेपछि उनी अचेल त्यही गेटअपमा देखिन थालेका हुन् । यसबीच भुवन मिस्टर नेपालमार्फत झन्डै सात वर्षपछि अभिनयमा फर्किएका छन्, जसमा उनी सकारात्मक तथा नकारात्मक गरी दोहोरो भूमिकामा प्रस्तुत हुँदैछन् ।

## ह्याप्पी बर्थ डे



कुमार कट्टेल उर्फ 'जिग्री' हास्य टेलिश्रृंखला भद्रगोलका कलाकार हुन् । वि.सं. २०४६ सालमा सोलुखुम्बुमा जन्मिएका कट्टेल आउँदो शनिबारदेखि ३० वर्ष लाग्दैछन् । कलाकारिताको क्षेत्रमा दाजु सीताराम कट्टेल 'धुर्मुस' ले प्रवेश गराएका जिग्री आज हास्य क्षेत्रमा स्थापित भैसकेका छन् । मेरी बास्सैबाट हास्य क्षेत्रमा आएका जिग्री सिस्नो पानी झ्याम्मै हुँदै भद्रगोलसम्म आइपुग्दा लेखक/निर्देशकसम्मको भूमिका निर्वाह गर्न पनि सफल भैसकेका छन् । उनको जन्मदिनको अवसरमा केही कलाकारहरूले यसरी शुभकामना दिएका छन् ।



सीताराम कट्टेल,हास्यकलाकार

कुमार एकदमै साधारण र सरल किसिमको छ । दायाँबायाँ लप्पनछप्पन त्यस्तो केही छैन । आफ्नै दुनियाँमा रमाउने अनि सितिमिति आफ्नो अडान नछोड्ने खालको छ । नयाँ-नयाँ सिर्जना गरिरहन रुचाउँछ । ऊ बाल्यकालदेखि नै पढाइमा अब्बल थियो । त्यो कुरा उसका सिर्जनाहरूमा पनि देख्न सकिन्छ । मलाई ऊ अभिनयमा भन्दा पनि उसका सिर्जनाहरूमा अझ बढी अब्बल लाग्छ । हास्यक्षेत्रमा मैले सुरुमा मेरी बास्सैमा जिग्री हजुरको क्यारेक्टरमा ल्याएको मान्छेले आज यति प्रगति गरेको हेर्न पाउँदा आनन्द लाग्छ, खुसी लाग्छ । मेरो प्यारो भाईले अझ धेरै प्रगति गर्दै जाओस् । नेपाल र नेपाली समाजमा योगदान पुर्‍याउने कामलाई निरन्तरता प्रदान गरोस् । जन्मदिनको धेरै-धेरै शुभकामना ।




अर्जुन घिमिरे, हास्य कलाकार

सर्वप्रथम त जिग्री ब्रोलाई जन्मदिनको धेरै-धेरै शुभकामना । प्रत्येक वर्ष जन्मदिन आउँदा पहिलेको वर्ष भन्दा यो वर्ष अझै धेरै प्रगति होस् भन्ने कामना त एउटा सहकर्मीको नाताले गर्थे नै तर यस पटक भने अलि धेरै आशासहित थप कुराको पनि कामना गरेको छु । प्रत्येक वर्षले मानिसलाई बुढो बनाउदै लाने हो । यतिका वर्षसम्म आइपुग्दा अब तपाई पक्कै पनि कलिलै हुनुहुन्न त्यसैले यो वर्ष जिग्रीको बिहे खान पाइयोस् अनि छिट्टै सन्तानको बाउ भएको पनि हेर्न रहर छ । पोहोरको तुलनामा यो वर्ष अझ खास होस्, विशेष होस् ।



बुद्धि तामाङ, हास्य कलाकार

जिग्रीलाई जन्मदिनको उपलक्ष्यमा हैटका तर्फबाट बेस्सरी शुभकामना । यो प्रगतिलाई कायम राख्दै अझै उत्तरोत्तर प्रगति होस् । उहाँले हास्यक्षेत्रमा ल्याउन्भएको आयाम रोचक किसिमको छ । हास्यक्षेत्रमा एउटा युवाले पुर्‍याएको योगदान प्रशंसायोग्य छ । हिजोका दिन जसरी नै आगामी दिनहरूमा पनि आफ्नो क्षेत्रमा अझै नयाँ-नयाँ काम गर्दै जानुहोला ।



पुष्प खड्का, अभिनेता

हामी मात्र १ दिनको जेठा कान्छा रहेछौं । साउन ४ गते जिग्रीको अनि ५ गते मेरो जन्मदिन भएकाले हामी दुवै जनालाई शुभकामना एवं बधाई भन्न चाहन्छु । युवाहरूको नेतृत्व गर्दै समाजमा भएका र घट्ने सामाजिक घटना, कुरीति एवं बेथितिमा जिग्रीले गरेको व्यंग्य बेजोड छ । यस्ता कामहरू अझै गरिरहनु । मलाई उहाँसँग पनि काम गर्ने इच्छा भएकाले त्यो इच्छा पनि यही वर्ष पूरा होस् । जिग्री ब्रोको सुस्वास्थ्य एवं दीर्घायुको शुभकामनाका साथ व्यस्तता निरन्तर कायम रहोस् भन्ने कामना ।

प्रस्तुति : प्रकाश रानाभाट



# डेब्यु गर्दै दिलीप पुत्री

अभिनेता दिलीप रायमाझीले पनि आफ्नी सुपुत्री दिव्या रायमाझीलाई चलचित्रमा ल्याउने तयारी गरेका छन् । हाल अमेरिकामा रहेकी दिव्या स्वयंले पनि चलचित्रमा करियर बनाउन रुचि देखाएको बताइन्छ । दिलीपले आफ्नो समेत लगानी रहने चलचित्र 'लक्का जवान' मार्फत छोरीलाई अभिनयमा पदार्पण गराउन चाहेको चर्चा चलेको छ । चलचित्रका निर्देशक शिवहरि पौडेलले समेत दिव्याले अभिनय गर्ने विषयमा पहल भैरहेको बताएका छन् । यद्यपि कुनै पनि कुरा फाइनल भने भैसकेको छैन । अमेरिकामा रहेर उच्च शिक्षा हासिल गरिरहेकी दिव्या यदि चलचित्रमा आइन् भने नेपाली चलचित्रमा दोस्रो पुस्ताका कलाकारहरूको संख्या अझ बढ्नेछ ।



## नीताको रोष

दुई वर्षअघि प्रदर्शित चलचित्र 'पञ्चायत' बाट अभिनेत्री नीता ढुंगानाले प्रशस्त प्रशंसा पाइन् । यही चलचित्रको भूमिकाका लागि नीताले नेपालदेखि अमेरिकासम्म भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चलचित्र एवार्डहरूमा उत्कृष्ट अभिनेत्रीको एवार्डसमेत प्राप्त गरिन् । यद्यपि, ढुंगानाको दाँतमा त्यतिबेला ढुंगा लाग्यो, जब उनले देशकै प्रतिष्ठित चलचित्र एवार्डमा पुरस्कृत हुने अवसर गुमाइन् । नीताले अत्यन्त आशा गरेको उक्त एवार्डबाट अभिनेत्री बेनिशा हमाल पुरस्कृत भइन् । आफ्नो भूमिकाको चौतर्फी प्रशंसा भैरहेका बेला तथा यसअघि वितरण गरिएका अधिकांश एवार्डमा आफैं पुरस्कृत भैसकेकाले नीताले राष्ट्रिय चलचित्र एवार्डमा पुरस्कृत हुने आशा गर्नु गलत होइन् । यद्यपि निर्णायकले नीताको तुलनामा बेनिशालाई उत्कृष्ट माने । फलस्वरुप बेनिशाले चलचित्र 'ब्लाइन्ड रक्स' मा निर्वाह गरेको दृष्टिविहीन सृष्टि केसीको भूमिकाबाट पुरस्कृत हुने अवसर पाइन् । बेनिशाले एवार्ड उचालेको करिव २४ घण्टापछि नीताले फेसबुकमा एउटा स्टाटस लेख्दै चित्त दुखाइन् । उनको भनाइ छ– 'राम्रो चलचित्र बनाउनु पर्दैन, मात्र....सँग...मिलाउनुस्, सबै कुरा हासिल गर्न सकिन्छ रे नि त ।' नीताले के सँग के मिलाउन सक्नुपर्छ भन्न खोजेकी हुन्, त्योचाहिँ खुलाएकी छैनन् । यद्यपि, उनको आशय शुक्रबार वितरण गरिएको राष्ट्रिय चलचित्र एवार्डप्रति नै लक्षित छ भन्ने बुझ्न गाह्रो पर्दैन ।



## मात्तिइन् अन्जली

चलचित्रका अभिनेता/अभिनेत्री हुन् वा म्युजिक भिडियोमा अभिनय गर्ने नर्तक/नृत्यांगना, अलिकति चर्चामा आउनेबित्तिकै उनीहरू एक खालको नखरा देखाउन थालिहाल्छन् । यस्तै घमन्ड मोडल तथा नृत्यांगना अन्जली अधिकारीमा पनि देखा पर्न थालेको बताइन्छ । विगत चार वर्षदेखि म्युजिक भिडियोमा व्यस्त अधिकारी एक वर्ष अघि सार्वजनिक भएको बोलमाया गीतको भिडियोबाट आमदर्शकको नजरमा परेकी हुन् भने गलबन्दीले उनलाई थप चर्चामा ल्यायो । त्यससँगै अन्जलीको पारो चढेको संगीतकर्मीहरू बताउँछन् । अभिनयमा उत्कृष्ट अन्जलीलाई यही घमन्डले सिध्याउने त होइन ? कतिपय संगीतकर्मीको आशंका छ । एक स्रोतका अनुसार अन्जलीको व्यवहारकै कारण केही कोरियोग्राफर, सिनेम्याटोग्राफर तथा सर्जकसँग उनको सम्बन्ध चिसिएको छ । चर्चामा जो पनि आउँछन्, तर त्यसलाई यथावत् राख्न सक्नु कलाकारको विशेषता हो । त्यसैले अन्जलीले समयमै सचेत हुने हो कि ?




## हिरोइन पाउँदा दंग

अभिनेता रमित ढुंगानाले आफ्नो नयाँ चलचित्रका लागि अभिनेत्री सुपुष्पा भट्टसमक्ष प्रस्ताव राखे । सुपुष्पाले अध्ययनको कारण देखाउँदै उक्त भूमिका अस्वीकार गरिन् । आफैंले निर्माण तथा अभिनय गर्ने चलचित्र 'राजा साहेब' का लागि रमितले अन्य केही अभिनेत्रीसमक्ष पनि प्रस्ताव राखे, तर उनले प्रस्ताव राखेका अभिनेत्रीहरू खै किन हो तर्किंदै गए । भन्नेहरूले त चलचित्रमा रमितको क्रेज नभएकाले नयाँदेखि पुराना अभिनेत्रीहरूसम्म उनीसँग जोडी बनाउन चाहँदैननन्सम्म भने । अहिले आएर दुई जना नयाँ अनुहार रमितको अभिनेत्री बन्न तयार भएका छन् । ती मध्ये एक हुन्– सोनिका केसी । सोनिकाले शम्भुजित बासकोटाको चलचित्र 'चौका दाउ...' को एउटा गीतमा आइटम डान्स गरेकी छिन् भने अर्की अनुहार हुन्– आईशा राई जो लामो समयदेखि मोडलिङमा सक्रिय छिन् ।

**मेरो मुल्यांकन**

## अर्पणको नजरमा सुरक्षा




**हरेक चरित्रमा राम्रो अभिनय गर्छिन्**

अभिनेता तथा निर्देशक अर्पण थापाले निर्देशन गरेको पछिल्लो चलचित्र 'घर' आगामी साउन ३ गतेदेखि प्रदर्शनमा आउँदैछ । यो चलचित्रमा अभिनेत्री सुरक्षा पन्त प्रमुख भूमिकामा प्रस्तुत हुँदैछन् । हरर शैलीको चलचित्रको ट्रेलर तथा पोस्टरमा सुरक्षालाई तर्साउने चरित्रमा प्रस्तुत गरिएको छ । सार्वजनिक कार्यक्रम वा कहीँकतै भेट्दा सामान्य बोलचाल गर्ने अर्पण र सुरक्षाले यही चलचित्रमा पहिलोपटक सहकार्य गरेका हुन् । झन्डै २५ दिनमा छायांकन सम्पन्न भएको चलचित्र घरमा सँगै काम गरेपछि निर्देशक अर्पणको नजरमा सुरक्षाको काम गर्ने शैली यस्तो छ :

सुरक्षा काममा कटिबद्ध अभिनेत्री हुन् । उनी कुनै चलचित्रको चरित्र जस्तै आफूलाई पनि फिट राख्छिन् । चलचित्र घरमा काम गर्दा नै सुरक्षाको कामका बारेमा अपडेट हुने मौका पाएँ । उनीसँग मेरो व्यक्तिगत ढंगको चिनजानी छैन । यद्यपि उनी काम गर्न सजिली कलाकार हुन् । काममा कहिल्यै नाइनास्ती गर्दिनन् । सुरक्षामा पैसा नै ठूलो कुरा हो भन्ने सोच छैन । उनी हरेक चरित्रमा राम्रो अभिनय गर्न सक्छिन् । यद्यपि उनी सबै चरित्रमा राम्रो अभिनय गर्दा पनि त्यसमा भावुक बन्न खोज्छिन् अर्थात् हरेक चरित्रमा इमोसन देखाउन खोज्छिन् । त्यो बानीमा सुधार गरिदिए अझ राम्रो हुन्थ्यो ।

बलिउड





## अब गायिका आलिया

आफ्नो अभिनयका कारण सदैव चर्चामा रहने आलिया भट्टको परिचय अब गायिकाका रुपमा समेत रूपान्तरण हुनेछ। आफ्ना पिता महेश भट्टले ९० को दशकमा बनाएको सफल चलचित्र सडकको सिक्वेल सडक-२ मा आलियाले चलचित्रको मुख्य भूमिकामा अभिनय गर्नुका साथै गीतसमेत गाउने छिन्। पहिलेको सडक वेश्यालयमा बेचिएकी युवतीहरूको कथामा आधारित थियो, जसमा संजय दत्त र आलियाकी दिदी पूजा भट्टले मुख्य भूमिकामा अभिनय गरेका थिए भने दोस्रो सडक डिप्रेसनको समस्याबाट गुज्रिरहेकी युवतीको प्रेममा आधारित हुने बताइन्छ। सडक-२ मा आलियासँगै आदित्य राय कपुर, संजय दत्त, पूजा भट्ट तथा महेश भट्टले समेत अभिनय गर्नेछन्।

## तीन खान एक साथ

आमिर खान, साहरूख खान र सलमान खानलाई बलिउडमा कुनै पनि चलचित्रको सफलताको ग्यारेन्टी मानिन्छ। यी तीन खानलाई एउटै चलचित्रमा अभिनय गराउने कुनै पनि निर्देशकको प्रयास सफल भएको छैन। यद्यपि भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको एउटा महत्त्वपूर्ण अभियानलाई सफल बनाउन यी तीनै खानसँगै देखिने भएका छन्। भारतमा बढ्दो जलसंकटको समाधान खोजीका लागि भारत सरकारद्वारा निकट भविष्यमा चलाइने एउटा बृहत् अभियानसम्बन्धी वृत्तचित्रमा यी तीनै खान सँगै देखिन लागेका हुन्। भारतका विभिन्न भाषामा फरक-फरक स्क्रिप्टमा निर्माण गरिने तीन वृत्तचित्रमा अभिनयका लागि तीनै खानलाई भारतका केन्द्रीय जलशक्ति मन्त्री गजेन्द्रसिंह सेखावतले प्रस्ताव गरेका थिए। एउटा राष्ट्रिय अभियानलाई गन्तव्यमा पुर्‍याउन तीनै खान सकारात्मक रहेको बताइन्छ। यसअघि सलमान खान र साहरूख खानले चलचित्र करण अर्जुनमा तथा सलमान खान र आमिर खान चलचित्र अन्दाज अपना अपनामा एक साथ काम गरेका थिए।






## कार्तिकलाई चारो

प्यारका पन्चनामा, सोनुकी टिटुकी स्वीटी, लुकाछिपीजस्ता सफल चलचित्रमा अभिनय गरेर चर्चामा आएका कार्तिक आर्यन यतिबेला बलिउडमा हट केक मानिन्छन्। पछिल्लो समय उनको नाम सारा अली खानसँग जोडिंदै आएको छ। यसबीच भूमि पेडनेकरले कार्तिक आर्यनलाई चारो हाल्न थालेको खबर आउन थालेको छ। हाल सन् १९७८ मा सार्वजनिक भएको एक्स्ट्रा मेरिटल अफेयरमा आधारित बीआर चोपडाको सफल चलचित्र पति, पत्नी और वहको सोही शीर्षकको सिक्वेलमा काम गरिरहेका भूमि र कार्तिकको अन्तरंग सम्बन्धको चर्चाले बलिउड तातेको छ। कार्तिकको प्रशंसा गर्दै भूमिले उनलाई ऊर्जावान् र मित्रता गर्न लायक अभिनेता भनेपछि उनीहरूबीच केही पाकिरहेको हल्ला चलेको हो।



## क्रिकेटरको चक्कर

भारतीय क्रिकेट टिमका ओपनर ब्याट्सम्यान केएल राहुल यतिबेला बलिउड अभिनेत्रीहरूसँगको चक्करका कारण चर्चामा छन्। आलिया भट्टकी नजिककी साथी तथा फेसन डिजाइनर आकांक्षा रञ्जना कपुरसँग अफेयरमा रहेका भनिएका केएलले यतिबेला सुनिल सेट्टीकी छोरी आथिया सेट्टीसँग डेटिङ गरिरहेको बताइन्छ। आथिया आकांक्षाको पनि नजिककी साथी हुन भने केएलले आकांक्षामार्फत नै आथियासँग परिचय गरेका थिए। आथियासँग केएलको निकटता बढेपछि आकांक्षाले आथिया र केएल दुवैलाई आफ्नो बेस्ट फ्रेन्डको लिस्टबाट रिमुभ गरेकी छिन्। यसअघि केएलको नाम दक्षिण भारतकी चर्चित अभिनेत्री निधि अग्रवालसँग पनि जोडिएको थियो।




# मिस पूर्वाञ्चलको उपाधि प्रीतिलाई

मिस पूर्वाञ्चल मोडल आइकन-२०१९ को उपाधि झापा, दमककी प्रीति पौडेलले जितेकी छिन् । दमकमा भएको ग्रान्ड फिनालेमा १८ जना प्रतिस्पर्धीलाई पछि पार्दै प्रीतिले उक्त उपाधि जितेकी हुन् । प्रतियोगितामा दमककै सन्ध्या श्रेष्ठ फस्ट रनर्सअप तथा रोजिना कट्टेल सेकेन्ड रनर्सअप घोषित भए । कार्यक्रममा भारतको मुम्बईबाट आएका वाइल्ड रिपर्सका नेपाली युवा कलाकार हरूले समेत नृत्य प्रदर्शन गरेका थिए ।

विष्णु सुब्बा





# आकृति मिस तनहुँ

चौथो संस्करणको मिस तनहुँ-२०१९ को उपाधि तनहुँ डुम्रेकी १८ वर्षीय आकृति श्रेष्ठले चुमेकी छिन् । डाँफे मल्टिमिडियाले आयोजना गरेको उक्त प्रतियोगितामा डी गाउँ, तनहुँकी अनिता थापामगर फस्ट रनर्सअप तथा व्यास-२ की अस्मिता मजकोटी सेकेन्ड रनर्सअप घोषित भए भने बन्दिपुरकी नमिता सुन्दासले भ्युअर च्वाइसको पुरस्कार हात पारिन् । उक्त प्रतिस्पर्धामा अडिसनमार्फत छानिएका ९ जना सहभागी थिए ।

# हङकङमा ज्योति

गायिका ज्योति मगरले हङकङेली दर्शकहरूलाई छमछमी नचाएकी छिन् । बालबालिका तथा महिलाहरूका लागि शिक्षा सहयोगी फाउन्डेसन नेपालको सहयोगार्थ आयोजना गरिएको कार्यक्रममा ज्योतिसँगै डान्सर सुस्मिता शाही, गायक राज तामाङ तथा गायिका हर्षिका आले मगरले पनि विभिन्न प्रस्तुति दिएका थिए ।

हङकङ आइडल राज तामाङले आधुनिक र डान्स नम्बर दुवैबाट पर्याप्त ताली पाए । स्थानिय प्रतिभा हर्षिकाले नेपाली, हिन्दी दुवै गीतबाट दर्शकहरूलाई मनोरञ्जन प्रदान गरिन् ।

विभिन्न संघ-संस्थाका प्रतिनिधि तथा व्यवसायीहरूको उल्लेख्य उपस्थिति रहेको उक्त कार्यक्रम ब्लाक पिग इन्टरटेन्मेन्टको ब्यानरमा बुलेटहाङ तिगेलाले आयोजना गरेका हुन् ।

अनोज रोक्का




# आज फेस अफ मारवाडी

मारवाडी समुदायका युवतीहरूको सौन्दर्य प्रतियोगिता फेस अफ मारवाडीको दोस्रो श्रृंखला आज काठमाडौंमा प्रस्तुत हुँदैछ । शुक्रबार अन्नपूर्ण होटलमा सञ्चालन हुने यो प्रतियोगिता पेज थ्री सर्भिसेसले आयोजना गर्न लागेको हो । यसपटकको प्रतियोगितालाई बलिउड अभिनेता तथा मोडल करण कुन्द्रा तथा नेपाली मोडल सिर्जना रेग्मीले सञ्चालन गर्दैछन् । प्रतियोगितामा भारतीय अभिनेत्री तथा मोडल श्वेता चौधरी मुख्य निर्णायकका रूपमा सहभागी हुनेछिन् । यो प्रतियोगितामा काठमाडौं, धरान, विराटनगर तथा इटहरीका १६ जना युवती सहभागिता जनाउँदैछन् ।




# हङकङमा नितेशको क्रेज

एचके नेपाल नाइट-२०१९ मा गितारिस्ट अर्जुन गुरुङसहित मञ्चमा उत्रिएका धर्मेन्द्र सेवानले हेर्दा राम्रोदेखि रेशम फिरिरीसम्म गाउँदा हलको माहोल तातेको थियो । कार्यक्रममा अभिनेत्री तथा मोडल नम्रता सापकोटाले ग्लामर्स नृत्य प्रस्तुत गरिन् । उक्त अवसरमा सन्दीप क्षेत्रीले दर्शकहरूलाई पेट मिचिउन्जेल हँसाए । अन्तिम प्रस्तुतिका रूपमा स्टेजमा देखा परेका गायक नितेशजंग कुँवरको गजबको क्रेज देखियो हङकङमा । नितेशले प्रस्तुत गरेका हरेक गीतमा युवयुवतीहरूले उठेर साथ दिएका थिए ।



# एकल गायनमा सुमन



लामो समयदेखि सांगीतिक क्षेत्रमा सक्रिय गायक सुमनकुमार श्रेष्ठ शनिबार काठमाडौंमा पहिलो पटक एकल गायन कार्यक्रममा झुल्किए । आधा दर्जन वाद्यवादक संगीतकर्मीसहित प्रस्तुत भएका गायक सुमन कुमारले त्यो अवधिमा आफ्ना लोकप्रिय गीत-संगीत प्रस्तुत गरे ।

जीवनको पहिलो एकल गायन कार्यक्रम भएकाले होला उनी गीत गाउनुअघि भावुक बने । सयौं दर्शकबीच उनी आफ्नी आमालाई अघिल्तिर राखेर गीत गाउन अघि सरेका थिए । गीत गाउनुअघि उपस्थित व्यक्तिहरूलाई सम्बोधन गर्ने क्रममा उनी केही मिनेट शान्त रहे । आँखाबाट बगिरहेका आँसु पुछ्दै राष्ट्रिय गीत टोपी लाए पनि हुन्छ...बाट सांगीतिक कार्यक्रम प्रारम्भ गरे ।त्यसअघि गायक सुमन कुमारको स्वरमा रेकर्ड भएको गीति एल्बम 'बिहानी-४' लोकार्पण गरिएको थियो भने एल्बममा समावेश 'जिस्काउँथें म...' गीतको म्युजिक भिडियो प्रिमियर गरिएको थियो । दीपक जंगमको संगीत तथा दिनेश अधिकारीको शब्दको उक्त गीतको म्युजिक भिडि योलाई दिनेश डिसीले निर्देशन गरेका हुन् ।



**मानभवनमा आईआईएफटी :** ललितपुरको मानभवनमा सञ्चालनमा आएको ईन्टरनेशनल इन्स्टिच्यूट अफ फेसन टेक्नोलोजी (आईआईएफटी) को उद्घाटन गर्दै चलचित्र **सानो मन**का अभिनेता आयुष्मान देशराज जोशी तथा अभिनेत्री शिल्पा मास्के लगायत ।

# सम्पदा प्रवर्द्धनमा हेरिटेज अफ फेसन नेपाल

नेपालमा रहेका सांस्कृतिक सम्पदाको संरक्षणसँगै तिनको प्रवर्द्धन गर्न पोखरामा आगामी अगस्ट २ (साउन १७ गते) मा 'हेरिटेज अफ फेसन नेपाल' शीर्षकको फेसन शो हुने भएको छ । एएसएपीले आयोजना गर्न लागेको उक्त शो अस्ट्रेलियामा समेत प्रस्तुत गरिने बताइएको छ । एएसएपीका सन्तोष अधिकारीले फेसन शोमा उदीयमान मोडलहरूलाई ग्याम्पमा उतार्ने बताएका छन् । 'नेपालको फेसन डिजाइनिङमा उदाइसकेका डिजाइनरहरूले तयार पारेका पहिरनमा नयाँ मोडलहरू प्रस्तुत हुनेछन्', अधिकारीले भने, 'हामीले भिजिट नेपाल-२०२० लाई लक्षित गर्दै यो कार्यक्रम गर्न लागेका हौं । शोमा पुर्खाहरूले लगाउने पहिरनदेखि हेरिटेज झल्कने पहिरनसम्म समावेश हुनेछन् ।' उक्त शोमा सो स्टपरका रूपमा मोडल, कोरियोग्राफर तथा कलाकार प्रशान्त ताम्राकार तथा 'कर्पोरेट क्विन-२०१९' शीतल थापा प्रस्तुत हुने बताइएको छ । कार्यक्रमलाई सांगीतिक बनाउने जिम्मा गायिका मिलन नेवार तथा प्राप्ति तुलाचनले पाएका छन् भने यो शोको कोरियोग्राफी मुस्कान रानीले गर्नेछिन् ।





# फ्यान्टसी हिरोज

# ई-स्पोर्ट्स कसप्लेयर्स

## कसप्लेयर हुनुका फाइदा

- व्यवहारिक ज्ञान प्राप्त हुन्छ ।
- सञ्चार-संवाद क्षमतामा अभिवृद्धि हुन्छ ।
- सिर्जनशीलताको विकास हुन्छ ।
- रणनीतिक व्यवस्थापन एवं सीपमा दक्षता प्राप्त हुन्छ ।
- समय व्यवस्थापन गर्ने कला सिकिन्छ ।
- व्यक्तित्व विकास हुन्छ ।
- आत्मविश्वास बढ्छ ।
- आफूलाई सामाजिकीकरण गर्दै जुनसुकै क्षेत्रमा पनि स्थापित हुन सकिन्छ ।

लक्ष्मी भण्डारी

कमिक्स तथा एनिमे-गेम (एनिमेटेड एनिमी वर्ल्ड) मा देखिने बहादुर, आकर्षक र मन लोभ्याउने पात्रहरू, जो हेर्ने दर्शकका मन-मस्तिष्कमा डेरा जमाएर बस्छन्, ती काल्पनिक चरित्र हुन् । ती चरित्रको पहिरन, हाउभाउ तथा कटाक्षमा एक दिनका लागि भए पनि आफूलाई ढाल्नु कसप्लेयरको काम हो । कसप्लेयरहरूको निजी र सार्वजनिक जीवन फरक छ । यिनीहरू आफ्नो फ्यानपेजमा अर्कै नामले उपलब्ध हुन्छन् । हरेक कसप्लेयरको निक नेम हुन्छ, जसले गर्दा फ्यान फलोइङका कारण नीजि जीवनमा असर र हस्तक्षेप नहोस् । यसमा लाग्ने अधिकांश युवा यो आफ्नो करियरका लागि निकै सहयोगी हुने बताउँछन् । विशेषत यसमा समर्पण, सम्बन्ध जोडने क्षमता र सामाजिकीकरण लगायतका थुप्रै विषयमा अभ्यास गर्न पाइने हुनाले पनि यो व्यवसायिक क्षेत्रका लागि सहयोगी हुने उनीहरूको बुझाइ छ ।

कसप्लेयर हुन खर्चिलो छ, त्यसैले यी युवाहरू दसैं-तिहारमा जम्मा भएको पैसा, अभिभावकले खाजा र गाडी चढ्न दिएको पकेटमनी आदि जम्मा गरेर आफ्नो रहर पूरा गर्छन् । आफूलाई चरित्रमा ढालेर उनीहरूको हाउभाउ, व्यवहारलाई आफूभित्र समाहित गराउँदा यिनीहरू निकै सिर्जनात्मक हुन्छन् । आफ्नो सिर्जनशीलताको आडमा विभिन्न चरित्रका पहिरन, केश तथा मेकअपलाई फ्युजन पनि गर्छन्, तर चरित्रको चुरो भने मर्न दिँदैनन् जसले गर्दा दर्शकले हेरिरहेको चरित्रको हाउभाउ वास्तविक जस्तो देखियोस् । क्रिएटिभ मोडिफिकेसन कसप्लेका लागि मुख्य तत्व मानिन्छ । गेमिङ वर्ल्डमा स्किन उपलब्ध भए पनि नेपाली कसप्लेयरहरू भने स्किन आफैं बनाउँछन् ।

नेपाल ई-स्पोर्ट्स एसोसिएसन (नेसा)का अध्यक्ष सुरज डंगोलका अनुसार नेसाले गत वर्षदेखि कसप्लेयरहरूबीच प्रतिस्पर्धा समेत गराउँदै आएको छ । त्यसमा उनीहरूको कलात्मक सिर्जनालाई मुख्य स्थान दिइन्छ । गत वर्षको कसप्लेयर प्रतिस्पर्धामा २० जना भन्दा बढी प्रतिस्पर्धी थिए । यो वर्षको सेप्टेम्बर ६ र ७ मा भृकुटीमण्डपको हलमा ई-स्पोर्ट्सअन्तर्गत डोटा टु, फिफा-१९ गेम हुँदैछ भने यो वर्ष पनि कसप्ले प्रतिस्पर्धा समेत हुनेछ । कसप्लेका जुरीहरूले पहिरन, एक्सेसरिज, एक्टिङ, वेपन्सका आधारमा प्रतिस्पर्धीमध्येबाट उत्कृष्ट छान्ने काम गर्छन् । विदेशतिर यो खेल अत्यन्त लोकप्रिय हुनुका साथै हाइ-प्रोफेसनल पेसाका रूपमा स्थापित भैसकेको छ । हामीकहाँ पनि यो क्रमशः अघि बढ्दैछ जसलाई उत्प्रेरित गर्न नेसाले विभिन्न इभेन्टहरू गरिरहेको छ ।

कमिक्सको प्रचलन अमेरिकाबाट सुरु भयो भने एनिमे जापानबाट, यसको इतिहास लामो छ । सन् १९८४ मा पहिलो पटक जापानमा कसप्ले सम्बन्धी कार्यक्रम आयोजित गरिएको थियो । अमेरिकामा भने कमिक्समा आधारित कसप्ले कार्यक्रम र क्रियाकलाप त्यो भन्दा अघिदेखि हुँदै आएको छ । विदेशतिर अन्तर्राष्ट्रिय स्पर्धाका रूपमा आयोजना हुने कसप्ले नेपालमा भने भर्खरै मात्र भित्रिँदैछ । अन्तर्राष्ट्रिय रूपमा यो एउटा प्रतिष्ठित र आकर्षक पेसा भैसकेको छ, तर नेपालमा भने यसको अवधारणा नै नयाँ छ, कसप्ले प्रवर्द्धनमा विगत तीन वर्षदेखि लागिपरेका ओटाकु जात्राका रोहित श्रेष्ठ भन्छन्- हामीले भर्खरै आयोजना गरेको कसप्ले सम्बन्धी एउटा कार्यक्रममा ४ सय रुपैयाँ शुल्क तिरेर १० हजारभन्दा बढी दर्शक आए । यसले नेपालमा पनि कसप्लेप्रतिको रुचि र आकर्षणलाई प्रमाणित गर्छ । उक्त कार्यक्रममा नेपालका अन्य सहरी क्षेत्रबाट ३ सय ७५ जना कसप्लेयर सहभागि थिए ।

२५ वर्षीय रोहित श्रेष्ठ बिजनेस डेभलपमेन्ट अफिसर तथा इभेन्ट म्यानेजर हुन् । श्रेष्ठ कसप्लेले युवालाई विभिन्न प्रकारका गलत क्रियाकलाप एवं गतिविधिबाट टाढै राख्ने बताउँछन् । जसको प्रमुख कारण हो- कसप्लेयर हुन समय, पैसा र मस्तिष्क सबै उत्तिकै खर्च गर्नुपर्छ । कसप्लेयर हुन सिर्जनशील मस्तिष्क, दृढता, धैर्यता एवं परिकल्पना गर्न सक्ने क्षमता आवश्यक कुरा हुन्, जसमा युवाहरू आफूलाई ढालिरहेका हुन्छन्, समय खर्च गरिरहेका हुन्छन्, उनीहरू आफूलाई अझ बढी सिर्जनशील बनाइरहेका हुन्छन् ।

१९ वर्षीया हिमानी मल्ल कलेजकी छात्रा हुन् । ९ वर्षको उमेरदेखि एनिमे-गेमबाट प्रभावित हिमानीले १५ वर्ष नपुग्दै कसप्ले गर्न थालिन् । मल्ल विशेषत हतियारधारी वा अलि बलियो चरित्रबाट आकर्षित हुन्छिन् । हिमानीले हालसम्म आर्मर, आइरन म्यान, हिनाता, आइरन म्यान जेन्डर बेन्डमा कसप्ले गरिसकेकी छिन् । 'हिनाता फर नारुतो द लास्ट' नामक श्रृंखलाबद्ध चलचित्रको मुख्य पात्र हिनाता ह्युगाको चरित्रमा हिमानीले निकै मेहनत गरी फ्युजन हिनाताको कसप्ले गरेकी थिइन् जुन उनलाई अहिलेसम्म आफूले गरेको सबैभन्दा मन परेको कस्सप्ले हो ।

२० वर्षीय अनिष डंगोल त्यतिबेला ९ कक्षामा अध्ययनरत थिए, एक जना दाइले तिमी पनि एनिमे-वर्ल्ड ट्राइ गर, एउटा रमाइलो र छुट्टै संसारमा पुग्छौं भनेपछि पहिलो पटक झम्सीखेलमा भएको सानो कसप्ले कार्यक्रम हेर्न गए । उनलाई त्यसप्रति रुचि जाग्यो । 'प्राक्टिस मेक्स अ म्यान पर्फेक्ट' भनेझैं निरन्तरको अभ्यास र त्यसप्रतिको दृढताले दक्ष बनाउँदै लग्यो । डंगोलले चार वर्षअघिले 'इरेगुलर एट म्याजिक हाइस्कुल' को तात्सुया शिवाको चरित्रमा कसप्ले गरे । अत्यन्त शक्तिशाली तर परिचय लुकाएर बसेको उक्त चरित्रलाई उनले मनैदेखि यसरी प्ले गरे, दर्शकहरू स्वयं तात्सुया शिवा प्रकट भएको अनुभूत गरिरहेका थिए । त्यसले मलाई थप उत्साहित तुल्यायो-डंगोल भन्छन् ।

बनेपाकी बन्दिका अवालेले कसप्ले गर्न थालेको पाँच वर्ष पुग्दैछ । उनलाई अद्भुत चरित्रलाई आधुनिकतामा ढालेर त्यसैमा हराउन मन लाग्छ । कहिले उनी निख्खर सेतो लामो केशमा कालो पहिरन लगाउँछिन् । उनी यस्तो चरित्र निर्वाह गर्दो नीलो आकाशमा परीझैं लामो केश फिँजाएर उड्न रुचाउँछिन् ।

१९ वर्षीया किर्ति चाम्लिङ राई विदेशमा नेपालको प्रतिनिधित्व गर्ने कसप्लेयर हुन् । दुईवटा राष्ट्रिय च्याम्पियनसिप हात पारेका राईको टिमले न्यू दिल्ली कमिक कनमा नेपालको प्रतिनिधित्व गरेको थियो ।

२१ वर्षीया डोल्मा दोङ कसप्लेद्वारा थुप्रै ज्ञान आर्जन गर्न सकिने र जीवनोपयोगी कलाहरू सिक्न सकिने बताउँछिन् । दोङ भन्छिन्- यो खेल भित्र युवाहरूलाई सही बाटोमा ल्याउने गुण छ, यसले युवाहरूलाई बाटो बिराउनबाट जोगाउँछ ।









## रोहित श्रेष्ठ, प्रोप्राइटर, ओटाकु जात्रा

रोहित नेपालमा कसप्ले इभेन्ट गर्ने पहिलो कम्पनी ओटाकु जात्राका सञ्चालक हुन् । श्रेष्ठ आफैं पनि कसप्लेयर हुन् । ८ कक्षा पढ्दा एनिमे हेरेर त्यसतर्फ झुकाव बढेको बताउने रोहित उतिबेला १०-१० एपिसोडको सिडी किन्न ३० देखि ५० रुपैयाँ खर्च गर्थे । त्यतिबेला इन्टरनेट भित्रिइसकेको थिएन । अहिले भने श्रेष्ठ फरक-फरक वेबसाइटमार्फत एनिमे हेर्छन् । रोहितका अनुसार एक दिनका लागि शक्तिमान चरित्र निर्वाह गर्नुपर्‍यो भने कस्ट्युम, सिल, ढाल, आर्मर लगायत अन्य एक्सेसरिज तयार गर्न २५ देखि ५० हजार रुपैयाँ खर्च हुन्छ । त्यसैले रोहित अहिले यसलाई व्यवसायिक बनाउने ध्याउन्नमा छन् ।

## हिमानी मल्ल, छुर्पी

हिमानीको कसप्ले फ्यानपेज नाम छुर्पी हो । कसप्ले गर्न थाल्दा अत्यन्तै अर्न्तमुखी स्वाभावकी हिमानी अहिले अत्यन्त बहिर्मुखी भएकी छिन् । हिमानीमा सामाजिकीकरणको विकाश भैसकेको छ । उनको १५ जना ग्रुप एभेन्जर्सको पहिरनमा ‘एभेञ्जर्स एन गेम’ हेर्न लाबिम मल पुग्दा हलको पहिलो लाइन उनीहरूकै लागि खाली गरिएको थियो । उक्त चलचित्रमा एभेन्जर्सको मृत्यु हुँदा उनीहरू पन्ध्रै जना एभेन्जर्सको ड्रेसमा हाइफाइभ गर्दै सिटबाट उठ्दा हलभित्रको वातावरण क्षणभरमै उल्लासमय भएको थियो, जुन हिमानीका लागि सर्वाधिक स्मरणीय क्षण हो । छुर्पीलाई यस्ता रचनात्मक काममा युवाहरूले आफूलाई व्यस्त राख्न सके भने गलत बाटोमा लाग्न पाउँदैनन् भन्ने विश्वास छ । यसैका कारण पढाइमा कुनै बाधा नहुने बरु पढ्नमा रुचि जाग्ने हिमानीको दाबी छ ।



## अनिष डंगोल, युजेन-ए

२० वर्षका युजेन-एको फ्यान फलोइङ गज्जबको छ । उनले निर्वाह गरेको चरित्र मन पराउनेहरू पनि उत्तिकै छन् । आफ्ना अभिभावकका एक्ला सन्तान अनिष चरित्रलाई आत्मसात गरेर कसप्ले गर्छन् । भविष्यमा सफल एफ एन्ड बी (फुड एन्ड वेभरेज) म्यानेजर बन्ने लक्ष्य लिएका अनिष कसप्लेलाई करियर र सिर्जनशील मस्तिष्कका लागि धार लगाउने यन्त्रका रूपमा लिन्छन् । चरित्र निर्वाहका लागि अनिष चरित्रको हरेक पाटोको गहिरो अध्ययन गर्छन् भने कस्ट्युम फ्युजन गर्न पनि उत्तिकै प्रखर छन् । कसप्ले गर्दा आफ्नो भित्री इच्छालाई यथार्थमै बाहिर ल्याउन पाइने भएकाले जीवनमा अत्यन्त खुसी मिल्ने र हरेक कुरामा सफलताको भोक जाग्ने अनिषको अनुभव छ ।

## बन्दिका अवा, मैंचा कसप्लेयज

३ वर्षअघिदेखि मैंचालाई कसप्लेले तान्यो । पहिलो कसप्ले हेर्न गएकी बन्दिकाले त्यसपछि कसप्लेयर्सहरूबाट प्रभावित भएर आफै कसप्ले गर्न थालिन् । बन्दिका आर्किटेक्ट इन्जिनियरिङकी पहिलो वर्षकी छात्रा हुन् । ‘डिसीको कटाना’ नामक तटस्थ चरित्र निर्वाह गरेकी बन्दिकाले वन्डर वुमन, मार्बल स्ट्रम, आरबीसी तथा देकुजस्ता शक्तिशाली एवं रोमान्चक चरित्र निर्वाह गरिसकेकी छिन् । कसप्ले चरित्र निर्वाह गर्दा उनी विग्स, प्रप्स, कस्ट्युम बनाउने काम आफै गर्छिन् । त्यस्ता वस्तुलाई भाडामा लगाएर वा बेचेर प्राप्त पैसा उनी कसप्लेमै खर्च गर्छिन् । कसप्लेले उनको पढाइमा कुनै असर नपारेको बरु समय व्यवस्थापनको कला सिकाउँदै लगेको बन्दिकाको अनुभव छ ।

## कृति चाम्लिङ राई, किट्टी लभर्स कस्टप्ले

१९ वर्षीया कृति विद्यार्थीका अतिरिक्त शिक्षिका पनि हुन् । कृति जापानी एनिमेसन, कार्टुनहरू हेर्दाहेर्दै कसप्लेतर्फ आकर्षित भएकी हुन् । एनिमेलाई वास्तविक जीवनमा प्रयोग गर्न सकिने रै’छ भन्ने लागेरै कृतिले १५ वर्षको उमेरदेखि कसप्ले गर्न थालेकी हुन् । बोआ हङकङ, सेबर, लिजन कमान्डर, लिच किङ आदि चरित्र निर्वाह गरिसकेकी कृतिलाई सबैभन्दा मन परेको सेभर कसप्लेले कमिक कन-२०१७ मा उत्कृष्टताको उपाधि नै जितेको थियो । त्यसपछि न्यु दिल्ली कमिक कनमा उनको टिमले नेपालको प्रतिनिधित्व गरेको थियो । कृतिको लिजन कान्डरले इस्पोर्ट च्याम्पियनसिप-२०१८ मा प्रथम स्थान प्राप्त गरेको थियो । मनोचिकित्सक बन्ने लक्ष्य लिएकी कृति कसप्ले आफ्नो लक्ष्य पूरा गर्न थप सहयोगी हुने विश्वास व्यक्ति गर्छिन् ।



## डोल्मा दोङ, डोल्मा देसु

६ वर्ष अघिदेखि कसप्ले गर्दै आएकी डोल्मा देसु ओटाकु एनिमे क्लब पेज सुरु भएदेखि नै त्यसमा आवद्ध छिन् । नेपालको पहिलो कसप्ले कार्यक्रममा रिन नोहाराको चरित्र निर्वाह गरेकी डोल्माले हालसम्म एक दर्जन भन्दा बढी कसप्ले गरिसकेकी छिन् । प्रारम्भमा डोल्मा साझा रुचिका कुरामा रमाइलो हुने, ह्याङआउट हुने भएकाले उस्तै रुचिका समूहमा घुलमिल हुन थालिन् । त्यसपछि उक्त समूहसँग मिलेर सिर्जनात्मक काम गर्न थालिन् । त्यतिबेला उनीहरू आ-आफ्नो आइडिया सेयर गर्दै पहिरन तयार पार्थे । पहिले बिग पाइँदैनथ्यो । आफ्नै केशलाई रंगाएर वा काटेर, स्प्रे गरेर पनि उनीहरू कसप्ले गर्थे । डोल्मा उनी भविष्यमा मोजाइक आर्टिस्ट बन्ने सुरुमा छिन् । कसप्ले गर्दा आफ्नै हातले तयार पारिएका सामानहरू आफैंले लगाएर कसप्ले गर्दा जीवनमा केही उपलब्धि मिलेजस्तो आभास हुन्छ भने आफैंप्रति गर्व समेत हुने डोल्मा बताउँछिन् ।

# रौनक साउनको

सिर्जना दुवाल श्रेष्ठ

हामी जति आधुनिक हुँदै गए पनि हामीले आफ्नो संस्कृति एवं सामाजिक परम्परालाई त्यति नै गहनताका साथ आत्मसात गरिरहेका छौं । यसको उदाहरणका रूपमा हिन्दू महिलाहरूमाझ लोकप्रिय साउने सोमबार तथा तीजको व्रतलाई लिन सकिन्छ । साउने सोमबारका दिन विवाहित महिलाहरू भगवान शिवको आराधना गर्दै व्रत बस्छन् । सकेसम्म केही नखाई वा एक छाक शुद्ध भोजन मात्र गरेर विधिपूर्वक बसेको व्रतले पुत्र, धन, विद्या एवं धर्म प्राप्त हुन्छ भन्ने धारणा छ । कामको व्यस्तताका कारण व्रत नै नबसे पनि कतिपयले माछा, मासु, अण्डा जस्ता निरामिष भोजन गर्दैनन् । यो समयमा पानीजन्य रोग लाग्ने सम्भावना बढी हुने भएकाले मांसाहार तथा लसुन जस्ता शरीरमा उत्तेजना जगाउने खाना नखानु भनिएको हो । यो समयमा शरीरलाई हल्का राख्ने खाना मात्र खानुपर्ने ज्योतिषी अभिरमंगल जोशी बताउँछन् । त्यसै कारण पनि अधिकांश नेपाली महिला तथा पुरुषहरू साउन महिनामा माछा, मासु, लसुन-प्याज जस्ता गरिष्ठ भोजन गर्दैनन् । साउन महिनामा जताततै देखिने हरियालीले मनमा बेग्लै किसिमको आशा एवं उमंग सञ्चार गर्छ । यस्तो उमंगले अधिकांश महिलामा मौसम सुहाउँदो पहिरन लगाउने र सोही अनुसार श्रृंगार गर्ने उत्साह पनि देखिन्छ ।



## साउन र वर्षाका लागि मेकअप

साउन महिनामा मठ मन्दिर जाँदा गरिने मेकअपमा कन्सिलर प्रयोग गर्नुहुँदैन । यो समयमा शरीरमा धेरै पसिना आउने भएकाले मेकअप टिकाउन वाटर प्रुफ मेकअप गर्नु राम्रो मानिन्छ । दिउँसोका लागि मेकअप गर्दा लाइट ओयल फ्री फाउन्डेसन प्रयोग गर्नुपर्छ । वर्षायाममा लुज पाउडर वा ट्रान्सलुसन पाउडर प्रयोग गर्न सकिन्छ । यस्तो पाउडरले शरीरबाट निस्किएको पसिनालाई सोस्ने काम गर्छ अर्थात बग्न दिँदैन । यदि चिकबोन ठूलो छ भने डार्क सेट र लाइट सेट मिलाएर कटिङ गर्नुपर्छ । अनुहारको शेप लामो छ भने चिकबोनबाट हल्का राउन्ड सेपमा लगेर मेकअप गर्नुपर्छ । अनुहार गोलो छ भने चिकबोनबाट ज लाइनमा लगेर मेकअप गर्नुपर्छ । वर्षायाममा छाला बढी मात्रामा तैलिय हुने भएकाले राति सुत्नुअघि ओयल फ्री क्लिन्जिङ वा मेकअप रिमुभरले मेकअपलाई राम्रोसँग हटाएर मात्र सुत्नुपर्छ ।

### ओठको मेकअप



ओठमा लिपिस्टिक लगाउनु अघि हल्का फाउन्डेसन लगाउनुपर्छ । यसरी लिपिस्टिक लगाउँदा म्याटयुक्त लामो समयसम्म टिक्ने लिपिस्टिक प्रयोग गर्नुपर्छ । ओठको सेपअनुसार लिपलाइनरले कटिङ गरेर सेप मिलाउनुपर्छ, जसले गर्दा ओठमा कृतिमता देखिँदैन । यो समयमा ओठमा ब्ल्याक लाइनर प्रयोग गर्नुहुँदैन । सकेसम्म हल्का रंगको लिपिस्टिक प्रयोग गर्नु उपयुक्त मानिन्छ । ओठमा लिपिस्टिक लगाइसकेपछि लाइनरले मिलाएर ग्लस लगाउनु राम्रो हुन्छ । बाक्लो तथा ठूलो ओठ भए ओठको दुवै किनारामा कटिङ गर्नुपर्छ, जसले ओठलाई सानो देखाउँछ । वर्षा तथा साउनको अवसरमा ओठमा गुलाफी तथा हल्का रातो रंगको लिपिस्टिक प्रयोग गर्नुपर्छ, जुन अनुहारमा बढी खुल्छ ।

### आँखाको मेकअप

आँखामा वाटर प्रुफ मस्कारा तथा वाटर प्रुफ लाइनर प्रयोग गर्नुपर्छ । आँखाको आकार अनुसार लाइनर लगाउनुपर्छ । साँझ वा राति पहिरनको रंग तथा आफ्नै छनौटअनुसार आँखाको मेकअप गर्न सकिन्छ । आँखाको मेकअप गर्दा आफूलाई सुहाउने रंग तथा सामग्री छनौट गर्नु उपयुक्त हुन्छ ।

**पूनम श्रेष्ठ, पूनम ब्युटी क्लब, सानेपा**

## मेहन्दीको समय

मेहन्दीलाई सगुन तथा साइतका रूपमा समेत लिइन्छ । त्यसैले हरेक शुभ कार्य विवाह, तीज तथा पवित्र महिना साउनभर नै मेहन्दी लगाउने चलन छ । मेहन्दी डिजाइन अनुसार विभिन्न नामले चिनिन्छ । विशेषगरी मेहन्दीलाई १० प्रकारमा वर्गीकरण गरिएको छ । उक्त वर्गीकरणअनुसार मेहेन्दीलाई भारतीय, अरेबिक, पाकिस्तानी, इन्डो-अरेविक, मोरोक्कन, ग्लिटर, मुगाली, बहुरंगी, बंगाली आदिमा छुट्याइएको छ । नेपालमा मेहन्दीको प्रचलनको प्रारम्भदेखि नै भारतीय मेहन्दी बढी चल्दै आएको पाइन्छ । साउन महिनामा गाढा भारतीयको तुलनामा हल्का भारतीय तथा अरेविक डिजाइनको मेहन्दी नेपालमा बढी लोकप्रिय मानिन्छ । यसका साथै रंगीचंगी मेहन्दी तथा फ्लोरल मेहन्दीको क्रेज पनि उस्तै छ ।

**लक्ष्मी ठाकुर, लक्ष्मी अर्गानिक मेहन्दी**









## साउने पहिरन

साउनको पहिरनमा यस पटक पनि गत वर्षहरू जस्तै हरियो रंगमा अन्य रंगहरूको संयोजन गरेर नयाँपन ल्याउने प्रयास गरिएको छ । आजभोलि साडी लगाउने महिला कम भएकाले महिलाहरूको रुचि साडी बाहेकका अन्य डिजाइनर पहिरनमा देखिन्छ । विवाहित तथा कामकाजी महिलाहरू साउनमा हरियो रंगका साथ सुन्तला, सुगा, हरियो, समुद्री हरियो, पहेंलो तथा आरु रंगका पहिरनप्रति आकर्षित देखिएका छन् । मोडर्न टच भएका सरारा, प्लाजो, सिधा पाइन्टमा लामो सिधा कुर्ता अहिले फेसनमा छ । यो साउनका लागि हल्का हरियो, गाढा हरियो, हल्का रातो तथा कागती रंगका पहिरन बढी प्रचलनमा रहने देखिन्छ । यसबाहेक हरियो तथा रातो रंगको संयोजनसँगै पहेलो रंग पनि महिलाहरूको रुचिमा छ । अरुभन्दा फरक देखियोस् भन्ने चाहनाले साउनमा पुरै हरियो पहिरन भने त्यति फेसनमा हुनेछैन । पूजाआजा गर्ने, मन्दिर जाने बेला सिफन वा नेटको किनारामा सुनौलो, गुलाफी वा पहेंलो बोर्डर भएका साडी लगाउनु उपयुक्त हुन्छ । साडीको रंगको ठीकविपरीत रंगका सेल्फ वर्क गरिएका नेटका ब्लाउज यो अवसरमा बढी लोकप्रिय हुँदैछन् ।

**उमा नेमकुल, फेसन डिजाइनर**






# सुहागको प्रतीक पोते

तीज तथा साउने सोमबारका लागि पोते अनिवार्य एसेसरिज नै भैसकेको छ। केही समयअघि पोतेमा तिलहरी मात्र उन्ने चलन थियो भने अहिले नौगेडी तथा डिजाइन-डिजाइनका पोतेको माला लगाउने चलन चलेको छ। कतिपयले रातो, हरियो तथा पहेंलो रंगको संयोजन गरेर उनिएको पोतेको माला पनि लगाउँछन्।

### राता, हरिया तथा पहेंला चुरा

साउने सोमबारको व्रत बस्ने महिलाहरू हुन वा व्रत नबस्ने महिलाहरू, उनीहरू हातभरि हरिया चुरा तथा बालामा सजिएका हुन्छन्। साउन आउनु एकसाता अघि नै साउनका लागि हरिया चुराको बिक्री उत्कर्षमा पुग्छ। हरिया चुराका साथमा पहेंलो तथा रातो चुराहरू पनि उतिकै रुचाइन्छ। साडी, ब्लाउज तथा कुर्तामा भएका स्टोनअनुसार चुरा लगाउने चलन पनि छ।




# वर्षायाममा पहिरन छान्दा

वर्षायाममा पहिरन छनौट गर्दा विशेष ध्यान पुऱ्याउनुपर्ने हुन्छ। धेरै पानी पर्दा हिलो तथा तुरुन्तै घाम लागिहाले धुलो हुने भएकाले पहिरन छान्दा, लगाउँदा निकै विचार गर्नुपर्छ।

यो मौसममा शुद्ध सुतिका पहिरन उपयुक्त मानिन्छन्।

पानी पर्ने समय भएकाले रंग जाने पहिरन लगाउनुहुँदैन। घाम असाध्यै चर्किने भएकाले सिल्क, साटनजस्ता पोल्ने खालका पहिरन नलगाउनु नै उपयुक्त हुन्छ। वर्षा मौसममा हल्का वानपिस, क्वार्टर पाइन्ट, लिनेनका पाइन्टसंग रेनी सुज अर्थात प्लास्टिकका जुत्ता लगाउनु राम्रो हुन्छ। यो मौसममा हेभी डिजाइन अथवा वर्क गरिएका पहिरन उपयुक्त मानिदैनन्।

**रोजिना श्रेष्ठ, कायरा बुटिक**



# वर्षामा छालाको स्याहार

मौसमका साथ छालाको आवश्यकता पनि परिवर्तन हुन्छ। त्यसैले मौसमअनुसार छालाको स्याहार गर्ने योजना बनाउनुपर्छ।

मनसुनमा छालालाई अतिरिक्त स्याहारको आवश्यकता हुन्छ त्यसैले आफ्नो छालाको प्रकार अनुसार रुटिन तय गर्नुपर्छ।

क्लिन्जिङ, टोनिङ तथा मोइस्चराइजिङलाई आफ्नो रुटिनमा समावेश गर्नुपर्छ।

सोप फ्रि क्लिन्जर एवं स्क्रब प्रयोग गर्नुपर्छ। यसले छालाको मोइस्चर लेवल कायम राख्छ।

छालालाई सुख्खापनबाट जोगाउन अल्कोहल फ्रि टोनर प्रयोग गर्नुपर्छ।

मनसुनमा पनि छालालाई सनस्क्रिन प्रोटेक्सन आवश्यक हुन्छ, त्यसैले दिनहुँ सनस्किन प्रयोग गर्नु उपयुक्त हुन्छ।

हरेक दुई घण्टामा अनुहारमा पानी छर्कनुपर्छ। यसबाट छाला तरोताजा देखिन्छ।

सातामा दुई पटक स्क्रब गर्नुपर्छ। यसबाट मृत छालाबाट छुटकारा प्राप्त हुन्छ।

मनसुनमा बारम्बार फेसियल तथा ब्लिचिङ गराउँदा छाला सुक्खा हुन्छ।

वर्षाले अनुहार भिजे टिस्यु पेपरले पुछ्नुपर्छ। यसले इन्फेक्सनको खतरा कम गर्छ।

भोजनमा भिटामिन ई तथा ओमेगा थ्री समावेश गर्नुपर्छ। यसबाट छाला चम्किलो हुन्छ।

मनसुनमा वाटरप्रुफ मेकअप प्रयोग गर्न सकिन्छ।

**रश्मि मानन्धर, मेकअप आर्टिस्ट**





# के भन्छन् सेलिब्रेटी ?

साउनमा हरियो, पहेंलो, रातो रंगका पहिरन मोडिफाइ गरी लगाउन मन लाग्छ। साउनको सोमबार म सकेसम्म हरियो रंगको संयोजन भएको पहिरन लगाउँछु। साउनको सोमवार सोह्र श्रृंगारले सजिएर हिंड्न रुचाउँछु। हरेक साउनमा हरियो रंग प्रयोग भएका कम्तीमा ४ वटा पहिरन डिजाइन गराउँछु। साउने सोमबारका दिन मन्दिर जान सरारासँग लंग कुर्ती लगाउन रुचाउँछु।

**उषा खड्गी,मीस नेपाल-२००० तथा फेसन डिजाइनर**

वर्षायाम एकदमै मन पर्ने र भगवान शिवप्रति उत्तिकै आस्था समेत भएकाले पनि होला म साउनको नामैले पनि फ्रेस हुन्छु। साउने सोमबारका दिन पहिरन चुरा, पोते, टिका सबै हरियो नै लगाउँछु। मलाई तीजमा रातै र साउनमा हरियै लगाउन मन लाग्छ।

**देविका केसी, गायिका**

साउने सोमबारमा हरियै लुगामा हिंड्न त्यति रुचाउँदिन। खोइ यो चलन त पहिले आमाहरूको पालामा त्यति थाहा थिएन। अहिले आएर आफैले बनाएको हो कि जस्तो लाग्छ। म चोखो लगाएर हिंड्छु तर हरियै भएर हिंड्दिन।

**स्वस्तिमा खड्का, अभिनेत्री**

साउन भन्ना साथ हरियो पहिरन भन्ने सोच आइहाल्छ। त्यसमा पनि यसपटक विवाहको पहिलो वर्ष भएर होला, म एकदमै एक्साइटेड छु। हरियो, रातो, पहेंलो तथा सुनौलो रंगका पहिरनमा साउने सोमबारको ब्रत बस्ने योजना छ।

**दिपीका प्रसाई, अभिनेत्री**

हरियो मौसम तथा हरियो पहिरनले सकारात्मक ऊर्जा समेत प्रदान गर्छ। हातमा मेहन्दी लगाइ गरिएको सोऱ्ह श्रृंगारको रमाइलो अर्कै हुन्छ। म सकभर साउने सोमबारका दिन आफूसँग भएका हरिया पहिरन तथा एसेसरीजहरू मिलाएर प्रयोग गर्छु।

**सरिता ज्ञवाली, सञ्चारकर्मी**

सतीलाई प्रकृतिका रूपमा लिइने भएकाले पनि साउनमा हरियो रंगले बढी महत्व पाएको हो। साउने सोमबारका दिन म चोखो खान्छु भने हरिया तथा पहेंला पहिरन लगाउन रुचाउँछु । साउनको सोमबारको ब्रतलाई फेसनभन्दा पनि संस्कारका रूपमा लिनुपर्छ।

**रीता कट्टेल, समाचारवाचिका**

अब हाम्रो पालो

# खानेकुरामा प्रयोग हुने विषादीको प्रकोपबाट जोगिन के गर्नुपर्ला ?



सकेसम्म आफ्नै करेसाबारीमा ताजा तरकारी उत्पादन गरौं । यदि ठाउँ छैन भने घरको कौसी वा छतमा गमला राखेर तरकारी फलाऔं । यति गरे विषादीको प्रकोपबाट पक्कै जोगिन सकिन्छ ।

**दीपक तामाङ**

विषादीको प्रकोपबाट बच्न एकदमै सजिलो छ । भारतबाट आयातित हुने तरकारी खानु भएन । आफ्नै बारीमा अर्गानिक तरकारी फलाउनुपर्‍यो ।

**संस्कृति लामिछाने**

भारतको रासन बन्द गर्नुपर्‍यो । आफ्नै बारीमा खानेकुरा उत्पादन गरेर आफैंमा निर्भर हुन सक्नुपर्‍यो ।

**नेत्रा राई**

घरेलु उत्पादनमा जोड दिनुपर्छ, त्यसपछि सकेसम्म बजारिया फलफूल तथा तरकारीको उपभोग कम गर्नुपर्छ । हामी आत्मनिर्भर हुनु नै सबैभन्दा राम्रो उपाय हो ।

**राज अधिकारी**

अबदेखि हामी सबैले भारतीय तरकारी नखाने निर्णय गरौं, त्यसपछि समस्याको समाधान आफैं हुन्छ ।

**प्रलाद सिलवाल**

स्वदेशी उत्पादनमा जोड दिऊँ । कृषिमा आधुनिकता ल्याउने अनि बाहिरबाट आयात हुने तरकारी राम्रोसँग चेक गरेर मात्र भित्रिन दिने काम गरौं ।

**फिरोज श्रेष्ठ**

खानेकुरामा परिसकेको विषादीबाट कसरी जोगिनेभन्दा पनि कसरी मिसावट भयो, त्यसमै ध्यान पुऱ्याउनुपर्‍यो । हामी सबै आ-आफ्नो स्वास्थ्य प्रतिसजग हुनुपर्छ । सरकारले सम्बन्धित निकायले पनि प्रभावकारी ढंगले कदम चाल्नुपर्छ ।

**नरिश्वर गौतम**

केही गर्नै पर्दैन । फेसबुकमा स्टाटस लेखेर बस्ने र माइतीघर मण्डलामा उफ्रने समयमा आफ्नो गाउँको बाँझो खेतबारी खनेर तरकारी फलाउने, त्यसपछि विषादीको टन्टै साफ ।

**गणेश बानियाँ**

सरकारले हरेक प्रदेशका किसानले उत्पादन गरेको तरकारी किन्ने बन्दोबस्त मिलाउनुपर्छ । कोल्ड स्टोरको राम्रो चाँजोपाँजो मिलाउनुपर्छ । यति गरेपछि कुनै पनि देशको तरकारीमा आश्रित हुनुपर्ने बाध्यताको अन्त्य आफैं हुनेछ ।

**विश्वप्रकाश**

खानेले खाएपछि बेच्नेले त जे पनि बेचिहाल्छन् नि । आफैं पनि आफ्नो स्वास्थ्यप्रति सजग हुनुपर्‍यो अनि जिम्मेवार निकायले पनि आफ्नो काम राम्रोसँग गर्नुपर्‍यो ।

**विप्लव मगर**

हामी सबैले आ-आफ्नो घरको करेसा बारीमा तरकारी उब्जाउनुपर्छ अनि घरमा तयार पारिएको सिन्की तथा गुन्द्रुकको झोल खानुपर्छ । यति गरे तरकारीमा हुने विषादीबाट जोगिन सकिन्छ ।

**तुलसा बन्जरा**

खाद्य सुरक्षालाई सुनिश्चित गर्न खाद्य व्यापारलाई व्यवहारिक बनाउने । दोस्रो गुणस्तरमा ध्यान दिएर खानेकुरा जाँच गर्ने । यति गरे धेरै हदसम्म विषादीबाट जोगिन सकिन्छ ।

**सपु अधिकारी**

विषादी मुक्त तरकारीका लागि खाडी गएका सबै युवालाई स्वदेश फिर्ता बोलाउनु पर्‍यो । त्यसपछि आधुनिक औजार दिएर कृषिमा लगाउनु पर्‍यो । खाद्यान्नको उचित व्यवस्था, प्रबन्ध, संरक्षण, वितरण एवं भण्डारणमा सरकारले पनि चासो देखाउनुपर्‍यो ।

**ब्रहिम विष्ट**

सम्भव भएसम्म आफैं उत्पादन गर्ने, सस्तोको बहानामा जहाँ पायो त्यहीं खरिद नगर्ने । अर्गानिक तरकारी उत्पादन गर्नेहरूलाई हौसला दिएर सहयोग पुऱ्याउने ।

**कृष्ण रिजाल**

नेपाल सरकारले कृषि उत्पादनमा लगानी गर्ने, बजार व्यवस्थापन गर्ने एवं आफैं अर्गानिक तरकारी उत्पादन गरेर स्वदेशी उत्पादनलाई प्राथमिकता दिने काम गऱ्यो भने तरकारीमा हुने विषादीबाट मुक्त हुन सकिन्छ ।

**अन्जना सुनार**

सरकारले बजारलाई आफ्नो अधिनमा ल्याएर विषादीयुक्त खानेकुरालाई बजारबाट विस्थापित गर्नुपर्छ ।

**नवराज आचार्य**

विषादीबाट त जतिसक्दो जोगिने हो तर त्यसो गर्न निकै गाह्रो छ । आफ्नो शरीरमा भएको विषादी बाहिर निकाल्न न्युट्रिसन सप्लिमेन्टको आवश्यकता हुन्छ, त्यसैले यसको प्रयोग गर्नुपर्छ ।

**नरेश राई**


भर्ना खुल्यो ! भर्ना खुल्यो !!

CTEVT बाट सम्बन्धन प्राप्त यस क्याम्पसमा शैक्षिक सत्र २०७६/७७ को लागि निम्न कार्यक्रममा भर्ना खुल्यो ।

Staff Nurse - 40 Seats

फर्म भर्ने अन्तिम मिति: २०७६ श्रावण १२ गते आइतबार सम्म

प्रवेश परीक्षा मिति: २०७६ श्रावण २२ गते बुधबार बिहान ७:०० बजे



विस्तृत जानकारीका लागि:

काठमाण्डौं नर्सिङ क्याम्पस

काठमाण्डौं-३, बसुन्धरा, फोन नं. ०१-४०१६७५९, ९८५७६२१३१४


# यो साताको राशिफल



रामप्रसाद सिटौला
(फलित ज्योतिष)

## यो साता

साउन ८ गते
अष्टमी व्रत:

## मेष

जीवनशैलीमा परिवर्तन ल्याउन मेहनतको आवश्यकता पर्नेछ । परिस्थिति मुताबिक चल्न नसक्दा अरूको मुख ताक्नुपर्ने हुन सक्छ । डाहा गर्नेहरूले आफ्नो नामको फाइदा उठाउन सक्छन् । मंगलबारदेखि मित्रहरूको सहयोग एवं विद्वान्हरूको सद्भाव प्राप्त हुनेछ । साझेदारीमा व्यवसाय गर्न उत्प्रेरित भइएला ।

## वृष

विद्यार्थीवर्गका लागि उपलब्धिमूलक समय छ । तर्कशक्तिका बलले उन्नतिको मार्ग पहिल्याइनेछ । भनेजस्तो रोजगारीमा प्रवेश वा पदोन्नतिको सम्भावना छ । अनुकूल स्थानमा स्थानान्तरण हुनसक्छ । विदेश भ्रमणका लागि समय अनुकूल देखिन्छ । सेतो रंग प्रयोग गर्न सके विशेष फाइदा हुनेछ ।

## मिथुन

हतारमा गरिएको कामले उल्टो परिणाम दिन सक्छ । आफ्नो प्रतिभाको उच्च मूल्यांकन हुनुका साथै सामाजिक ख्याति वृद्धि हुनेछ । भाग्यले मन मिल्ने पात्र जुराउन सक्छ । उच्च तहका बौद्धिक व्यक्तित्वहरूबाट व्यावहारिक सहयोग पाइनेछ, जसका निम्ति केही दौडधूप गर्नुपर्ने हुन्छ ।

## कर्कट

आफ्नो कामलाई अभिभावककहरूले समर्थन गर्नेछैनन् । सभा-सम्मेलन, तालिम आदिमा सहभागी हुने अवसर प्राप्त होला । कार्य क्षेत्रका अवरोधहरू स्वत: हट्दै जानेछन् । झूटा आरोपसमेत लाग्ने सम्भावना छ । कम बोल्नुमै आफ्नो हित छ । साताको अन्त्यमा नजिकका नातेदारबाट अपजस आइलाग्न सक्छ ।

## सिंह

स्वास्थ्यले भनेजस्तो साथ नदिन सक्छ । बाहिरी खानपानबाट टाढै रहँदै सकेसम्म तातो वस्तु प्रयोग गर्ने प्रयत्न गर्नुहोला । सरोकार नभएको विषयले फजुल खर्च गराउनेछ । रातो रंगको प्रयोगले अभीष्ट पूरा गर्न सहयोग गर्नेछ । राम्रा काममा लगानी गर्ने अवसर जुट्नेछ ।

## कन्या

विश्वासपात्रले वचन फेरबदल गर्न खोज्दा मानसिक तनाव उत्पन्न हुनेछ । अभिभावकहरूको मध्यस्थतामा खलबलिएको सम्बन्ध पुन: विश्वासमा परिणत होला । गोपनियतामा बढी ध्यान दिनुपर्नेछ । पर्याप्त सोच-विचार नगरी काममा संलग्न हुँदा नोक्सानी बेहोर्नुपर्ने हुनसक्छ । साताको उत्तरार्द्धमा समय अनुकूल रहनेछ ।

## तुला

मन पर्ने व्यक्तिहरूसँगको भेटघाटले सातालाई उत्साहप्रद बनाउनेछ । पारिवारिक जमघटमा तपाईंको प्रशंसा होला । सेवामूलक काम गरेर नाम, दाम एवं प्रतिष्ठा कमाउन सकिनेछ । आकस्मिक यात्रा हुनसक्छ । खानपानको निम्तोमा संलग्न हुँदा स्वास्थ्यको ख्याल गनुपर्नेछ ।

## वृश्चिक

साथीभाइसँग खानपानमा सहभागी हुँदा सावधानी अपनाउनुहोला । काममा सफलता प्राप्त हुनेछ भने धन आर्जनसमेत गर्न सकिनेछ । भनेजस्तो दाम हात पर्दा अभिभावकहरू दंग पर्नेछन् । जोडी नम्बर तथा सुनौलो रंग प्रयोग गर्न सके कार्य सम्पन्न गर्न थप सहज हुनेछ ।

## धनु

पहेंलो रंगका पहिरनमा प्रस्तुत भै मठ-मन्दिर परिक्रमा गर्न आकर्षित भइनेछ । पुण्य आर्जनसहितको भ्रमण हुने सम्भावना टरेको छैन । खानपानमा फेरबदल भै शारीरिक दुर्बलता देखा पर्न सक्छ । पारिवारिक सल्लाहमा अन्योल देखा पर्दा तपाईंको ठोस प्रस्ताव नै निर्णायक हुनेछ ।

## मकर

सामान्य मनमुटावमै टाढिएका प्रेमी-प्रेमिकाबीचको सम्बन्धमा विश्वासिलो वातावरण विकसित होला । तपाईंको मेहनत, कर्मठता एवं लगनशीलताले प्रतिष्ठा दिलाउनेछ । प्रतिस्पर्धीहरूलाई उछिन्न सकिनेछ । कुरा काट्नेहरू प्रशंसा गर्न थाल्नेछन् । यात्रा गर्दा समयको ख्याल गर्नुहोला ।

## कुम्भ

झन्झटिला कार्य आइलाग्दा मनमा निराशाले डेरा जमाउन सक्छ । ठूलाबडाको झूटा आश्वासनमा पर्दा आर्थिक क्षति बेहोनुपर्ने हुनसक्छ । मन पराउनेहरूको प्रस्तावमा ध्यान पुऱ्याएर मात्र निर्णय लिनुहोला । साताको अन्त्यमा भने घरायसी व्यवहारमा समय खर्चिनुपर्नेछ ।

## मीन

सानो लगानीमा सुरु गरिएको व्यवसायले फड्को मार्दा रिस गर्नेहरू छटपटाउन सक्छन् । मित्रहरूबाट तपाईंले अपेक्षा गरेको सहयोगसहजै प्राप्त हुनेछ । प्रेमी-प्रेमिकाहरू प्रेरणाका स्रोत साबित हुनेछन् । सवारी साधन चलाउँदा संयम अपनाउनुहोला । बाहिरी खानपानमा सहभागी हुँदा स्वास्थ्यको ख्याल गर्नुपर्नेछ ।

## यौन जिज्ञासा र समाधान



डा. राजेन्द्र भद्रा

म २० वर्षीया अविवाहित महिला हुं । २ वर्षअघि मेरो केटासाथीसँग यौनसम्पर्क हुन्थ्यो तर आज-भोलि हुंदैन । यौन सम्पर्क बन्द भएपछि अहिले मेरो यौनांग चिलाउंछ, योनि पनि केही खुकुलो भएको अनुभव गर्छु । यसले भविष्यमा समस्या निम्त्याउंछ कि जस्तो लाग्छ । यो समस्याबाट सहज निकास पाउने उपाय बताइदिनु अनुरोध छ ।

– पी.



तपाईं भर्खरै किशोरावस्था पार गरेर युवावस्थामा प्रवेश गर्नुभएको छ । तपाईंले केटासाथीसँग यौनसम्पर्क भएको कुरा त गर्नुभएको छ तर ती केटा साथीसँग तपाईंको कस्तो सम्बन्ध थियो भन्ने सन्दर्भमा भने कुनै कुरा उल्लेख गर्नुभएको छैन । अहिले तपाईंको सम्बन्ध त्यही रूपमा नभएकाले त्यो सम्बन्ध पक्के पनि गहिरो थिएन ।

युवावस्थामा यौनेच्छा तीव्र हुन्छ नै त्यसैले यौनसम्पर्क राख्न पुगिन्छ । सहमतिमा भएका यौनसम्पर्कका पनि समस्या हुन्छन् । त्यसैले जोशमा होस गुमाउनु हुँदैन । तपाईंमा गर्भको भय भएको देखिन, सम्भवतः तपाईंले गर्भ निरोधको उपाय अपनाएको हुनुपर्छ । यौनांग चिलाउने कुराले यौनरोगको समस्यामा केही चासो भएको देखिन्छ । सम्बन्धको स्थायित्व नहुँदा वा त्यसले निरन्तरता नपाउँदा त्यसका आफ्नै समस्या हुन्छन् भन्ने पनि तपाईंलाई थाहै होला । गहिरो वा प्रेममय सम्बन्ध बिना यौनसम्पर्कसम्म पुग्दा हुने समस्या अझ असजिलो किसिमको हुनसक्छ ।

### खुकुलोपन

यौनसम्पर्क र योनिको खुकुलोपनको सम्बन्धको कुरा गर्नुभन्दा पहिले योनिको संरचनाका बारेमा कुरा गरौं । तपाईंले बुझ्नु पर्ने तथ्य के हो भने योनि मांसपेशीले बनेको एकदमै तन्कन सक्ने गुण भएको नली आकारको अंग हो । एक छिन विचार गर्नुहोस् त, कुनै ठूलो आकारको कुरा मुखमा हालियो भन्दैमा मुख खुकुलो भएर सानो कुरा च्याप्नै नसक्ने गरी खुकुलो हुन्छ र ? उदाहरणका लागि ठूलो लड्डु खाँदैमा हामी ओंठले सियो समात्नै नसक्ने हुन्छौं र ? त्यस्तो पक्कै पनि हुँदैन । योनिको सन्दर्भमा पनि यही कुरा लागू हुन्छ । त्यसैले तपाईंको चासो वास्तविक समस्या नभएकाले त्यसको खासै आधार भने छैन । तैपनि योनिको मांसपेशीलाई कसिलो बनाउन केगेल कसरत गर्न सकिन्छ ।

### कसरी कसिलो बनाउने ?

केगेल(Kegel) यौनाङ क्षेत्रको मांसपेशीलाई बलियो बनाउन गरिने कसरत हो । यसका लागि तपाईंले सबैभन्दा पहिले pubococcygeus भनिने मांसपेशी समूहको पहिचान गर्नुपर्छ । त्यसका लागि पिसाब फेर्दा मांसपेशीको संकुचन गरेर पिसाब रोक्ने प्रयास गर्ने र यो प्रक्रिया दोहोर्‍याइ, तेहर्‍याइ उक्त मांसपेशी पहिचान गर्नुपर्छ । यही पिसाब रोक्न प्रयोग गरिने मांसपेशी नै उक्त मांसपेशी हो । यसले योनिद्वारलाई पनि घेरेर राखेको हुन्छ । अब यसको कसरत गर्न थाल्नुपर्छ । सुरुमा यस्तै १ सेकेन्डसम्म बेस्सरी खुम्च्याएर राख्ने र छाड्ने अर्थात खुकुलो बनाउने । बिस्तारै यसलाई बढाएर ५ सेकेन्डसम्म पुर्‍याउनुपर्छ । बिस्तारै अझ बढाउँदै १० देखि १५ सेकेन्डसम्म संकुचित गर्ने र छोड्ने । यो क्रम बढाउँदै दिन भरीमा यस्तो गर्ने क्रम २० पल्टसम्म पुर्‍याउने । यसरी ६ हप्तासम्म नियमित रूपमा यो कसरत गरे थाहा पाउने गरी केही फरक देखिन्छ । यो मांसपेशीलाई संकुचित गरेर यौनसम्पर्कका बेला लिङ्गलाई बेस्सरी समात्न प्रयोग गर्न सकिन्छ । यसले तपाईंलाई मात्र होइन तपाईंको यौन साथी र भविष्यमा श्रीमान्लाई पनि यौनसुख प्राप्त गर्न मद्दत गर्छ ।

**सूचना**

तपाईंहरूको यौन र प्रजनन स्वास्थ्यसम्बन्धी कुनै समस्या छ भने हामीलाई saptahikhealth@kmg.com.np मा इमेल गर्नुहोस् । हामी सम्बन्धित डा. बाट समाधान दिनेछौं ।

अनि यौनसम्पर्क गर्दा योनिको मांसपेशीमा संकुचन ल्याएर होस् वा विभिन्न आसन जस्तो कि तीघ्रा नजिक ल्याएर होस्, योनिमार्गलाई सानो बनाएर लिङ्गको घर्षणका लागि आवश्यक दबाब सजिलै सिर्जना गर्न सकिन्छ ।

### चिलाउने कुरा

तपाईंको कुराले योनिमा संक्रमण भएको संकेत गर्छ । यौन रोग वा प्रजनन् अङ्गको संक्रमण त्यसको कारण हुनसक्छ । संक्रमणले योनिको शोथ गराउन सक्छ र त्यस्तो हुँदा अस्वाभाविक योनि श्राव हुने, चिलाउने तथा दुख्ने हुन्छ । अस्वाभाविक योनिस्राव हुँदा सामान्य रूपमा योनिबाट आउने श्रावभन्दा धेरै बढी मात्रामा आउने, गन्हाउने किसिमको वा मैलो किसिमको हुन्छ । यस्तो समस्या ब्याक्टेरियल भ्याजिनोसिस वा ट्राइकोमोनियासिसका कारण भएको हुनसक्छ । त्यसबाहेक अन्य कतिपय यौनरोगले पनि योनिमा संक्रमण गराउन सक्छ । कारक तत्वको पहिचान पछि त्यसै अनुरूप औषधि सेवन गर्नुपर्ने हुन्छ । यसका लागि स्त्रीरोग विशेषज्ञसँग परामर्श गर्नु उपयुक्त हुन्छ ।

### भविष्यमाके असर गर्ला ?

छोटकरीमा भन्नु पर्दा यो विषयमा धेरै कुरा तपाईंकै हातमा छ । गर्भ रहेको स्थितिमा कसैले पनि यौनसम्पर्क भएको सजिलै थाहा पाउन सक्ने भयो । तपाईंको गर्भ रहेको स्थिति छैन तर अन्य स्थितिमा भने यो सजिलो छैन । यी कुरा कति गोप्यताका साथ गरिएको छ भन्ने कुरामा भर पर्छ । पहिलेको केटासाथीसँगको सामीप्यताका सम्बन्धमा चर्चा गरिएन भने तपाईं त्यस्तो परिस्थितिबाट गुज्रनु भएको होला भन्ने थाहा पाउन कसैलाई सजिलो हुँदैन । महिला यौनाङ्गको बनावटका सम्बन्धमा सामान्य जानकारी पुरुषलाई हुने भए पनि तपाईंको योनिको बनावट वा स्वरूप यस्तै थियो भन्ने जानकारी हुँदैन र यौनसम्पर्क राखेको कुरा थाहा पाउन त झन् गाह्रो कुरा हो ।

अर्कातर्फ घर परिवार, छर-छिमेक अनि समाजले यस्ता सम्भावित सम्बन्धलाई जहिले पनि चासोका साथ नियालिरहेको हुन्छ । गोप्यता वा गोपनियताको कुरा वास्तवमा तुलनात्मक हुनसक्छ । अर्को व्यक्तिसँगको सामीप्यता कसै न कसैले देखेको हुन्छ र त्यो कुरा सार्वजनिक हुनसक्छ । अन्त्यमा उक्त कुरा श्रीमान्ले पनि थाहा पाउने सम्भावना हुन्छ । अर्को विचार गर्नुपर्ने कुरा तपाईंको केटासाथी के-कस्तो स्वभावको हुनुहुन्छ ? तपाईंको केटासाथीसँग किन सम्बन्ध अघि बढेन भन्ने त जानकारी भएन तर उहाँको स्वभाव वा चरित्र ठीक छैन भने उहाँले भविष्यमा तपाईंहरू बीचको यौनसम्पर्कलाई चर्चामा ल्याउने खतरा हुन्छ । यस्तो जोखिम कति छ भन्ने कुरामा ध्यान पुर्‍याउनुपर्छ । कतिपय स्थितिमा उसले भयादोहन (दबिअफबथ) गर्न पनि सक्छ । त्यस्तो भयादोहन नहोस् भनेर मन बलियो बनाउनु पर्छ । तपाईंले परिस्थिति खुलस्त भएको अवस्थामा पनि जीवनलाई अघि बढाउने अठोट गर्नुभयो भने तपाईंलाई भयोदोहन गर्न सजिलो हुनेछैन ।

# सम्बन्धमा के गलत हो ?



यौनका विषयमा जागरुकता तुलनात्मक रूपले बढेको भए पनि अझै पनि यस विषयमा खुला रूपमा चर्चा गरिँदैन । यो अझै पनि व्यक्तिगत परिवेशको सीमाभन्दा बाहिर आएको कमै पाइन्छ ।

### साथीमाथि दबाब

के वैवाहिक सम्बन्धमा पनि बलात्कार हुन्छ ? भन्ने विषयमा समाज एवं कानुन दुवैमा पनि समर्थन र मतभेदको स्थिति पाइन्छ । व्यवहारिक स्तरमा विवाहले दोस्रो पक्षको सहमति बिना यौनसम्बन्ध स्थापित गर्ने स्वीकृति दिँदैन भन्ने मान्नुपर्छ । साथीले सहमति बिना दबाबमै यौन सम्बन्धलाई स्वीकार गरे पनि के त्यो सुखद् र आत्मीय हुन्छ ? पक्कै पनि त्यसरी स्थापित सम्बन्धमा न आत्मीयता रहन्छ र न त त्यसबाट सन्तुष्टिको अनुभूति नै हुन्छ । यौन आपसी समझदारी, सहमति र सहकार्यको सुखद् प्राप्ति हुनुपर्छ । यसका लागि दुवै पक्षले आफूलाई शारीरिक, मानसिक एवं मनोवैज्ञानिक रूपमा तयार गर्नुपर्छ ।

### भावनात्मक भयादोहन

यौनको प्रयोग कसैलाई नियन्त्रित गर्न हुनुहुँदैन । यदि कुनै कुरामा यौनसाथी खुसी छैन वा उसले अर्को पक्षलाई हेप्ने गरेको छ भने त्यस्तो अवस्थामा यौन सम्बन्धका लागि कुनै पनि व्यक्ति मन-मस्तिष्कले तयार हुँदैन । यस्तो थोरै समयका लागि हुनसक्छ र यो समस्याको समाधान संवादमार्फत नै गर्न सकिन्छ । आफ्ना निजी कारणले लामो समयसम्म यौन सक्रियताबाट टाढा रहनु अर्को पक्षको भयादोहन गरेसरह मानिन्छ । यौनलाई आफ्नो कुरा स्वीकार गराउन हतियारका रूपमा प्रयोग गर्नु पनि सरासर गलत हो ।

### उत्तेजनाको आवश्यकता

यौन प्रक्रियामा उत्तेजना आवश्यक छ तर यही मात्र महत्वपूर्ण पाटो हो भन्ने होइन । यौन साथीकाबीच भावनात्मक सम्बन्ध हुनुपर्छ । यसका लागि अर्को पक्षको खुबी एवं दक्षतामा प्रश्न गरिनुहुँदैन । यही कारणले चरम सुखलाई यौन प्रक्रियाको अन्तिम उपलब्धि मान्ने गल्ती गर्नुहुँदैन । यौन सुख प्राप्तिको एउटा महत्वपूर्ण पाटो एकअर्काको यौनिक प्रक्रियाको सम्मान गर्नु पनि हो ।

### अरूसितको तुलना

अरूको यौन जीवन, सेलिब्रेटिजहरूको निजी जीवन वा पुस्तक तथा चलचित्रका दृश्यहरूका आधारमा आफ्नो यौन जीवनका कमजोरीहरू केलाउनु गलत मानिन्छ । सुखद् तथा सफल यौन जीवनको सबैभन्दा महत्वपूर्ण पक्ष तपाईं त्यसमा कति सहभागी हुनुभयो, तपाईंले दोस्रो पक्षको साथ कति पाउनुभयो, एकअर्काको सामीप्यताले तपाईंहरू दुवैलाई कति आनन्द प्रदान गर्‍यो, शारीरिक, भावनात्मक एवं मानसिक रूपमा कुन रुपमा दुवै एकअर्कामा समर्पित हुनु भयो भन्ने हो ।

### भुल्न नहुने कुरा

- हातले गोप्य अंग स्पर्श गर्दा छुट्टै आनन्द मिल्छ । यतिबेला ओठमा हल्का चुम्बन गर्न सकिन्छ ।
- कतिपय महिला हात-खुट्टाका औंलाको कापमा चुम्बन गरेको मन पराउँछन् ।
- यी सबै क्रियाकलापपछि महिलाहरू यौनसम्पर्कका लागि तयार हुन्छन् र त्यस्तो वातावरणलाई तनावमा परिणत हुन दिनु हुँदैन ।
- यौनसम्पर्कलाई लामो समयसम्म टिकाउन विभिन्न फरक आसन प्रयोग गर्नुका साथै एक-अर्कालाई गहिरो माया गर्नुपर्छ ।

# सञ्जीवनी छर्ने विश्वकप



विश्वकप क्रिकेट-२०१९ सुरु हुनुअघि त्यसलाई लिएर धेरै प्रश्न गरिएका थिए। पहिलो प्रश्न इंग्ल्यान्डमा क्रिकेटको खस्कँदो लोकप्रियताका सन्दर्भमा थियो। जुन देशमा क्रिकेटको जन्म भएको छ, त्यही देशमा किन यो खेल युवाहरूको आकर्षणमा पर्न छाड्यो ? दोस्रो प्रश्न, एकदिवसीय क्रिकेटको भविष्यलाई लिएर नै थियो। ट्वान्टी-२० क्रिकेट तथा फ्रेन्चाइज क्रिकेटको लोकप्रियताका कारण एकदिवसीय क्रिकेट आफैं हराएर जाने डर पनि आफ्नै ठाउँमा थियो।

तेस्रो प्रश्न यति लामो र यति कम देशले खेल्ने विश्वकप नै किन चाहियो भन्ने पनि थियो। कतै क्रिकेट आफैं कम रोमाञ्चक हुन थालेको त होइन ? जति बेला विश्वकप सम्पन्न भयो, इंग्ल्यान्डले जुन प्रकारले विश्वकप जित्यो, त्यससँगै विश्वकपअघि जति पनि प्रश्न उठेका थिए, ती सबैको उत्तर प्राप्त भएको छ। अब भन्नैपर्ने हुन्छ, यसपटकको विश्वकप पूरा क्रिकेटका लागि सञ्जीवनी सावित भएको छ।

इंग्ल्यान्ड र न्युजिल्यान्डबीचको फाइनल खेल पूरा बेलायतमा टेलिभिजन मार्फत निःशुल्क देखाइएको थियो। बेलायतमा कुनै पनि खेलकुदको प्रत्यक्ष प्रसारण हेर्न चर्को मूल्य तिर्नुपर्छ। यस्तोमा पैसा तिरेर क्रिकेट हेर्नेहरूको संख्या घट्दै थियो। त्यसैले जति बेला इंग्ल्यान्ड फाइनलमा पुग्यो, निर्णय गरियो, खेलको प्रत्यक्ष प्रसारणका लागि कुनै मूल्य तिर्नुपर्ने छैन। यसले बेलायतमै एक खालको माहौल तयार गऱ्यो। प्रतियोगिताको अन्त्य हुँदा सबैले माने– यसपटकको विश्वकपका कारण बेलायतमा क्रिकेटको लोकप्रियता फेरि बढेको छ।

कप्तान इओन मोर्गनले केसम्म भनेका छन् भने यसपटकको विश्वकपपछि इंग्ल्यान्डमा क्रिकेट खेल्नेहरूको संख्या बढ्नेछ भने क्रिकेट हेर्नेहरूको संख्या पनि वृद्धि हुनेछ। त्यसैले इंग्ल्यान्डको लामो न लामो क्रिकेट इतिहासमै यसपटकको विश्वकप कोसेढुंगा सावित भएको छ। फाइनलका क्रममा पूरा बेलायतमा क्रिकेटको रोमाञ्चकता छाएको थियो। लर्डसमा भएको फाइनल हेर्न ठूलै संख्यामा समर्थकहरू पुगेका थिए भने पूरा देशका चोक, पबदेखि लिएर सार्वजनिक स्थलमा फाइनल हेर्नेहरूको घुइँचो लागेको थियो। इंग्ल्यान्डले उपाधि जितेपछि उसका समर्थकहरूले व्यक्त गरेको खुसी पनि उत्तिकै हेर्न लायक थियो।

अब दोस्रो र तेस्रो प्रश्नको उत्तर एकैपटक। यो विश्वकपअघिसम्म एकदिवसीय क्रिकेटको लोकप्रियता घट्दो क्रममा थियो। एकातर्फ पारम्परिक टेस्ट क्रिकेट थियो, अर्कातर्फ कान्छो स्वरूपको टी-२० क्रिकेट। यसबीच एकदिवसीय क्रिकेट कहीं कतै थिएन, यसलाई मन पराउनेहरू कम हुँदै थिए। एकदिवसीय क्रिकेट मर्दैछ र अब यसलाई इतिहासले मात्र सम्झिनेछ भन्नेहरू पनि निस्किए।

यद्यपि यसपटकको विश्वकपले एकदिवसीय क्रिकेटको आयु अझ लम्ब्याएको मात्र छैन, यसलाई दीर्घायु नै दिएको छ। अबको केही पुस्तासम्म धेरै पटक विश्वकप-२०१९ को फाइनलको चर्चा हुनेछ र त्यसले दिएको रोमाञ्चकता दोहोऱ्याएर भनिने-लेखिनेछ। फेरि मोर्गनकै शब्दमा– यो विश्वकपले एकदिवसीय क्रिकेटप्रतिको चासो फेरि बढाउनेछ। क्रिकेटलाई लिएर सबैले के भनेको पाइन्छ भने यो अनिश्चितताको खेल हो। यसमा कति बेला के हुन्छ भन्न सकिँदैन। फाइनलपछि सबैले माने, यो वास्तवमै घोर अनिश्चिताको खेल हो।

फाइनलमा इंग्ल्यान्ड र न्युजिल्यान्ड भिडेका थिए, त्यसमा नियमित ५० ओभरको खेल टाइ भयो। पछि एक-एक ओभरको सुपर ओभर पनि टाई भयो। दुवै अवसरमा स्कोर मात्र टाई भएन, पूरा खेलमा अनेकौं उतारचढाव देखिए। कुनै बेला न्युजिल्यान्ड निकै बलियो देखिन्थ्यो र भनियो, अब उपाधि जित्ने न्युजिल्यान्डले हो। फेरि कुनै बेला इंग्ल्यान्ड यति धेरै बलियो भयो कि भनियो, अब भने इंग्ल्यान्डले उपाधि जित्ने छ।

जति बेला इंग्ल्यान्डले उपाधि जित्यो, त्यति बेला त्यसको कारण थियो, उसले न्युजिल्यान्डको तुलनामा बढी चौका प्रहार गर्नु। प्रतियोगितामा यो खेल मात्र होइन, अरु धेरै खेल उत्तिकै रोमाञ्चक रहे। पहिलो सेमिफाइनलमा न्युजिल्यान्डले जसरी बलियो भारतलाई हरायो, त्यो पनि उत्तिकै रोमाञ्चक थियो। त्यस्तै लिग चरणका अधिकांश खेल सनसनीपूर्ण रहे जसमा खेलको अन्त्यसम्म पनि दर्शकको तिर्खा मेटिएको थिएन।

यो सबै अर्थमा यसपटकको विश्वकप सफल सावित भएको छ। फाइनलको समाप्तिमा सबैभन्दा दुःखी रहने कोही थिए भने ती न्युजिल्यान्डका खेलाडी तथा तिनका प्रशंसक थिए, तर उनीहरूले पनि के माने भने क्रिकेट यस्तै-यस्तै कारणले लोकप्रिय छ। न्युजिल्यान्डका कप्तान केन विलियम्सनकै पनि यस्तै आशय थियो, हामी हारेनौं, तर पनि हामीले उपाधि जित्न सकेनौं, तर खास विजेताको रह्यो भने त्यो क्रिकेट आफैं हो। हो, यो विश्वकपको वास्तविक विजेता कोही हो भने त्यो क्रिकेट आफैं हो।

# विश्वकपका चर्चित विवाद




विश्वकप हुनुपर्छ, त्यो पनि क्रिकेटको, विवाद यसबाट अलग हुन सक्दैन। यस क्रममा विश्वकप-२०१९ पनि विवाद मुक्त रहेन। यस पटकको विश्वकप निकै सनसनीपूर्ण र नाटकीय रह्यो। ती विवादले एकातर्फ विश्वकपमा रोमाञ्चकता कायम राख्न मद्दत गऱ्यो भने अर्कातर्फ यस्तै विवादले विश्व क्रिकेटलाई आउने दिनमा अझ सच्चिन प्रेरित गऱ्यो।

### निर्णय र नियममा विवाद

क्रिकेटमा अम्पायरको निर्णयलाई लिएर हुने विवाद कहिल्यै सकिनेछैन र यस पटकको विश्वकप पनि त्यस्तो विवादबाट मुक्त रहेन। विशेषतः सेमिफाइनल र फाइनलका केही निर्णयलाई लिएर भएको विवाद श्रीलंकाली अम्पायर कुमार धर्मसेनासँग जोडिएर आयो। अस्ट्रेलियाविरुद्धको सेमिफाइनलमा इंग्ल्यान्डका जेसन रोय जसरी आउट भए, त्यसमा ठूलै विवाद भयो। फाइनलमा धर्मसेनाले नै बेन स्टोक्सको ब्याटमा लागेर ओभर थ्रो हुँदा ६ रन दिँदा पनि ठूलै विवादको रूप लियो। निर्धारित खेल बराबरीमा टुंगिएपछि खेलको छिनोफानो गर्न खेलाइएको सुपर ओभरको खेल पनि बराबरीमा टुंगिएपछि इंग्ल्यान्डलाई बढी चौका प्रहार गरेका कारण विजेता घोषणा गरिँदा पनि धेरैले त्यसको आलोचना गरे। अम्पायरको निर्णयको विरोध अरू केही खेलमा पनि भयो। जस्तो, अस्ट्रेलियाविरुद्धको खेलमा वेस्ट इन्डिजका क्रिस गेललाई नो बलमै आउट दिइएको थियो। वेस्ट इन्डिजले एक रनसहित फ्री-हिट पाउनु पर्नेमा उल्टै टिमले गेल जस्तो ब्याट्सम्यानलाई गुमाउनुपऱ्यो। वेस्ट इन्डिजविरुद्धको खेलमा भारतीय ब्याट्सम्यान रोहित शर्मालाई थर्ड अम्पायरले अविश्वसनीय रूपमा आउट दिँदा पनि विवाद सिर्जना भएको थियो।

### राजनैतिक रंग छर्ने प्रयास

दक्षिण एसियासँग क्रिकेट जोडिन्छ भने त्यससँग राजनैतिक विवाद पनि। यस पटकको विश्वकपमा पनि यस्तै राजनैतिक विवाद देखियो। भारत र पाकिस्तानबीचको खेलका क्रममा स्वतन्त्र काश्मिर अंकित टिसर्ट लगाएका दर्शकलाई रंगशालाबाट हटाउनुपरेको थियो। सेमिफाइनलमा पनि स्वतन्त्र खालिस्तानको नारा लेखिएको टिसर्ट लगाएका दर्शकलाई रंगशालाबाट हटाउनु परेको थियो। पाकिस्तान संलग्न केही खेलमा स्वतन्त्र बलुचिस्तानको नारा पनि लागे।

### धोनीको समर्थन र विरोध

भारतीय टिमका पूर्वकप्तान तथा विकेटकिपर महेन्द्रसिंह धोनीले संन्यास लिनुपर्छ कि पर्दैन भन्नेमा पनि लामै विवाद भयो। जुन प्रकारले उनले सेमिफाइनल र केही खेलमा सुस्त ब्याटिङ गरे, धेरैको मत थियो, धोनी अब बूढा भए र उनलाई शरीरले साथ दिन छाडेको छ। त्यति मात्र होइन, विश्वकपको सुरुवाती चरणमै उनी विवादमा परे, उनको ग्लोभ्समा छापिएको त्रिशुलका कारण। धोनीले भारतीय सेनाको समर्थनमा उक्त ग्लोभ्स लगाएका थिए, तर त्यो नियमसंगत भने थिएन। धेरै आलोचना गरेपछि धोनीले त्यस्तो चिन्ह अंकित ग्लोब्स लगाउन छोडे।

### स्मिथ र वार्नरलाई उडाइयो

व्यक्तिगत रूपमा विश्वकपमा कुनै खेलाडीलाई खेल्न सबैभन्दा गाह्रो भयो भने ती दुई अस्ट्रेलियाली खेलाडी स्टिभ स्मिथ र डेविड वार्नर थिए। बल टेम्परिङ विवादमा फसेर एक वर्षको प्रतिबन्ध बेहोरेयता दुवै खेलाडीले पहिलो पटक अस्ट्रेलियाका लागि खेलेका थिए। उनीहरू जहाँ-जहाँ गए, ती सबैमा उनीहरूको खिल्ली उडाइयो। जति बेला यी खेलाडी मैदानमा उत्रिए, दर्शकले उनीहरूलाई उडाउने प्रयास गरे। भारतीय दर्शकले समेत उनीहरूको खिल्ली उडाएपछि कप्तान विराट कोहलीले नै त्यसो नगर्न अनुरोध गर्नु परेको थियो, तर यो विवादमा जित भने एक प्रकारले यिनै दुई खेलाडीको भयो। दुवैले आफ्नो ब्याटबाट राम्रै रन बनाए।

# उपाधिको हकदार इंग्ल्यान्ड




इंग्ल्यान्डले जसरी यस पटकको विश्वकप जित्यो, त्यसमा धेरैको गुनासो हुनेछ, तर उसले विश्वकप उपाधिसम्म तय गरेको यात्रामा गुनासो गर्ने ठाउँ भने छैन । अझ इंग्ल्यान्डलाई उपाधिको वास्तविक हकदार नै मान्न सकिन्छ । खेलकुदमा दोहोऱ्याएर भनिन्छ, बहादुरलाई मात्र भाग्यले साथ दिन्छ । यसपटकको विश्वकपमा इंग्ल्यान्ड वास्तवमै बहादुर थियो, त्यसैले पनि उसलाई भाग्यले साथ दियो र अन्ततः पहिलो पटक विश्वकप जित्न सफल भयो ।

यो विश्वकपमा इंग्ल्यान्डको चर्चा गर्न चार वर्षअघि फर्कनैपर्छ, जति बेला इंग्ल्यान्ड विश्वकप-२०१५ बाट लज्जास्पद ढंगले बाहिरिएको थियो । टिम नकआउट चरणसम्म पनि पुग्न सकेन । त्यो वास्तवमै बिर्सनलायक प्रदर्शन थियो । यस्तोमा इंग्लिस क्रिकेटमा निकै लामो बहस चल्यो र सबैले माने, इंग्ल्यान्डले एकदिवसीय क्रिकेटलाई जसरी हेर्छ, त्यो दृष्टिकोणमा ठूलो परिवर्तन आउनैपर्छ र त्यही परिवर्तनको नेतृत्व लिए पूर्व कप्तान तथा त्यति बेलाका निर्देशक एन्ड्रयु स्ट्रसले ।

उनले टिमको प्रशिक्षकमा अस्ट्रेलियाली ट्रेभर बेलिसलाई ल्याए जसले इंग्लिस टिममा व्यापक परिवर्तन ल्याए । परिणामस्वरूप सन् २०१५ को विश्वकप सम्पन्न भएको केही वर्षमै इंग्ल्यान्डले मजबुत एकदिवसीय टिम घोषणा गरिसकेको थियो, जसले कुनै पनि खेलमा आरामले चार सय रन कटाउन सक्यो । त्यही वर्षदेखि सुरु भएको इंग्ल्यान्डको कठिन यात्राले अन्ततः उसलाई यसपटकको विश्वकप दिलाएको छ ।

प्रतियोगिता अघि नै भनिएको थियो, इंग्ल्यान्ड उपाधिको सबैभन्दा बलियो दावेदार हो । फाइनल र सेमिफाइनलमा इंग्ल्यान्डको प्रदर्शन पनि त्यस्तै रह्यो, तर समग्रमा इंग्ल्यान्डले लिग चरणमा धेरै हदसम्म संघर्ष गरेको थियो र जति बेला टिमबाट निर्णायक खेलको अपेक्षा गरिएको थियो, ठीक त्यही बेला टिमले त्यस्तै खाले मजबुत प्रदर्शन पनि गऱ्यो । टिम मजबुत छ, खेलाडीमाथि विश्वास छ भने उपाधि जित्न सकिन्छ भन्ने कुराको राम्रो उदाहरण बनेको छ- इंग्ल्यान्ड ।

यसपटकको विश्वकपका क्रममा पनि केही यस्ता मोड आए, जहाँ इंग्ल्यान्डको सेमिफाइनल यात्रा नै कठिन देखिएको थियो । दक्षिण अफ्रिकालाई उद्घाटन खेलमा हराएयता इंग्ल्यान्ड पाकिस्तानसँग पराजित भयो । त्यो आफैमा स्तब्धपूर्ण नतिजा थियो । त्यसयता इंग्ल्यान्डले बंगलादेश, वेस्ट इन्डिज र अफगानिस्तानलाई हरायो, तर लगतैको खेलमा श्रीलंकाको हातबाट पराजित भयो र उसको बाटो निकै कठिन सावित भयो ।

त्यसपछि इंग्ल्यान्डले खेल्नु पर्ने टिम थिए, अस्ट्रेलिया, भारत र न्युजिल्यान्ड । यी तीन टिमविरुद्धको नतिजा कुनै तरीकाले तलमाथि हुँदा पनि इंग्ल्यान्डका लागि सेमिफाइनलको बाटो बन्द हुन सक्थ्यो, तर यही कठिन मोडमा इंग्ल्यान्डले आफू कस्तो टिम हो भनेर देखायो र ती सबै खेल लगातार जित्यो । लिग चरणमा भारतले एउटै खेल मात्र गुमाएको थियो र त्यो इंग्ल्यान्डविरुद्ध नै थियो । आखिर इंग्ल्यान्ड दोस्रो स्थानमा रहेर सेमिफाइनल पुग्यो ।

सेमिफाइनलमा उसको प्रतिद्वन्द्वी फेरि एकपटक अस्ट्रेलिया थियो । उक्त खेलमा पनि टिमको प्रदर्शन फेरि एकपटक निकै मजबुत रह्यो । डिफेन्डिड च्याम्पियनविरुद्ध इंग्ल्यान्डको जित एकपक्षीयजस्तै थियो । यो खेलपछि अस्ट्रेलियाली कप्तान एरोन फिन्चले पनि माने, इंग्ल्यान्ड फाइनलका लागि पूरा हकदार छ । न्युजिल्यान्डविरुद्धको फाइनलमा इंग्ल्यान्डको प्रदर्शन कस्तो रह्यो, त्यो सबैका सामु छ र भन्न कर लाग्छ– इंग्ल्यान्डले पछिल्ला चार वर्षमा गरेको मेहनतले नै यो टिमलाई उपाधिको हकदार बनाएको हो ।

# न्युजिल्यान्डले मन जित्यो उपाधि जितेन

विश्वकप क्रिकेट-२०१९ को फाइनल नतिजाले भन्ने छ, न्युजिल्यान्डले यो खेल गुमाएन, तर पराजित नहुँदा पनि न्युजिल्यान्डले उपाधि भने जित्न सकेन । यस पटकको विश्वकपलाई न्युजिल्यान्डको दृष्टिकोणबाट यसरी नै सम्झिनेछ । कप्तान केन विलियम्सले प्रतियोगितालाई लिएर अन्त्यमा भनेको भनाइले नै धेरै कुरा प्रस्ट पार्छ । केनले भनेका छन्, 'हामीले जे जति पायौं, त्यसमै खुसी रहौं । सबै कुरा हामीले चाहे जस्तो मात्र कहाँ हुन्छ र ?'

विश्वकपको समाप्तिमा धेरैको एउटै मत छ, न्युजिल्यान्ड वास्तवमै दुर्भाग्यशाली रह्यो, तर उसले प्रतिस्पर्धाका क्रममा सबैको मन जित्यो । अबका दिनमा अधिकांश क्रिकेट प्रेमीको मनको कुनै न कुनै कुनामा न्युजिल्यान्डप्रति समर्थन वा सहानुभूति रहनेछ । विश्वकप सुरु हुनुअघि धेरैको अनुमान थियो, प्रतियोगिताको सेमिफाइनलमा आयोजक इंग्ल्यान्ड, डिफेन्डिड च्याम्पियन अस्ट्रेलिया र बलियो भारत पुग्नेछन् । आखिर भयो पनि त्यस्तै ।

यसमा एउटा टिम अझै आउँथ्यो र त्यो कुन हुनेछ ? धेरैको अनुमान थियो, त्यो न्युजिल्यान्डनै हुनेछ । न्युजिल्यान्डलाई लिएर गरिएको अनुमान पनि सत्य सावित भयो । न्युजिल्यान्ड यो विश्वकपको अन्डर डग टिम थियो र उसको प्रदर्शन त्यस्तै रह्यो । विलियम्सकै शब्दमा भन्दा न्युजिल्यान्डले प्रतियोगितामा जसरी खेल्यो, जे जस्तो उपलब्धि हात पार्न सक्यो, त्यसमा गर्व नै गर्नुपर्छ । उसले उपाधि मात्र जित्न सकेन, किनभने प्रतियोगितामा केही नियम निकै निर्दयी थिए ।





प्रतियोगितामा यसपटक सबैभन्दा राम्रो सुरुवात लिने कुनै टिम थियो भने त्यो न्युजिल्यान्ड नै थियो । न्युजिल्यान्डको सुरुवात सनसनीपूर्ण रह्यो । उसले सुरुमै श्रीलंका, बंगलादेश, अफगानिस्तान, दक्षिण अफ्रिका तथा वेस्ट इन्डिजलाई लगातार हराएर आफ्नो स्थिति मजबुत बनाएको थियो । त्यस्तो स्थितिमा न्युजिल्यान्ड सेमिफाइनल पुग्ने निश्चित देखिएको थियो, तर टिमका लागि त्यस्तै सजिलो स्थिति भने रहेन र आखिरमा टिम नेट रन रेटका आधारमा मात्र अन्तिम चारमा पुग्न सक्यो ।

न्युजिल्यान्ड पाकिस्तानको हातबाट पराजित भएपछि उसले लिग चरणमा कुनै पनि खेल जित्न सकेन् । त्यसयता उसले अस्ट्रेलिया र इंग्ल्यान्डविरुद्धको खेल पनि गुमायो । लिग चरणको अन्तिम तालिकामा न्युजिल्यान्ड र पाकिस्तान समान ११ अंकमा रहे, तर न्युजिल्यान्ड नेट रनरेटका आधारमा चौथो स्थानमा रहन सफल भयो । यस अर्थमा न्युजिल्यान्डका लागि सेमिफाइनल पुग्नु पनि भाग्यले साथ दिनु जस्तै रह्यो, जुन फाइनलको हकमा लागू भएन ।

चार वर्ष अघिको विश्वकप-२०१५ मा पनि फाइनल खेलेको न्युजिल्यान्डका लागि फेरि दोहोऱ्याएर उपाधि भिडन्तमा पुग्नु पनि आफैमा ठूलो उपलब्धि थियो । यसपटकको सेमिफाइनलमा भारतमाथि न्युजिल्यान्डको जित आफैमा सम्झनालायक रह्यो । भारत लिग चरणको समाप्तिमा सबैभन्दा बलियो टिम सावित भएको थियो । त्यसमै टेकेर भारतले अंक तालिकाको शीर्ष स्थान हात पारेको थियो, तर भारत न्युजिल्यान्डको हातबाट माथ खान बाध्य भयो ।

# चम्किएका शीर्ष खेलाडी









विश्वकपजस्तो ठूलो प्रतियोगिता खेलाडीका लागि उपाधि जित्ने मात्र नभएर आफ्नो अब्बल दर्जाको व्यक्तिगत प्रदर्शनमा पनि केन्द्रित हुन्छ। यसमा सबै सफल भने हुँदैनन्, जो चम्कन्छन्, तिनको प्रदर्शनलाई लामो समयसम्म सम्झनामा राखिन्छ।

**रोहित शर्मा, भारत**

भारतका ३२ वर्षीय प्रारम्भिक ब्याट्सम्यान रोहित शर्मा यसपटक निकै चम्किए। उनी एउटै संस्करणको विश्वकपमा पाँचवटा शतक बनाउने पहिलो खेलाडी पनि भए। त्यसमध्ये तीन शतक लगातार इंग्ल्यान्ड, बंगलादेश तथा श्रीलंकाविरुद्ध रह्यो। शर्मा नै यो प्रतियोगितामा सर्वाधिक रन बटुल्ने खेलाडी पनि हुन्, जसको ब्याटबाट ९ खेलमा ६ सय ४८ रन निस्कियो। शर्मा एउटै विश्वकपमा सचिन तेन्दुलकरले बनाएको ६ सय ७३ रनको कीर्तिमानबाट केही रनले मात्र तल रहे।

**जेसन रोय, इंग्ल्यान्ड**

इंग्ल्यान्ड आफ्नो प्रारम्भिक आक्रमक ब्याट्सम्यान जेसन रोय विना कमजोर नै देखियो। रोयले चोटका कारण तीन खेल गुमाए र ती तीन खेलमै इंग्ल्यान्डको प्रदर्शन कमजोर रह्यो। जेसनले ६३ दशमलव २८ को औसतले ४ सय ४३ रन बनाए र उनकै प्रदर्शनको मद्दतले इंग्ल्यान्डको प्रदर्शन मजबुत साबित भयो। रोय चोटबाट मुक्त हुँदै जुन-जुन खेलमा फर्किए, ती सबैमा इंग्ल्यान्डको प्रदर्शन उच्च रह्यो। पछिल्ला चार वर्षमा उनको खेलको विशेषता नै हो– सुरुदेखि नै आक्रमक रहने।

**डेभिड वार्नर, अस्ट्रेलिया**

विश्वकपको इतिहासमै कुनै एक संस्करणमा चार जना अस्ट्रेलियाली खेलाडीले ५ सयभन्दा बढी रन बनाएका छन् र त्यसमा यसपटक त्यस्तो उपलब्धि हात पार्ने ब्याट्सम्यान रहे– डेभिड वार्नर पनि। यस्तो उपलब्धि यसपटकका कप्तान एरोन फिन्चसँगै म्याथ्यु हेडन र रिकी पोन्टिङको नाममा छ। बल टेम्परिङ विवादमा फसेको एक वर्षपछि अस्ट्रेलियाली टिममा फर्किएका यी ३२ वर्षीय ब्याट्सम्यानले ६ सय ४७ रन बनाए। वार्नरले बंगलादेशविरुद्ध १ सय ६६ रन बनाएका थिए।

**साकिब अल हसन, बंगलादेश**

सेमिफाइनल पुग्न सफल चार टिमलाई छाडेर अरू टिमका खेलाडीमध्ये सबैभन्दा सफल र चर्चा बटुल्न सफल खेलाडी हुन्– साकिब अल हसन। यी अलराउन्डरको प्रदर्शनको मद्दतले बंगलादेश एक समय अन्तिम चारका लागि मजबुत प्रत्याशी साबित हुँदै थियो। तेस्रो नम्बरमा ब्याटिङ गर्ने साकिब यसपटक ब्याट र बल दुवैमा चम्किए। उनले कुल ६ सय ६ रन बनाए भने आफ्नो स्पिन बलिङ आक्रमणको मद्दतले ११ विकेट लिए।

**केन विलियम्सन, न्युजिल्यान्ड**

विश्वकप-२०१९ को सबैभन्दा ठूला खेलाडी रहे, न्युजिल्यान्डका केन विलियम्सन। उनको ब्याटबाट यसपटक ५ सय ७८ रन निस्कियो र यसमै टिकेर न्युजिल्यान्डले फाइनलसम्मको यात्रा तय गर्‍यो। जतिबेला न्युजिल्यान्ड संकटमा जस्तो देखिन्थ्यो, ठीक त्यही बेला केनले निर्णायक इनिङ्स खेले। त्यसैले उनी प्रतियोगिताकै 'म्यान अफ द टुर्नामेन्ट' समेत रहे।

**बेन स्टोक्स, इंग्ल्यान्ड**

बेन स्टोक्स विश्वकप फाइनलका 'म्यान अफ द म्याच' हुन्। बेनले फाइनलमा नटआउट रहँदै ८४ रन बनाए र उनकै प्रदर्शनको मद्दतले इंग्ल्यान्ड खेलमा फर्कन सफल भएको थियो। बेनले पाँचौं क्रममा आएर बहुमूल्य ८४ रन बनाए। समग्रमा उनले ४ सय ६५ रन बनाएका थिए। यस अर्थमा उनी यो विश्वकपमा सर्वाधिक रन बनाउने खेलाडीमध्ये पाँचौं स्थानमा छन्। बेन उत्तिकै गतिला अलराउन्डर पनि हुन र उनले प्रतियोगितामा ७ विकेट लिएका थिए।

**मिचेल स्टार्क, अस्ट्रेलिया**

मिचेल स्टार्क यो विश्वकपमा सबैभन्दा बढी विकेट लिने बलर हुन्। बायाँ हाते तीव्र गतिको बलिङको मद्दतले स्टार्कले २७ विकेट लिए। यस क्रममा उनी एउटै संस्करणको विश्वकपमा सर्वाधिक विकेट लिने बलर साबित भए। यसअघि अस्ट्रेलियाकै ग्लेन म्याकग्राको नाममा एउटै विश्वकपमा २६ विकेट लिएको कीर्तिमान थियो। स्टार्ककै धारिलो बलिङको मद्दतले अस्ट्रेलिया अन्तिम चारमा पुग्ने पहिलो टिम भएको थियो।

# प्रतिष्ठा गुमाएका ठूला स्टार







**रासिद खान, अफगानिस्तान**

विश्वकप सुरु हुनुअघि बलरको वरियताको तेस्रो नम्बरमा थिए- रासिद खान। अफगानिस्तानका लागि यसपटकको विश्वकप बिर्सनलायक रह्यो, त्यसको कारण रासिदको खराब प्रदर्शन पनि रह्यो। अफगानिस्तानले सबै नौ खेल गुमायो र त्यसको एउटा प्रमुख कारण रासिदको बलिङ रह्यो। इंग्ल्यान्डका इओन मोर्गनले अफगानिस्तान विरुद्धको एउटै खेलमा १७ छक्का प्रहार गरे। उक्त खेलमा रासिद एक्लैले १ सय १० रन दिए। पूरा प्रतियोगितामा उनले ७ विकेट मात्र लिनसके।

**शोएव मलिक, पाकिस्तान**

पाकिस्तानी भेट्रान ब्याट्सम्यान शोएव मलिकका लागि पनि यसपटकको विश्वकप बिर्सनलायक रह्यो। मालिकले जम्मा तीन खेल खेल्ने मौका पाए। इंग्ल्यान्डविरुद्धको खेलमा ६ रन बनाएका शोएवले अस्ट्रेलिया र भारतविरुद्धको खेलमा त खाता पनि खोल्न सकेनन्। नतिजा कस्तो रह्यो भने विश्वकप टुंगिनु अघि नै उनले एक दिवसीय क्रिकेटबाट सन्यासको घोषणा गरे।

**हासिम अमला, दक्षिण अफ्रिका**

यसपल्टको विश्वकपमा सबैभन्दा खराब खेल्ने टिम रह्यो, दक्षिण अफ्रिका। स्टार ब्याट्सम्यान हासिम अमलाले पनि माने, दक्षिण अफ्रिकाले सक्ने जति पनि प्रदर्शन गर्न सकेन र त्यसका पछाडिको प्रमुख कारण अमलाकै खराब खेल रह्यो। अमलाले ७ खेलमा समग्रमा २ सय ३ रन मात्र बनाए। इंग्ल्यान्डविरुद्धको खेलमा उनी टाउकोमा चोट लागेर घाइते समेत भए।

**एन्जेलो म्याथ्युज, श्रीलंका**

एन्जेलो म्याथ्युजले भारतविरुद्धको खेलमा उत्कृष्ट १ सय १३ रन त बनाए, तर त्यति बेलासम्म श्रीलंका सेमिफाइनल नपुग्ने लगभग तय जस्तै भैसकेको थियो। बाँकी खेलमा भने उनले केही गर्न सकेनन्, ब्याट र बल दुवैबाट। म्याथ्युजलाई श्रीलंकाली क्रिकेटको अहिलेको पुस्ताका सबैभन्दा प्रभावशाली अलराउन्डर मानिन्छ। उनले ७ यसपटकको विश्वकपमा २ सय ४४ रन बनाए।

**मार्टिन गुप्टिल, न्युजिल्यान्ड**

न्युजिल्यान्ड विश्वकपको फाइनलमा प्रवेश गरे पनि टिमका एक स्टार खेलाडी भने नराम्रोसँग असफल भए र ती थिए- मार्टिन गुप्टिल। सन् २०१५ को विश्वकपमा खुबै चम्किएका गुप्टिल न्युजिल्यान्डको टिममा असफल हुने लगभग एक्ला खेलाडी हुन्। श्रीलंकाविरुद्धको पहिलो खेलमा उनले ७३ रन बनाए पनि त्यसपछिका खेलमा नराम्रोसँग असफल भए। सेमिफाइनल र फाइनलमा पनि उनको योगदान गतिलो रहेन्।

## तथ्यांकमा विश्वकप

**सबैभन्दा धेरै रन बनेको खेल**

यो विश्वकपमा बंगलादेश र अस्ट्रेलियाबीच लिग चरणमा भएको खेलमा सबैभन्दा बढी रन बन्यो। उक्त खेलमा दुवै टिमका तर्फबाट ७ सय १५ रन बनेको थियो जसमध्ये अस्ट्रेलियाले ५ विकेटमा ३ सय ८१ र बंगलादेशले ८ विकेटमा ३ सय ३३ रन बनाएको थियो।

**सबैभन्दा धेरै रन**

यो विश्वकपमा बढी एउटा टिमले बनाएको सबैभन्दा धेरै रन ६ विकेटमा ३ सय ९७ रन थियो, जुन इंग्ल्यान्डले अफगानिस्तानविरुद्ध बनाएको थियो। उक्त खेलमा अफगानिस्तानले ८ विकेटमा २ सय ४७ रन बनाएको थियो र त्यो नै सबैभन्दा ठूलो अन्तरको हारजितको खेल पनि रह्यो।

**सबैभन्दा धेरै शून्य रन**

यो विश्वकपमा ११ जना खेलाडी २-२ पटक शून्यमै आउट भए। उनीहरू हुन्- श्रीलंकाका मुआन प्रदिप्त र एन्जेलो मेथ्युज, पाकिस्तानका शोएव मल्लिक र फखर जमान, इंग्ल्यान्डका मार्क उड र जोनी बेयरस्टो, दक्षिण अफ्रिकाका इमरान ताहिर, बंगलादेशका मुस्तफिजुर रहमान, अफगानिस्तानका मुजिबउर रहमान, अस्ट्रेलियाका मार्कस स्टोइनिस तथा न्युजिल्यान्डका मार्टिन गुप्टिल।

**सबैभन्दा धेरै क्याच**

यो विश्वकपमा फिल्डिङ गर्ने क्रममा सबैभन्दा धेरै क्याच इंग्ल्यान्डका जोय रुटले समातेका थिए। उनले ११ खेलमा १३ क्याच समाते, जसमध्ये ३ वटा क्याच एउटै खेलमा समातिएको थियो। त्यसैगरी एउटै खेलमा सबैभन्दा धेरै क्याच इंग्ल्यान्डका जोनी बेयरस्टो र क्रिस वोक्स दुवैले एउटा खेलमा ४-४ वटा क्याच समातेका थिए।

**सबैभन्दा धेरै डिसमिस**

यो विश्वकपमा विकेटको पछाडि बसेर सबैभन्दा बढी खेलाडीलाई आउट गर्ने विकेट किपर न्युजिल्यान्डका टम लाथम हुन्। उनले २१ जना खेलाडीलाई आउट गर्न सघाएका थिए।

# भविष्यका चार स्टार

यसपटकको विश्वकपमा पुराना केही स्टारले आफ्नो प्रतिष्ठा अनुसार खेले । केहीले भने आफूप्रति गरिएको आशा-अपेक्षाअनुसार खेल्न सकेनन् । यसपल्टको विश्वकपबाट त्यस्ता केही नयाँ खेलाडी पनि देखिए, जसले अब आउने दिनमा विश्व क्रिकेटमा तहल्का मच्चाउन सक्छन् ।

**निकोलस पुरन, वेस्ट इन्डिज**

वेस्ट इन्डिजका लागि सर्वाधिक रन बनाउने खेलाडीमध्ये एक रहे- निकोलस पुरन । त्यसैले पनि उनलाई क्यारेबियन क्रिकेटको भविष्य मान्न पनि थालिएको छ । पुरन विश्वकपमा डेब्यु गर्ने क्रममा सुरुवाती खेलमा शून्यमा आउट भए तर उनले हरेस खाएनन र पूरा प्रतियोतिगामा ३ सय ६७ रन बनाए । पुरनले नौ खेलमा ५२ दशमलव ४२ को औसत पनि राखे । पुरन वेस्ट इन्डिजको यू-१९ टिमबाट माथि उक्लिएका खेलाडी हुन् र त्यति बेलादेखि नै उनीबाट ठूलो अपेक्षा सुरु भएको थियो ।

**साहिन अफ्रिदी, पाकिस्तान**

यसपल्टको विश्वकप पाकिस्तानी पेसम्यान साहिन साह अफ्रिदीका लागि गज्जब कै रह्यो । अफ्रिदीको खेलबाट पाकिस्तानका पूर्व स्टार वासिम अक्रम यति धेरै प्रभावित भए कि उनले घोषणा नै गरे– यिनै खेलाडीले अबको पाकिस्तानी क्रिकेटलाई अघि बढाउने छन् । बंगलादेशविरुद्ध लर्डसमा भएको खेलमा अफ्रिदीले ३५ रन दिएर ६ विकेट लिए र यो विश्वकपमा कुनै पनि बलरको व्यक्तिगत प्रदर्शनमध्ये उत्कृष्ट हो । अफ्रिदी विश्वकपमा पाँच विकेट लिने सबैभन्दा कम उमेरका खेलाडी पनि हुन्, १९ वर्ष, ९० दिनमा ।

**अभिस्का फर्नान्डो, श्रीलंका**

सन् १९९६ को विश्वकप विजेता श्रीलंकाका लागि यसपल्टको विश्वकप खासै सम्झना लायक रहेन् । यद्यपि प्रतियोगिताका क्रममा यस्ता केही खेलाडी पनि देखिए, जसले श्रीलंकाली क्रिकेटको आशा जगाइराख्नेछन् । यस्तै खेलाडी हुन्, अभिस्का फर्नान्डो । २१ वर्षका अभिस्काले चार खेलमा २ सय ३ रन बनाए । त्यसमध्ये उनले वेस्ट इन्डिजविरुद्ध १ सय ४ रन बनाए । यस्तै इंग्ल्यान्डविरुद्ध प्राप्त जितमा पनि उनले ४९ रनको योगदान दिए ।


निकोलस पुरन

**जोफ्रा आर्चर, इंग्ल्यान्ड**

यो विश्वकपमा चम्कने युवा खेलाडीमध्ये सबैभन्दा ठूला स्टार हुन्– इंग्ल्यान्डका जोफ्रा आर्चर । उनले विश्वकपको फाइनलमा इंग्ल्यान्डका लागि सुपर ओभर पनि फ्याले । यसपल्टको विश्वकप आर्चरले खेलेको पहिलो ठूलो प्रतियोगिता पनि थियो । भर्खर २४ वर्ष पुगेका आर्चर यही विश्वकपबाट इंग्ल्यान्डका लागि खेल्न योग्य भएका थिए । उनको गति जति राम्रो छ, त्यसमा उत्तिकै सटिकता पाइन्छ । इंग्ल्यान्डले विश्वकप जित्नु पछाडिको 'एक्स फ्याक्टर' नै जोफ्रालाई मानिन्छ । आर्चरको जन्म भने बारबाडोसमा भएको थियो, तर बेलायती पिताका कारण उनले इंग्ल्यान्डबाट खेल्ने अवसर प्राप्त गरे ।


अभिस्का फर्नान्डो


जोफ्रा आर्चर


साहिन अफ्रिदी

# विश्वकपमा बनेका कीर्तिमान



### सर्वाधिक रन

रोहित शर्माले नौ खेलमा ८१ को औसतले ६ सय ४८ रन बनाए । त्यसमा ६७ चौका तथा १४ छक्का सामेल छन् । डेविड वार्नर ६ सय ४७ रन बनाउँदै दोस्रो स्थानमा रहे ।

### सर्वाधिक विकेट

अस्ट्रेलियाका बायाँ हाते पेसर माइकल स्टार्क २७ विकेट लिएर सर्वाधिक सफल बलर सावित भए । उनले १० खेल खेल्दै दुई अवसरमा एकै खेलमा चार विकेट तथा दुई अवसरमै एकै खेलमा पाँच विकेट लिए ।

### उत्कृष्ट खेलाडी

केन विलियम्सले प्रतियोगिताकै उत्कृष्ट खेलाडी हुँदै ५ सय ७८ रन बनाए । यो प्रतियोतिगाका क्रममा उनको कप्तानीको उत्कृष्ट नमुना पनि देखियो ।

### व्यक्तिगत स्कोर

अस्ट्रेलियाली प्रारम्भिक ब्याट्सम्यान डेविड वार्नरले बंगलादेशवविरुद्ध बनाएको १ सय ६६ रन यो विश्वकपमा बनेको व्यक्तिगत उच्च स्कोर रह्यो । डेबिडले १ सय ४७ बलको सामना गरेर १४ चौका तथा ६ छक्का प्रहार गरे । त्यसलाई पछ्याउँदै इंग्ल्यान्डका जेसन रोय र अस्ट्रेलियाकै एरोन फिन्चले समान १ सय ५३ रन बनाएका थिए ।

### सर्वाधिक छक्का

इंग्ल्यान्डका कप्तान इओन मोर्गनले सर्वाधिक २२ छक्का प्रहार गरे । अफगानिस्तानविरुद्धको खेलमा उनले एक्लै १७ छक्का प्रहार गरे । एउटै खेलमा कुनै पनि खेलाडीले यति धेरै छक्का प्रहार गरेको यो पहिलो अवसर थियो ।

### सर्वाधिक चौका

भारतका रोहित शर्माले प्रतियोगिताका क्रममा सर्वाधिक ६७ चौका प्रहार गरे र त्यसका लागि उनले नौ खेल खेले । इंग्ल्यान्डकै जोनी बियरस्टोले ११ खेलमा त्यत्तिकै चौका प्रहार गरेका थिए ।

### सर्वाधिक शतक

भारतका रोहित शर्माले नै यो विश्वकपमा सर्वाधिक शतकको कीर्तिमान बनाए । उनले एउटै संस्करणको विश्वकपमा पाँचवटा शतक बनाए । त्यसक्रममा शर्माले सन् २०१५ को विश्वकपमा कुमार संगकराले बनाएको चारवटा शतकको कीर्तिमानलाई उछिने ।



जाँदा-जाँदै

# सोसल मिडिया समयको बर्बादी मात्र



२०१२ देखि रक गायनमा लागेकी सुजिना श्रेष्ठ आफैं गीत लेख्नुका साथै कम्पोजसमेत गर्छिन् । उनले पहिलो पटक रक शैलीमा बाउको सम्पत्ति गाएकी थिइन् । स्टेज शोमा धेरैबाट रुचाइएकी सुजिनाले अस्ट्रेलियामा समेत प्रस्तुति दिइसकेकी छिन् भने अहिले उनी यूकेको कार्यक्रमका लागि तयारी गर्दैछिन् ।

**रक गायनबाट सुरुवात गरेर कभर गीततिर मोडिनुभएछ नि ?**
रक गायन नै मेरो शैली हो, तर विगत तीन वर्षदेखि आरर्बिटेरी च्यानलसँग अनुबन्धित भएकाले केही कभर गीत पनि गाएँ, साथसाथै आफ्नै गीत पनि गाइरहेकी छु ।

**अहिले रक गायनको माहौल कस्तो छ ?**
अहिले रकको मात्र होइन पप, आधुनिक, सुफी, क्लासिकल कसैको पनि समय राम्रो देख्दिनँ । यद्यपि घुम्दै-फिर्दै फेरि हाम्रो समय आउँछ भन्ने आशा छ ।

**कसरी रकतिर आकर्षित हुनुभयो ?**
हुन त मेरो परिवार सुफीको फ्यान हो, म पनि खुबै सुन्थें, तर स्कुलमा साथीहरूले रक गीत सुनाउँदा सार्है खतरा लाग्थ्यो । त्यही क्रममा म नजादिंदो तरिकाले रकतर्फ आकर्षित भएँ । हुन त सुफी सुन्न मन लाग्छ तर मेरो स्वर अलि मोटो भएकाले पनि होला रक शैली नै चुनें ।

**आफैं गीत लेख्ने, संगीत भर्ने अनि गाउने काम गर्नुहुन्छ ? किन अरूको गीत नगाएको ?**
सुरुदेखि नै म आफैं गीत लेख्थें, त्यसमा संगीत दिएर गाउने बानी भयो । यसरी आफैं गर्दा आफूले सोचे वा खोजेजस्तो सिर्जना आइरहेको छ । यद्यपि अरूको गीत-संगीतमा पनि गाउनु पर्छ भन्ने पनि लागिरहेको छ ।

**तपाईं बढी कस्ता गीत गाउनुहुन्छ ?**
अल्ट्नेटिभ रक बढी गाउँछु । म बढी सेन्टिमेन्टल टचका गीत कम्पोज गर्छु । मेरा गीतहरू विकृति तथा समस्याहरूलाई उजागार गर्ने खालका छन् । जस्तै बाउको सम्पत्ति, को हुँ म, हराएको मान्छे जस्ता गीत समाजका समस्या उजागार गर्न तयार पारिएको हो ।

**तपाईंका गीतमा मानसिक समस्यालाई बढी प्राथमिकता दिएको पाइन्छ । त्यसको कुनै कारण छ कि ?**
अहिले धेरैमा मानसिक समस्या, डिप्रेसन आदि देख्छु । म आफैं पनि साइकोलोजीकी छात्रा हुँ । अहिलेको शताब्दीको सबैभन्दा ठूलो समस्या नै मानसिक समस्या हो, यसमा सबैलाई काउन्सिलिङ जरुरी छ । त्यही भएर मेरा केही गीत मानसिक समस्यासँग जोडिएका छन् ।

**सोसल मिडियालाई कति समय दिनुहुन्छ ?**
सोसल मिडियामा पटक्कै मन जाँदैन । समय अनुसार अपडेटका लागि मात्र चलाउँछु । यस्तो लाग्न थालेको छ, यदि यी सोसल मिडिया नहुने हो भने कति राम्रा-राम्रा सिर्जना होलान् ? हामीले यसमा समय मात्र बर्बाद गरिरहेका छौं । यसमा अरूलाई देखाउनु मात्र छ आफ्ना लागि कुनै उपलब्धिमूलक कुरा देख्दिनँ ।

**मनपर्ने गायक-गायिका ?**
राहत फतेह अलि खा, कैलाश खेर, इक्युवस, थ्रीडेज ग्रेस, अबल्राटस तथा आस्था तामाङ मास्के ।

**तपाईंका प्रशंसकहरू बढी कुन उमेरका छन् ?**
१४ देखि २७ वर्ष सम्मका बढी छन् ।

**भविष्यका योजना ?**
मायाप्रेमका गीत तयार गर्नेछु । मेरो युट्युब च्यानलवाट आएको रोयल्टीबाट सडकमा अलपत्र कुकुरहरूका लागि काम गर्छु भने साइकोलोजीमा पीएचडी गर्ने सपना पनि छ ।

**यति राम्री हुनुहुन्छ, तपाईंको सुन्दरताको रहस्य के होला ?**
म आफ्नो स्किनलाई एकदमै माया गर्छु । म नेपालकै ह्यान्डमेड प्रोडक्ट मात्र प्रयोग गर्छु । कुनै पनि केमिकल स्किनमा पर्न दिएकी छैन । घरको भान्सामा पाइने सामग्रीहरूबाटै स्किनको ट्रिटमेन्ट गर्छु ।

प्रस्तुति : सिर्जना दुवाल

# एक घण्टाको बीचमा दम्पतीको मृत्यु



सँगै मर्ने र सँगै बाँच्ने वाचा गरेर वैवाहिक सम्बन्धमा बाँधिएका अधिंकाश जोडीको एउटै सपना हुन्छ- सँगसँगै मर्न पाऊँ अनि सँगसँगै बाँच्न पाऊँ, यद्यपि त्यस्तो संयोग बिरलैको भागमा मात्र पर्छ । इटहरीमा भने यस्तै संयोग मिलेको छ । श्रीमान् र श्रीमतीको एकै दिन एक घण्टाको फरकमा मृत्यु भएको छ । इटहरी उपमहानगरपालिका-१३, खनारकी ७८ वर्षीया नर्बदा भट्टराईको मंगलबार साँझ पौने ७ बजे मृत्यु भएको थियो ।

श्रीमतीको मृत्युको शोकमा परेका उनका पति ८६ वर्षीय टीकाप्रसाद भट्टराईको पनि एक घण्टापछि हृदयाघात कारण मृत्यु भएको आफन्तहरूले बताएका छन । श्रीमान्-श्रीमती दुवै जनाको एकै दिन मृत्यु भएपछि स्थानीय बासिन्दाहरूले 'मृत्यु राम्रो भएको' भन्दै दुवै शवलाई नगरपरिक्रमा समेत गराएका थिए । बुधबार, इटहरी-४ स्थित बूढीखोलामा एउटै चितामा राखेर भट्टराई दम्पतीको दाहसंस्कार गरिएको छ ।

नरेन्द्र बस्नेत






कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स : ९७७-१-५१३५००१, email:saptahik@kmg.com.np
दर्ता नं. ९९/०५१/५२, म.क्षे.हु.नि.द.न.४/५२/५३ सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित । अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया**, प्रधान सम्पादक : **सुवास ढकाल** ।